बालमैत्री स्थानीय शासन
Child Friendly Local Governance

# नेपालमा बालमैत्री स्थानीय शासनको अवस्था र भावी कार्यदिशा

## अध्ययन प्रतिवेदन



# नेपालमा बालमैत्री स्थानीय शासनको अवस्था र भावी कार्यदिशा

अध्ययन प्रतिवेदन

२०८२

**पुस्तकको नाम :**

**नेपालमा बालमैत्री स्थानीय शासनको अवस्था र भावी कार्यदिशा प्रतिवेदन**


**अध्ययन तथा लेखन :**

दिपेश कुमार घिमिरे (पिएचडी)

देवकी आचार्य (पिएचडी)

अशोक खनाल

**अध्ययन सहयोगी :**

तिलोत्तम पौडेल

श्याम अधिकारी

प्रमिल अधिकारी (अधिवक्ता)

विष्णु माया गुरुङ



**प्रकाशक:**

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च (सचिवालय: जागृति बाल तथा युवा सरोकार नेपाल)

प्रकाशन सहयोगी: वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

प्रकाशन प्रति: १५० प्रति

प्रकाशन मिति: २०८२

डिजाईन तथा प्रिन्ट : क्रिएटिभ क्रिएसन्स एण्ड मिडिया प्रा. लि.

काठमाडौं, नेपाल ९७७ ९८६६०५०२६६

9789937191586

ISBN

# कार्यकारी सारांश

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूले बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारले अघि सारेको बालमैत्री स्थानीय शासनको अवधारणा अत्यन्त सान्दर्भिक र व्यवहारिक नीति अगाडि आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई बाल अधिकार को संरक्षण, प्रवर्द्धन र संवर्धनको सुनिश्चितता गर्न शासकीय प्रणालीमा बालबालिकाको अर्थपूर्ण सहभागिताको प्रबन्ध मिलाउनु पर्ने दायित्व निर्धारण गरेको छ ।

स्थानीय तहहरूले बालमैत्री स्थानीय शासनको अवधारणाको अवलम्बन, अभ्यास र कार्यान्वयनको लागि अभियान सञ्चालन गरिरहेका छन् । धेरै स्थानीय तहहरूले बालबालिकालाई लक्षित नीति, कार्यक्रम र बजेट व्यवस्था गर्न थालेका छन् भने योजना निर्माण गर्दा पनि बालभेला मार्फत् आएका योजनालाई नै प्राथमिकता दिने प्रचलन सुरुवात भएको छ । बालमैत्री शासन, पोषणमैत्री, बालविवाह मुक्त, बालश्रममुक्त, बालक्लब गठन लगायतका अभियानहरूले बालबालिकाका सवाललाई स्थापित गर्न स्थानीय स्तरसम्म संयन्त्र निर्माण भएको छ । यद्यपि यी प्रयासहरू सबै स्थानीय तहमा समान रूपमा कार्यान्वयन हुन सकेको भने छैन । केही स्थानीय तहहरूमा स्रोत, क्षमता, नेतृत्व र सहभागी संरचनाको अभावका कारण बालमैत्री स्थानीय शासनसँग सम्बन्धित कार्यक्रमहरू आंशिक रूपमा मात्र सञ्चालन भएका छन् वा सञ्चालनको कुनैपनि सुरुवात नै भएको छैन ।

बालमैत्री स्थानीय शासनको व्यवहारिक कार्यान्वयनको क्रममा विभिन्न संरचनागत र कार्यगत चुनौतीहरू देखिएका छन् । सबैभन्दा ठूलो चुनौती भनेको स्रोतको अभाव रहेको छ । धेरै स्थानीय तहमा बालमैत्री कार्यक्रम सञ्चालन गर्न आवश्यक वित्तीय बजेट, पूर्वाधार र दक्ष जनशक्ति उपलब्ध छैन । यस्तै, जनप्रतिनिधि र कर्मचारीहरूमा बाल अधिकारसम्बन्धी आवश्यक ज्ञान र तालिमको अभाव, तथ्याङ्क अभिलेखीकरण र डिजिटल प्रणालीको कमजोरी,  स्पष्ट समन्वय संयन्त्रको अभावले कार्यक्रमको प्रभावकारितामा बाधा पुगेको छ ।

नेपालको सङ्घीय संरचना कार्यान्वयनसँगै स्थानीय सरकारलाई बाल अधिकार प्रवर्द्धनमा अधिकार र स्वायत्तता दिइए तापनि नीति र व्यवहारका सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धमा समन्वयको कमी, सामाजिक-सांस्कृतिक अवरोधहरू तथा सामुदायिक जनचेतनाको अभावले बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा कठिनाइ देखिएको छ । अझै पनि बालविवाह, बालश्रम, लैङ्गिक भेदभाव, बालबालिकामाथि हुने हिंसा र बालअधिकार उल्लङ्घनजस्ता विकृत परम्पराहरूले बाल अधिकारको संरक्षणलाई चुनौती दिइरहेका छन् ।

यद्यपि, यस्ता चुनौतीहरूका बीचमा पनि केही सकारात्मक अभ्यास र सिकाइहरू पनि देखिएका छन् । कतिपय स्थानीय तहहरूले बालमैत्री अवधारणालाई नीति, कार्यक्रम र बजेटमा प्राथमिकता दिएर सफल अभ्यासहरू स्थापना गरेका छन् । बाल भेला, बाल स्रोत केन्द्र, समुदाय-विद्यालय साझेदारी, अभिभावक संवाद कार्यक्रमहरू र नागरिक समाजको सहकार्यबाट नीति निर्माणमा बालबालिकाको आवाज समावेश गरिएको छ । यसले बालमैत्री शासनलाई जीवन्त अभ्यासका रूपमा स्थापित गर्न प्रेरणा दिएको छ ।

यस अध्ययन गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । यस अध्ययनले नेपालमा बालमैत्री स्थानीय शासनको

वर्तमान अवस्था र भावी कार्यदिशा बुझ्न विभिन्न विधिहरूको प्रयोग गरेको छ। अध्ययनमा बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, ऐन, नीति, कार्यविधि तथा कार्यक्रम दस्तावेजहरूको गहन समीक्षा गरिएको छ। यसैगरी देशभरका सातवटै प्रदेशबाट जनप्रतिनिधि, कर्मचारी, बाल अधिकारकर्मी, गैरसरकारी संस्था प्रतिनिधि लगायत २१ जना प्रमुख सूचनादातासँग अर्ध-संरचित अन्तर्वार्ता लिइएको छ। साथै, बालक्लबका सदस्य, शिक्षक, अभिभावक र महिला समूहको सहभागितामा तीनवटा समूह केन्द्रित छलफल सञ्चालन गरिएको छ । देशभरका १० वटा स्थानीय तहमा स्थलगत अवलोकन गरी बालमैत्री संरचना, कार्यक्रम र अभ्यासको प्रत्यक्ष मूल्याङ्कन गरिएको छ । साथै, युनिसेफ, सेभ द चिल्ड्रेन र सरोकारवाला निकायका विभिन्न द्वितीयक स्रोत र प्रतिवेदनहरूको पनि विश्लेषण गरिएको छ। प्रदेशगत प्रतिनिधित्व सुनिश्चित गर्दै विभिन्न स्थानीय तहको छनोट गरी गहिरो अध्ययन गरिएको छ।

प्रतिवेदनले चार प्रमुख पक्षहरूको भूमिकालाई विशेष रूपमा उजागर गरेको छ । पहिलो सङ्घीय सरकारले कानुनी रूपान्तरण, बालमैत्री रणनीति अद्यावधिक, सशर्त अनुदान र कार्यसम्पादन बजेट प्रणाली र तालिम संयन्त्रमा ध्यान दिनुपर्ने देखिएको छ । दोस्रो प्रादेशिक सरकारले समन्वय केन्द्र स्थापना, बाल अधिकार स्रोत केन्द्र सञ्चालन, प्राविधिक टोली परिचालन, नमुना नगरपालिका घोषणा र सिकाइ प्रसारमा भूमिका खेल्नुपर्छ । तेस्रो स्थानीय सरकारले बाल अधिकारलाई आफ्नो नीति, योजना र बजेट लगायतका विषयका शासकीय प्रबन्धमा बालबालिकाको अर्थपूर्ण सहभागिता, अनुगमन, समावेशी संरचना र पूर्वाधार विकासमा अग्रसर हुनुपर्छ। चौथो नागरिक समाजले जनचेतना, बालक्लब सशक्तीकरण, अनुगमन, अपाङ्गता भएका बालबालिकाको सेवा तथा सामुदायिक संवाद कार्यक्रममा सहयोग पुऱ्याउनु आवश्यक छ।

बालमैत्री स्थानीय शासनको सफल कार्यान्वयन केवल सरकारको जिम्मेवारीमा सीमित नहुने, बरु बालबालिकासहित सम्पूर्ण समुदायको साझा प्रयासबाट मात्र सम्भव हुने देखिएको छ। यस सन्दर्भमा अबको बाटो भनेको बालमैत्री अवधारणालाई संविधान, नीति, कानुन र व्यवहारका सबै तहमा समेट्दै, स्रोतसाधन सुनिश्चित गर्दै, तालिम र जानकारी प्रवाहलाई बलियो बनाउँदै, सबै तहबीचको समन्वय र संवादलाई सुदृढ बनाउनु रहेको छ।

नेपाललाई वि.सं. २०८७ सम्म पूर्ण रूपमा बालमैत्री राष्ट्र बनाउने लक्ष्यप्रति प्रतिबद्ध रहँदै, अबका दिनहरूमा बालमैत्री स्थानीय शासनलाई संविधान सम्मत, समावेशी, दिगो र व्यवहारमैत्री बनाउन ठोस कार्ययोजना, स्पष्ट कार्यविभाजन र सशक्त सहकार्य प्रणाली आवश्यक छ । यो साझा प्रतिबद्धता र समन्वित प्रयासमार्फत मात्रै नेपालको हरेक बालबालिकाले सुरक्षित, समान र अधिकारसहितको जीवन यापन गर्न पाउने सुनिश्चितता हुन सक्छ। बालमैत्री शासन दिगो विकास, सामाजिक न्याय र लोकतान्त्रिक समावेशीताको मूल आधार बन्न सक्ने देखिन्छ।

# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल अधिकार महासन्धि १९८९ अनुसार १८ वर्ष उमेर पूरा नगरेका व्यक्ति बालबालिका हुन् । कुनैपनि बालबालिकालाई आमाको गर्भमा आएदेखिनै भेदभाव रहित ढंगबाट सुरक्षित रूपमा जन्मन पाउँने अधिकार छ । साथै, सुरक्षित रूपमा आमाको दुध, पोषणयुक्त खाना, खोप, स्याहार लगायत शिक्षा, स्वास्थ्य खेल, मनोरञ्जन, आराम, बाँच्नको लागि हौसला सहित नभई नहुने कुराहरू प्राप्त गर्न पाउनु पर्दछ । यसै गरी भेदभाव, तिरस्कार, श्रम शोषण, हेला, दुर्व्यवहार, यौन शोषण, बलात्कार, हिंसा, पिटाइ, अपहेलना, बेचबिखन, अपहरण, कुलत, विभेद, बालविवाह, परम्परागत हानिकारक अभ्यास, लगायतका कुराहरूबाट संरक्षित भई बाँच्न पाउनु बालबालिकाको अधिकार भित्र पर्दछ ।

नेपालमा सङ्घीय शासन प्रणाली लागू भएसँगै स्थानीय सरकारहरूलाई नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा अधिकार सम्पन्न बनाइएको छ । जसमा बालबालिकाको अधिकारको संरक्षण तथा प्रवर्द्धन पनि प्रमुख विषयका रूपमा अगाडि आएको छ । नेपालको संविधानले बाल अधिकारसँग सम्बन्धित विभिन्न महत्त्वपूर्ण कानूनी प्रावधानहरूको व्यवस्था गरेको छ ।

### नेपालको संविधानमा बाल अधिकारसँग सम्बन्धित मुख्य धारा तथा बालबालिकाको हक सम्बन्धी विषयहरू

| धारा-हक | मुख्य विषयवस्तु | अधिकार |
|---|---|---|
| धारा १८ | समानताको हक | सबै नागरिकलाई जाति, लिङ्ग, उमेर, वर्ग, धर्म, क्षेत्रको आधारमा समान अधिकारको सुनिश्चितता |
| धारा ३१ | शिक्षाको हक | प्रत्येक व्यक्तिलाई आधारभूत शिक्षा पाउने अधिकारको सुनिश्चितता |
| धारा ३८ | महिलाको हक | महिलाका समान अवसर, सम्मान र संरक्षण सम्बन्धी हकहरू |
| धारा ३९ | बालबालिकाको हक | बालबालिकाको पहिचान, नामाकरण सहित १० वटा उपधारामा बालबालिकाका मौलिक हकको व्यवस्था गरिएको छ । |
| धारा ४३ | सामाजिक सुरक्षाको हक | सामाजिक सुरक्षा र सुरक्षा कार्यक्रम मार्फत सबै नागरिकको संरक्षण |
| धारा ५१ राज्यका नीतिहरू | सामाजिक न्याय र समावेशीकरण | बलबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने नीति |

माथिको तालिकामा उल्लेख गरिएका संवैधानिक व्यवस्थाले बालबालिकालाई विशेष संरक्षण र प्रवर्द्धनको व्यवस्था गर्दै बालमैत्री समाज निर्माण गर्ने दिशामा स्पष्ट मार्गनिर्देशन प्रदान गरेको छ । जसमा प्रत्येक बालबालिकालाई नाम, पहिचान, नागरिकता, शिक्षा, स्वास्थ्य सेवा, पालनपोषण, बालश्रम तथा शोषणबाट मुक्ति, बाल यौन शोषण तथा दुर्व्यवहारविरुद्धको संरक्षण तथा बालमैत्री न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ ।

नेपालले **बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि** (Convention on the Rights of the Child-CRC) मा हस्ताक्षर गरी सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको थियो । यस महासन्धि अनुसार, बालबालिकाका प्रमुख अधिकारलाई चार भागमा विभाजन गरी बालबालिकाको बचाउ, विकास, संरक्षण र सहभागिताको अधिकारकालाई उल्लेख गरेको छ । यसै गरी महासन्धिले बाल अधिकारका आधारभूत चार सिद्धान्तहरू भेदभाव रहीत, सर्वोत्तम हित, आवाजको सुनुवाई तथा विचार र भावनाको कदर, दीर्घ जीवन र विकासका सिद्धान्तको व्यवस्था गरेको छ । नेपालले यस महासन्धिका प्रावधान तथा मापदण्डहरूसँग मिल्दोजुल्दो गरी राष्ट्रिय कानुनहरूका सन्दर्भमा पुरानाको संसोधन र नयाँ कानुन निर्माण गर्दै आएको छ । उदाहरणका लागि, **बालबालिका सम्बन्धी ऐन, २०७५** ले बालबालिकालाई सम्पूर्ण रूपमा संरक्षण गर्ने व्यवस्थालाई सुनिश्चित गरेको छ । यस ऐनले स्थानीय तहलाई बालमैत्री योजना, कार्यक्रम र सेवा प्रवाहमा भूमिका खेल्न कानुनी आधार प्रदान गरेको छ । यस ऐनमा बालबालिकाका २१ वटा मूलभूत अधिकारहरूको विषयहरूमा उल्लेख गरिएको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** अन्तर्गत स्थानीय तहहरूले बालबालिकासम्बन्धी नीति निर्माण, योजना निर्माण, कार्यक्रम सञ्चालन र अनुगमन गर्न सक्ने स्पष्ट व्यवस्था गरिएको छ । उक्त ऐन अनुसार, "बाल संरक्षण तथा विकास" स्थानीय तहको पूर्ण अधिकार क्षेत्रभित्र पर्छ । यसले स्थानीय तहलाई बालमैत्री नीति बनाउने, बालअधिकार प्रवर्द्धन गर्ने, विद्यालयमा पहुँच विस्तार गर्ने, पोषणयुक्त भोजनको व्यवस्था गर्ने, तथा बालबालिकामाथि हुने दुर्व्यवहारको निगरानी गर्ने जिम्मेवारी समेत रहेको उल्लेख गरेको छ ।

नेपाल सरकारले बालमैत्री स्थानीय शासनको अवधारणा अघि सारेको छ, जसको उद्देश्य परिवार, समुदाय, वडा हुँदै स्थानीय तहमार्फत नै बालबालिकाको अधिकार सुनिश्चित गर्नु रहेको छ । बालमैत्री स्थानीय शासन रूपान्तरण योजना अनुसार, स्थानीय सरकारहरूले बालबालिकाको अवस्था विश्लेषण गर्ने, उनीहरूको सहभागिता सुनिश्चित गर्ने, सेवा प्रवाह सुधार गर्ने र बालबालिकालाई प्राथमिकतामा राखी बजेट व्यवस्था गर्नुपर्ने हुन्छ ।

बालमैत्री स्थानीय शासनको अवधारणा नेपालमा बालबालिकाको अधिकार प्रवर्द्धन र संरक्षणका लागि स्थानीय तहहरूलाई सशक्त बनाउने उद्देश्यले विकास गरिएको हो । यस अवधारणाले बालबालिकाको अधिकारलाई स्थानीय शासन प्रणालीमा एकीकृत गर्दै बालबालिकाको जीवनस्तर उन्नयन गर्ने लक्ष्य राख्दछ । बालमैत्री स्थानीय शासन अवधारणाको विकास वि.सं. २०६० को दशकदेखि सुरु भएको देखिन्छ । बालमैत्री स्थानीय शासनसम्बन्धी नीतिगत व्यवस्था वि.सं. २०६८ सालमा भएको थियो । यद्यपी सो अगाडिदेखिनै विभिन्न स्थानीय निकायहरूमा बालमैत्री शासनका अभ्यासहरू भएका देखिन्छन् । यसक्रममा बालमैत्री स्थानीय निकाय, बालमैत्री विद्यालय, बालमैत्री गाउँ टोल लगायतका अभियानहरू सञ्चालन भएका थिए । यस अवधारणाले स्थानीय तहहरूमा बालबालिकाको अधिकारलाई प्राथमिकता दिँदै नीति, योजना, कार्यक्रम र बजेटमा बालबालिकाको हित सुनिश्चित

गर्ने उद्देश्य राख्दछ। बालमैत्री स्थानीय शासनको मुख्य उद्देश्यहरूमा बालबालिकाको सहभागिता, संरक्षण, विकास र समावेशिता सुनिश्चित गर्नु पर्दछ।

बालमैत्री स्थानीय शासन अवधारणाको कार्यान्वयनका लागि नेपाल सरकारले विभिन्न नीति, कार्यविधि र निर्देशिका तयार पारेको छ। बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले स्थानीय तहहरूलाई बालमैत्री कार्यक्रम सञ्चालन गर्न मार्गदर्शन प्रदान गर्दछ। यस निर्देशिकामा बालमैत्री स्थानीय शासनको घोषणा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका प्रक्रिया स्पष्ट रूपमा उल्लेख गरिएको छ। साथै नेपाललाई वि.सं. २०८७ सम्म बालमैत्री बनाउने लक्ष्य लिएको छ।

हाल नेपालका विभिन्न स्थानीय तहहरूमा बालमैत्री स्थानीय शासन अवधारणाको अवलम्बन, अभ्यास र कार्यान्वयन भइरहेको छ। बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चले अध्यावधिक गरिरहेको तथ्याङ्क अनुसार नेपाल सरकारको सङ्घीय संरचना सुरु भएदेखि वि.सं. २०८२ भाद्र अन्तिम सम्ममा २९ वटा स्थानीय तह र सय भन्दा बढी विभिन्न स्थानीय तहका वडाहरू बालमैत्री घोषणा भैसकेका छन्। स्थानीय तहहरूले बालमैत्री कार्यक्रम सञ्चालन, बालबालिकाको सहभागिता सुनिश्चित गर्ने, बाल अधिकार समितिहरू गठन गर्ने र बालमैत्री बजेट विनियोजन गर्ने कार्यहरू गरिरहेका छन्। यद्यपि, बालमैत्री स्थानीय शासन अवधारणाको कार्यान्वयनमा विभिन्न चुनौतीहरू पनि छन्। जसमा स्थानीय तहहरूमा जनशक्ति र स्रोतसाधनको अभाव, बालबालिकासम्बन्धी तथ्य तथ्याङ्क व्यवस्थापनको कमजोरी, बालबालिकाको सहभागिता सुनिश्चित गर्न कठिनाइ, अनुगमन र मूल्याङ्कन प्रणालीको अभाव जस्तो विषयहरू रहेका छन्।

यस्ता चुनौतीहरूको समाधानका लागि नेपाल सरकारले विभिन्न पहलहरू गरिरहेको छ। बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले स्थानीय तहहरूलाई बालमैत्री घोषणा गर्न आवश्यक मापदण्डहरू निर्धारण गरेको छ। साथै, स्थानीय तहहरूमा बालमैत्री कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन, जनशक्ति विकास र संस्थागत संरचना निर्माणका लागि सङ्घीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाहरूले सहयोग गरिरहेका छन्।

नेपालमा बालमैत्री स्थानीय शासनको वर्तमान अवस्था र भावी दिशाबारेको यस अध्ययन प्रतिवेदनले बालमैत्री स्थानीय शासन अवधारणाको व्यवहारिक कार्यान्वयनमा देखिएका प्रमुख चुनौतीहरू र समस्याहरूको पहिचान गर्ने प्रयास गरेको छ। यसले विगतका अनुभवहरू र सङ्कलित जानकारीलाई दस्तावेजीकरण गर्दै, भविष्यमा बालमैत्री स्थानीय शासनलाई कसरी प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट मार्गदर्शन प्रदान गर्ने उद्देश्य राखेको छ। विशेषतः यो प्रतिवेदनले निर्धारित समयसीमा अर्थात वि.सं. २०८७ साल भित्र बालमैत्री स्थानीय शासनको लक्ष्य प्राप्त गर्न आवश्यक रणनीतिहरू, सुधारका क्षेत्रहरू र सम्बन्धित निकायहरूको भूमिकालाई समेत उजागर गर्न अपेक्षा गरिएको छ।

## १.२ अध्ययनको उद्देश्यहरू

- बालमैत्री स्थानीय शासन कार्यान्वयनको वर्तमान अवस्थाको मूल्याङ्कन गर्नु,

- बालमैत्री स्थानीय शासनका बारेमा हालसम्मका उपलब्धि तथा असल अभ्यासहरूको पहिचान गर्नु,
- बालमैत्री स्थानीय शासनसँग सम्बन्धित विद्यमान नीतिगत र कानुनी व्यवस्थाको समीक्षा गर्नु,
- बालमैत्री स्थानीय शासन कार्यान्वयनको क्रममा देखिएका प्रमुख चुनौती तथा समस्याहरूको पहिचान र विश्लेषण गर्नु,
- बालमैत्री स्थानीय शासनसम्बन्धी नीति, कार्यक्रम तथा अभ्यासमा सुधारका लागि अध्ययनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी नीतिगत सिफारिसहरू प्रस्तुत गर्नु, साथै व्यवहारिक, सान्दर्भिक र कार्यान्वयन योग्य सिफारिसहरू प्रदान गर्नु ।

## १.३ अध्ययनको विधि

नेपालमा बालमैत्री स्थानीय शासनको वर्तमान अवस्था र भावी कार्यदिशा सम्बन्धी यो अध्ययन गुणात्मक विधि केन्द्रित अनुसन्धान हो । यस अध्ययनले सन्दर्भ विश्लेषण, सरोकारवालासँग अन्तर्क्रिया, प्रत्यक्ष अवलोकन र द्वितीयक स्रोतहरूको समीक्षाका माध्यमबाट तथ्य तथा तथ्याङ्क सङ्कलन र विश्लेषण गरेको छ । अध्ययनले बाल अधिकारको प्रवर्द्धन र स्थानीय शासन प्रणालीमा यसको संस्थागत समावेशीकरणको अवस्था बुझ्न बहुआयामिक दृष्टिकोण अवलम्बन गरेको छ ।

**क) दस्तावेज अध्ययन** (Document Review) यस अध्ययनको पहिलो चरणमा, बालमैत्री स्थानीय शासनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी, नीतिगत र कार्यान्वयन दस्तावेजहरूको गहन समीक्षा गरिएको छ । यस माध्यमबाट अध्ययनले नीति निर्माण, कानुनी संरचना, कार्यान्वयन निर्देशिका, बजेट व्यवस्था र कार्यक्रमहरूको गहिरो विश्लेषण गरिएको छ । समीक्षा गरिएका मुख्य दस्तावेजहरू निम्नानुसार रहेका छन्:

**ख) अन्तर्राष्ट्रिय महासन्धिः** नेपाल, सन् १९९० मा पक्षधर बनेको बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको समीक्षा गरिएको छ । उक्त महासन्धिले राज्यलाई बालबालिकाका हकहित र अधिकार सुनिश्चिततताका निम्ति विविध उत्तरदायित्वहरू तोकेको छ ।

**ग) संवैधानिक प्रावधानहरूः** वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानमा बाल अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ (धारा ३९) । अध्ययनको क्रममा संवैधानिक प्रावधानहरूको समीक्षा गरिएको छ ।

**ग) विद्यमान कानुन र नीतिहरूः** अध्ययनको क्रममा बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली, २०७८, राष्ट्रिय बालबालिका नीति, २०८०, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ लगायतका बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विद्यमान नीति तथा कानूनको समीक्षा गरिएको छ ।

**घ) कार्यक्रम तथा योजना दस्तावेजहरूः** अध्ययनको क्रममा विभिन्न कार्यक्रम तथा योजनाहरूको समीक्षा गरिएको थियो । यसक्रममा बालश्रममूक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७, सडक बालबालिका उद्धार,

संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७६, विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८, सोह्रौं योजना (२०८१/८२-२०८५/८६), दिगो विकास लक्ष्य (२०१६-२०३०), गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय प्रारूप, २०६७ लगायतका दस्तावेजहरूको समीक्षा गरिएको छ । यी दस्तावेजहरूको विश्लेषणबाट बालमैत्री स्थानीय शासनका कानुनी आधार, नीतिगत प्रतिबद्धता, स्रोत परिचालन र संस्थागत कमजोरीहरूको पहिचानमा महत्त्वपूर्ण योगदान गरेको छ ।

**ख) प्रमुख सूचनादातासँग अन्तर्वार्ता** (Key Informant Interviews) अध्ययनको दोस्रो चरणमा सातै प्रदेशका कुल २१ जना प्रमुख सूचनादाता व्यक्तिहरूसँग अन्तर्वार्ता गरिएको थियो । उनीहरू स्थानीय सरकारका जनप्रतिनिधि, सामाजिक विकास शाखा प्रमुख, बाल अधिकारकर्मी, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारी, गैरसरकारी संस्था प्रतिनिधि र समुदायस्तरका जानकार व्यक्तिहरू रहेका थिए । यस विधिबाट प्राप्त अन्तर्दृष्टिले नीति र व्यवहारबीचको अन्तर, स्थानीय तहको कार्यान्वयन क्षमताको मूल्याङ्कन तथा संस्थागत समन्वयको अवस्था प्रस्टिएको छ । अन्तर्वार्ताहरू अर्ध-संरचित (semi-structured) शैलीमा सञ्चालन गरिएको थियो, जसले उत्तर दाताहरूलाई खुला रूपमा प्रतिक्रिया तथा उत्तर दिनको लागि सहज वातावरण निर्माण गरेको थियो ।

**ग) समूह केन्द्रित छलफल** (Focus Group Discussions – FGDs) बालमैत्री स्थानीय शासन कार्यान्वयनको अवस्था, यसका चुनौतीहरू तथा सफलताका सम्बन्धमा जानकारी सङ्कलन गर्नको लागि समुदायका आवाजहरू पनि आवश्यक थियो । त्यसकारण अध्ययनका क्रममा ३ वटा समूह छलफल सञ्चालन गरिएको थियो । जसमा कुल १७ जना सहभागी भएका थिए । सहभागीहरूमा बालक्लबका सदस्यहरू, विद्यालय व्यवस्थापन समिति सदस्यहरू, अभिभावक, शिक्षक, महिला समूह तथा समुदायका अगुवाहरू सहभागी रहेका थिए । समूह केन्द्रित छलफलहरूबाट प्राप्त जानकारीले समुदायको सक्रियता, बुझाइको स्तर र उनीहरूले देखेका चुनौतीहरूको विश्लेषण गर्न मद्दत पुऱ्याएको छ । प्रत्येक छलफल करिब एकघण्टाको समयावधिमा सञ्चालित भएको थियो ।

**घ) स्थलगत अवलोकन** (Field Observation) : अध्ययनको क्रममा देशभरका ७ वटै प्रदेशका विभिन्न १० वटास्थानीय तहहरूमा स्थलगत अवलोकन गरिएको थियो । यस प्रक्रियामा बालमैत्री विद्यालय, बालक्लबको क्रियाशीलता, बालश्रम विरुद्धका कार्यक्रम, बालमैत्री पूर्वाधार, सूचना प्रदर्शन तथा स्थानीय सरकारका बालबालिकासम्बन्धी कार्ययोजना आदिको प्रत्यक्ष अवलोकन गरिएको थियो । स्थलगत अध्ययनले बालमैत्री स्थानीय शासनको सम्बन्धमा प्रत्यक्ष अनुभव र प्रयोगात्मक अभ्यासको बारेमा विस्तृत रूपमा जानकारी प्रदान गरेको थियो ।

**ङ) द्वितीयक स्रोत विश्लेषण** (Secondary Data Analysis) यस अध्ययनमा पूर्वप्रकाशित विभिन्न प्रतिवेदनहरू, लेख, नीति समीक्षा, अनुसन्धान प्रतिवेदन तथा कार्यक्रम मूल्याङ्कन दस्तावेजहरूको पनि अध्ययन गरिएको छ । विशेषतः राष्ट्रिय बाल अधिकार परिषद्, युनिसेफ, सेभ द चिल्ड्रेन र सङ्घीय मन्त्रालयहरूका प्रतिवेदनहरूको सन्दर्भ लिइएको छ । यसले तुलनात्मक अध्ययनमा टेवा पुऱ्याएको छ ।

**च) नमुना स्थानीय तहको छनौट तथा स्थलगत भ्रमण:** अध्ययनलाई थप प्रभावकारी बनाउने उद्देश्यले प्रदेशगत विविधता, भौगोलिक प्रतिनिधित्व र कार्यान्वयन अवस्था हेरी नमुना स्थानीय तह छनौट गरी स्थलगत

अध्ययन भ्रमण गरिएको थियो । यसक्रममा सुदूरपश्चिम प्रदेशबाट गौरीगंगा नगरपालिका, कैलाली, कर्णाली प्रदेशबाट गुराँस गाउँपालिका, दैलेख, मधेश प्रदेशबाट सुरुंगा नगरपालिका, सिरहा, कोशी प्रदेशबाट उदयपुर गढी नगरपालिका र रौतामाई नगरपालिका, उदयपुर, बागमती प्रदेशबाट धुलिखेल नगरपालिका काभ्रे र दुधौली नगरपालिका सिन्धुलीको स्थलगत अध्ययन भ्रमण गरिएको थियो । यसका साथै लुम्बिनी प्रदेशबाट तिलोत्तमा नगरपालिका, रुपन्देही र गण्डकी प्रदेशबाट देवचुली नगरपालिका र गैडाकोट नगरपालिकाका उत्तरदाताहरूसँग टेलिफोन सम्पर्क गरी सूचना सङ्कलन गरिएको थियो । स्थलगत रूपमा अध्ययन गरिएका स्थानीय तहहरूमा बालमैत्री नीति, संरचना, स्रोत परिचालन र जनप्रतिनिधिको प्रतिबद्धता विषयमा गहिरो अध्ययन गरिएको थियो ।

सार्क क्षेत्रका बालमैत्री स्थानीय शासनका गतिविधिहरू सदस्य राष्ट्रहरूमा बालअधिकार र सहभागितालाई प्रोत्साहन गर्ने योजनामा आधारित छन् । भारतमा सबै गाउँमा बालमैत्री ग्राम पंचायत स्थापना गर्न अनिवार्य गरेको छ, जसले बालबालिकालाई स्थानीय शासनमा सक्रिय भूमिकामा ल्याउन सक्षम बनाएको छ । यसले बालबालिकालाई पानी, शिक्षा, खेलमैदान, सुरक्षा लगायतका मुद्दाहरू उठाउन सशक्त बनाउँछ भने केही राज्यहरूले बाल सभा सञ्चालन गरी सामुदायिक योजनामा बालबालिकाको आवाज समेटिरहेका छन् ।

बंगलादेशमा बालमैत्री स्थानीय शासनले स्थानीय तहमा बालबालिका र युवा सहभागिता वृद्धिमा जोड दिएको छ र बाल अधिकार सम्बन्धी जागरुकता फैलाउँदैछ । वडाहरूमा बाल अधिकार संरक्षण समिति गठन भएका छन् जसले बालबालिकाका माग राख्ने र समस्या समाधान गर्न भूमिका खेल्दै आएका छन् । श्रीलंकामा स्थानीय प्रशासनले बालमैत्री बजेट व्यवस्था लागू गर्दै बालबालिकाका हितमा विशेष लगानी गरिरहेको छ, जसले बालबालिकाको समग्र विकास र सुरक्षा सुनिश्चित गर्न मद्दत पुऱ्याएको छ । नेपालमा बालमैत्री स्थानीय शासनले सेवा वितरण, नीति बनाउने प्रक्रियामा बाल अधिकारलाई अभिन्न भाग बनाएको छ र स्थानीय तहमा बाल अधिकार समिति, बाल क्लब र बाल नेतृत्वलाई विस्तार गरेको छ ।

## १.४ अध्ययनको सीमा

नेपालमा बालमैत्री स्थानीय शासनको अवस्था र भावी मार्गनिर्देशनसम्बन्धी यो अध्ययन एक सीमित स्रोत, समय र पहुँचका अवस्थामा सम्पन्न गरिएको गुणात्मक अनुसन्धान हो । अध्ययनले बाल अधिकारको प्रवर्द्धन र बालमैत्री शासन कार्यान्वयनको अवस्थालाई बुझ्न प्रयत्न गरे तापनि विभिन्न पक्षमा केही सीमा अवश्य देखिन्छन् ।

**क) स्थानगत सीमाः** अध्ययनको स्थानगत दायरा सीमित रहेको छ । नेपालका सात प्रदेश मध्ये पाँच वटा प्रदेशका ६ वटा स्थानीय तहहरूमा स्थलगत भ्रमण गरिएको थियो भने गण्डकी र लुम्बिनी प्रदेशका तीनवटा स्थानीय तहका अधिकारी तथा बाल अधिकारकर्मीहरूसँग टेलिफोन अन्तर्वार्ता गरिएको थियो । यी स्थानीय तहहरूले प्रतिनिधित्व त गरेका छन् तर सबै भौगोलिक, सामाजिक र प्रशासनिक विविधता समेट्न भने सकेका छैनन् । यसले राष्ट्रिय सन्दर्भको पूर्ण चित्रणमा केही हदसम्म सिमित बनाएको छ ।

**ख) विषयगत सीमाः** अध्ययन मुख्यतः बालमैत्री स्थानीय शासनसँग सम्बन्धित सूचकहरूमा केन्द्रित छ । यी सूचकहरूमा शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल सहभागिता, बालमैत्री संरचना, बजेट विनियोजन, बालश्रम र

बालविवाह विरुद्धको अवस्था लगायतका पक्षहरू समेटिएका छन् । तथापि, अध्ययनले तीव्र रूपमा बदलिँदो प्रविधि, जलवायु परिवर्तनको असर, सशस्त्र द्वन्द्व प्रभावित बालबालिकाको अवस्था वा मानसिक स्वास्थ्य जस्ता उदीयमान विषयहरूलाई गहिरो विश्लेषण गर्न सकेको छैन । विषयगत प्राथमिकता नीति दस्तावेजमा उल्लिखित मापदण्डका आधारमा गरिएको छ ।

**ग) समय सीमाः** अध्ययन निश्चित समयावधिमा सम्पन्न गर्नुपर्ने बाध्यताले गर्दा केही कार्यहरू जस्तै– थप स्थानीय तहको भ्रमण, दीर्घकालीन अवलोकन जस्ता पक्षहरूलाई समेट्न सकिएको छैन । समयको सीमाले विशेषगरी मौसमी प्रभाव, शैक्षिक वर्षको चक्र तथा बजेट कार्यान्वयनको वार्षिक तालिकाको गहिरो अध्ययन गर्न अवरोध खडा गऱ्यो । साथै, महामारीपछिको पुनर्स्थापनाको सन्दर्भमा भएका नीतिगत र व्यवहारिक परिवर्तनहरूको मूल्याङ्कन गर्न पनि समय अपर्याप्त रह्यो ।

**घ) तथ्याङ्क र स्रोतको उपलब्धतासँग जोडिएका सीमाहरूः** स्थानीय तहहरूबाट आवश्यक सबै तथ्याङ्कहरू प्राप्त गर्नु चुनौतीपूर्ण रह्यो । केही स्थानीय तहहरूमा अद्यावधिक तथा प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन प्रणालीको अभाव थियो । कतिपय तथ्याङ्कहरू संस्थागत अभिलेख नभई व्यक्तिगत अनुमानमा आधारित थिए । यसले अध्ययनको तथ्यगत सवालमा प्रभाव पारेको छ । साथै, केही नीतिगत दस्तावेजहरू, कार्यान्वयन प्रगति प्रतिवेदन वा बजेट विवरणहरू सार्वजनिक रूपमा उपलब्ध नभएकाले, अध्ययनले ती पक्षहरूमा द्वितीयक स्रोत वा प्रत्यक्ष अन्तर्वार्ता मार्फत भरपर्नु परेको छ ।

## ङ) स्रोत साधनको सिमितताः

बालमैत्री स्थानीय शासनको अवस्थासम्बन्धी यस अध्ययनको क्रममा स्रोतको सिमितता रहेको थियो । आर्थिक, प्राविधिक र जनशक्ति सम्बन्धी स्रोतहरू पर्याप्त नहुँदा अध्ययनको दायरा अपेक्षित रूपमा फराकिलो बनाउन सकिएन । अध्ययनका लागि आवश्यक पर्ने विस्तृत तथ्याङ्क सङ्कलन, प्रत्यक्ष अवलोकन तथा सहभागितामूलक छलफल कार्यक्रमहरू सीमित मात्रामा मात्र गर्न सकिएको थियो । विशेषतः दूरदराजका स्थानीय तहहरूमा पुगेर वास्तविक अवस्था बुझ्न सक्ने सम्भावना स्रोतको अभावले खुम्चिएको थियो ।



# परिच्छेद दुई
# बालमैत्री स्थानीय शासनसम्बन्धी विद्यमान नीतिगत र कानूनी व्यवस्थाको समीक्षा

## २.१ बालमैत्री स्थानीय शासनको अवधारणा

सामान्य भाषामा भन्नुपर्दा, बालमैत्री भन्नाले बालबालिकासँग गरिने मित्रवत, समझदारीपूर्ण र सम्मानजनक व्यवहारलाई जनाउँछ । यो त्यस्तो व्यवहार वा वातावरण हो जुन बालबालिकालाई सहज, रमाइलो, सुरक्षित, सम्मानित र आत्मविश्वासी महसुस हुने खालको हुन्छ । बालमैत्री भन्नाले केवल व्यवहारिक पक्ष मात्र होइन, बालबालिकाको अधिकार सुनिश्चित गर्ने, उनीहरूको विकासमा सहयोग पुऱ्याउने र उनीहरूलाई सामाजिक रूपमा सुरक्षित वातावरण प्रदान गर्ने तथा उनीहरूसँग सरोकार राख्ने विषयमा सक्रिय र अर्थपूर्ण सहभागिताको अवधारणालाई समेत समेट्छ ।

बालमैत्री स्थानीय शासन भन्नाले त्यस्तो स्थानीय सरकार वा स्थानीय तहलाई जनाइन्छ, जसले नीति निर्माणदखि कार्यान्वयनसम्म बालबालिकाको हक, हित, अधिकार, आवश्यकता र सहभागितालाई केन्द्रमा राख्छ । यसको उद्देश्य बालबालिकाको समग्र संरक्षण, सहभागिता, शिक्षाको पहुँच, स्वास्थ्य सेवा, खेलकुद, मनोरञ्जन र बालमैत्री वातावरणको निर्माण गर्नु हो । स्थानीय शासन प्रणालीले बालबालिकालाई समावेश गर्दै उनीहरूका विचारलाई सम्मान गर्नु, उनीहरूलाई कार्यक्रमहरूको योजना, कार्यान्वयन र मूल्याङ्कनमा सहभागी गराउनु यस अवधारणाको महत्त्वपूर्ण पाटो हो ।

बालमैत्री स्थानीय शासनका केही विशेषताहरू छन् । पहिलो- यसले बालबालिकालाई जात, लिङ्ग, भाषा, धर्म, वर्ग, भूगोल आदिको आधारमा कुनै पनि किसिमको भेदभाव नगरी समान व्यवहारको प्रत्याभूति दिन्छ । दोस्रो- यसले बालबालिकाको विचार, आवाज र भावनाको कदर गर्दै उनीहरूलाई योजना निर्माणमा सहभागी गराउने वातावरण तयार गर्छ । तेस्रो- बालमैत्री स्थानीय शासनले बालबालिकालाई मानसिक, शारीरिक र यौन दुर्व्यवहारबाट सुरक्षित राख्ने नीति र कार्यक्रमहरू सञ्चालन गर्छ । चौथो- बालबालिकासँग सरोकारित सबै विषयहरूमा सक्रिय र अर्थपूर्ण सहभागी भई आफ्ना विचार र भावना राख्ने विशेषतालाई पनि आत्मसात् गर्दछ । साथै, स्वास्थ्य, शिक्षा, पोषण, खेलकुद, सूचना र मनोरञ्जन लगायतका सेवा प्रणालीलाई बालबालिकाको पहुँच योग्य बनाइन्छ ।

उदाहरणका लागि, कतिपय स्थानीय तहले शिक्षकहरूलाई बालमैत्री व्यवहार र पठनपाठन शैलीका लागि विशेष तालिम दिएको छ, जसले कक्षा कोठालाई बालबालिकाका लागि सहज र हिंसामुक्त बनाएको छ भने अन्य कतिपय स्थानीय तहहरूले विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय फर्काउने कार्यक्रम सञ्चालन गरेर बाल अधिकारलाई व्यवहारमा उतार्ने काम गरिरहेका छन् । यस्तै, केही गाउँपालिकाहरूले बालबालिकासँग परामर्श गरी बालमैत्री आचारसंहिता तयार गरेका छन्, जसमा बालबालिकाको विचारलाई मूलधारमा समेटिएको हुन्छ ।

बालमैत्री स्थानीय शासनको अर्को महत्त्वपूर्ण पक्ष भनेको बालमैत्री बजेट हो । यसअन्तर्गत, स्थानीय तहले प्रत्येक वर्ष बालबालिकाको आवश्यकता अनुसार बजेट छुट्याउने, बाल विकास केन्द्रहरू स्थापना गर्ने, बालमैत्री पूर्वाधार निर्माण गर्ने र बालबालिकाका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने कार्यहरू गरिन्छ । यसले बालबालिकाको

जीवनस्तरमा सुधार ल्याउन महत्त्वपूर्ण योगदान दिन्छ।

समग्रमा भन्नुपर्दा, बालमैत्री स्थानीय शासन केवल बालबालिकालाई लक्षित केही कार्यक्रमहरू सञ्चालन गर्नु मात्र होइन, समग्र शासन प्रणालीमा नै बालबालिकाको हित र अधिकारलाई केन्द्रमा राख्ने दृष्टिकोण हो । यसले बालबालिकालाई सुरक्षित, समान, समावेशी र सशक्त जीवन प्रदान गर्न मद्दत गर्दछ, जसले दीगो विकास र समतामूलक समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछ।

## २.२ बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा, बालबालिकाको अधिकारको सुनिश्चितता र संरक्षणमा आधारित एक प्रगतिशील शासन प्रणाली हो । यसको कानुनी र नीतिगत जग अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धिमा आधारित रहेको छ । सन् १९८९ मा संयुक्त राष्ट्रसंघबाट पारित र सन् १९९० मा कार्यान्वयनमा आएको यस महासन्धिले बालबालिकाको सर्वाङ्गीण विकास, सुरक्षा, सहभागिता सुनिश्चित गर्न राज्यहरूमाथि कानुनी दायित्व सिर्जना गरेको छ । नेपालले सन् १९९० सेप्टेम्बर १४ मा यस महासन्धिमा हस्ताक्षर गरी अनुमोदन गरेको छ । यसले नेपालको लागि कानुनी रूपले बाध्यकारी बनाएको छ र यसको कार्यान्वयनका क्रममा स्थानीय तहसम्म पुग्नुपर्ने हुन्छ। बालमैत्री स्थानीय शासनको संरचना, योजना, बजेट तथा कार्यक्रमहरूलाई महासन्धिको भावना र मान्यतासँग मेल खाने गरी विकास गर्नु आवश्यक छ।

यस महासन्धिका चार मूल सिद्धान्तहरू रहेका छन् । जसमा भेदभाव रहित व्यवहार, बालबालिकाको सर्वोत्तम हित, दीर्घ जीवन र विकासको अधिकार, विचार र भावनाको कदर रहेका छन्। यी सिद्धान्तहरू बालमैत्री स्थानीय शासनको आधारशिला हुन्। पहिलो, भेदभाव रहित व्यवहार भन्ने सिद्धान्तले सबै जात, वर्ग, धर्म, लिङ्ग, अपाङ्गता, क्षेत्रीय र आर्थिक अवस्थाका बालबालिकालाई समान अवसर र सेवा सुनिश्चित गर्नुपर्छ भनी जोड दिन्छ। यसले बालमैत्री कार्यक्रमहरूमा समावेशी दृष्टिकोण र पहुँचको संवेदनशीलतालाई अनिवार्य बनाउँछ । दोस्रो- सर्वोत्तम हितको सिद्धान्त अनुसार स्थानीय तहमा योजना बनाउँदा, सेवा प्रवाह गर्दा वा नीति बनाउँदा बालबालिकाको हित सबैभन्दा महत्त्वपूर्ण मानिनु पर्छ । विद्यालय, स्वास्थ्य सेवा, बाल संरक्षण प्रणाली आदिमा बालबालिकाको हित केन्द्रमा राख्नु स्थानीय तहको दायित्व हो । तेस्रो- जीवन र विकासको अधिकार स्थानीय तहद्वारा पोषण, स्वास्थ्य सेवा, शिक्षा र स्वच्छ वातावरणजस्ता आधारभूत सेवा सुनिश्चित गरी बालबालिकालाई पूर्ण रूपले विकास गर्न अनुकूल बनाउने कार्यसँग सम्बन्धित छ । चौथो- सिद्धान्त बालबालिकाको अभिव्यक्ति तथा सहभागिताले उनीहरूलाई निर्णय प्रक्रियामा बोल्ने, राय राख्ने र निर्णयमा सहभागी हुने अधिकार दिनुपर्नेमा जोड दिन्छ। यसले बालक्लब, बालक्लब सञ्जाल जस्ता स्थानीय संरचनाहरूको सक्रिय सहभागिताको माग गर्दछ।

नेपालले महासन्धि अनुमोदन गरेपछि राष्ट्रिय कानुन, नीति र योजना प्रणालीमा महासन्धिका सिद्धान्तहरू समावेश गरेको छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाका हकहरूलाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले महासन्धिको भावना समेट्दै बाल अधिकारको संरक्षण तथा कार्यान्वयनको आधार तयार पारेको छ। यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाको सेवा तथा संरक्षणको जिम्मेवारी स्थानीय तहहरूलाई प्रदान गरेको छ। साथै, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले बालमैत्री सूचकहरू, न्यूनतम मापदण्ड, संरचना, कार्यान्वयन प्रक्रिया

र मूल्याङ्कन मापदण्डहरू निर्धारण गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्यमान कानुन तथा प्रतिबद्धताको कार्यान्वयनमा स्थानीय तहको भूमिकालाई स्पष्ट पारेको छ ।

यस्ता कानुनी तथा नीतिगत प्रबन्धहरूबाट नेपालले बाल अधिकार महासन्धिमा लिएका दायित्वहरूलाई पालना गर्न प्रतिबद्धता देखाएको छ । यद्यपि व्यवहारिक कार्यान्वयनमा अझै चुनौतीहरू छन् । जसमा स्थानीय तहमा स्रोतको अभाव, जनशक्तिको क्षमता सीमितता, बालबालिकासँग सम्बन्धित डेटा प्रणालीको कमजोरी तथा बाल अधिकारप्रति पर्याप्त राजनीतिक प्रतिबद्धताको कमी लगायतका चुनौतीहरू रहेका छन् । त्यसैले महासन्धिमा उल्लिखित दायित्वहरूलाई सार्थक रूपमा कार्यान्वयन गर्न अबको बाटो भनेको स्थानीय शासनलाई अझै सुदृढ, समावेशी र उत्तरदायी बनाउनु हो, जसले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सकोस् ।

## २.२ नेपालको संविधान

नेपालको संविधानले बालबालिकाको हक अधिकारलाई एक महत्त्वपूर्ण सामाजिक सरोकारको रूपमा सुनिश्चित गरे को छ । संविधानको धारा ३९ अन्तर्गत बालबालिकाका हकहरूलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ, जसले राज्यको प्रत्येक तह, विशेष गरी स्थानीय सरकारहरूलाई बाल अधिकारको संरक्षण र प्रवर्धनमा जिम्मे वार बनाउँछ । यसले बालमैत्री स्थानीय शासनको कानुनी आधार तयार गरेको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयनको सन्दर्भमा संविधानको यो व्यवस्था अत्यन्तै महत्त्वपूर्ण छ । संविधानको यही व्यवस्थाले स्थानीय तहहरूलाई नीतिगत र कार्यान्वयनगत जिम्मेवारी प्रदान गर्दछ ।

नेपालको संविधानको धारा ३९ (१) अनुसार प्रत्येक बालबालिकालाई उनीहरूको शारीरिक, मानसिक, बौद्धिक र नैतिक विकासको लागि परिवार र राज्यबाट आवश्यक सुविधा तथा अवसर प्राप्त गर्ने अधिकार छ । यस व्यवस्थाले बालबालिकाको समग्र विकासका लागि स्थानीय तहमा शिक्षा, स्वास्थ्य, पोषण, आवास, संरक्षण, मनोरञ्जन आदि सेवाहरूको व्यवस्था गर्नुपर्ने स्पष्ट सन्देश दिन्छ । बालमैत्री स्थानीय शासनको सन्दर्भमा, यो व्यवस्था स्थानीय तहद्वारा बालमैत्री विद्यालय, बालक्लब सञ्जाल, बालक्लब, पोषण कार्यक्रम र बालश्रम मुक्त क्षेत्र घोषणा जस्ता पहलहरूमा नीतिगत व्यवस्था गरेको छ ।

त्यसैगरी, धारा ३९ (२) ले बालबालिकालाई नाम, परिचय, नागरिकता र पारिवारिक जीवनको अधिकार दिएको छ, जसले स्थानीय तहले बालबालिकाको जन्मदर्ता र पहिचानसम्बन्धी सेवा प्रभावकारी बनाउनु पर्ने दायित्व प्रदान गरेको छ । हाल बालमैत्री स्थानीय शासनका सूचकहरूमा बालबालिकाको नागरिक दस्तावेजीकरण प्रमुख मानक भएकोले यो व्यवस्था प्रत्यक्षरूपमा बालमैत्री शासनसँग गाँसिएको छ ।

धारा ३९ (४) र (५) ले बालश्रम, बालविवाह, यौन शोषण, बेचबिखन जस्ता अभ्यासहरूप्रति शून्य सहनशीलता अपनाउँदै यस्ता कार्यमा प्रतिबन्ध लगाएको छ । यस सन्दर्भमा स्थानीय तहहरूले आफ्नै क्षेत्रभित्र बालमैत्री नीतिहरू निर्माण र कार्यान्वयन गर्नुपर्ने संवैधानिक जिम्मेवारी पाएका छन् । बालविवाह विरुद्धको रणनीति, बालश्रम मुक्त स्थानीय तह घोषणा तथा सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यविधिहरू यसैको कार्यरूप हुन्, जुन बालमैत्री स्थानीय शासन अर्न्तगत स्थानीय तहबाट कार्यान्वयन हुन्छन् । संविधानले नेपालको

शासन प्रणालीलाई सङ्घीय संरचनामा विभाजन गरेको छ, जसअनुसार स्थानीय सरकारहरू संविधानतः एक पृथक सरकारका रूपमा मानिन्छन् र उनीहरूको आफ्नै कार्यक्षेत्र, अधिकार र जिम्मेवारी निर्धारण गरिएको छ । संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारभित्र शिक्षा, स्वास्थ्य, स्थानीय सेवा प्रवाह, बाल संरक्षण, बालमैत्री कार्यक्रम सञ्चालनजस्ता कार्यहरू पर्छन् । यसले बालमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन गर्ने सम्पूर्ण संवैधानिक र प्रशासनिक आधार सुनिश्चित गर्दछ । स्थानीय तहले आफ्ना स्रोत साधन, नीति, कार्यक्रम र बजेटमार्फत बालबालिकाको अधिकार र आवश्यकता समेट्ने स्पष्ट जिम्मेवारी पाएको छ । त्यसैगरी, अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहबीच बाल अधिकारको संरक्षण तथा संवर्द्धन साझा दायित्वका रूपमा राखिएको छ । यसले बालमैत्री स्थानीय शासनमा बहुपक्षीय समन्वयको आवश्यकता देखाउँछ । यसक्रममा सङ्घीय नीति, प्रदेश स्तरीय कार्यक्रम र स्थानीय कार्यान्वयनबीच प्रभावकारी समन्वय अत्यावश्यक हुन्छ । बालमैत्री स्थानीय शासनलाई स्थानीय स्तरमै प्रभावकारी बनाउन, स्थानीय तहले आफ्ना योजना, बजेट र मूल्याङ्कन प्रणालीमा बाल अधिकारका सवाललाई प्राथमिकता दिनु जरुरी हुन्छ । यसरी हेर्दा, नेपालको संविधानले बाल अधिकारलाई एक मौलिक हकका रूपमा संरक्षण गर्दै, स्थानीय सरकारलाई त्यसको कार्यान्वयनको प्रमुख निकाय बनाएको छ । यसले बालमैत्री स्थानीय शासनको अवधारणालाई नीतिगत र व्यवहारिक दुवै आधार प्रदान गरेको छ ।

## २.३ बाल अधिकारसम्बन्धी नीति कानुन तथा अन्य दस्तावेजहरू

बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न कानुनी, नीतिगत, संरचनागत तथा कार्यक्रमगत दस्तावेजहरूको गहन अध्ययन र समीक्षा गर्नु अनिवार्य हुन्छ । यस अध्ययनका क्रममा बालमैत्री स्थानीय शासन प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने नागरिक कानुन तथा नीतिहरू, कार्यक्रम तथा योजना दस्तावेजहरूलाई समेटेर विस्तृत समीक्षा गरिएको छ ।

**(क) बालबालिका सम्बन्धी ऐन, २०७५:** यस ऐन नेपालको संविधानले प्रत्याभूत गरेका बाल अधिकारहरूको कार्यान्वयनका लागि विशिष्टीकृत कानुनी दस्तावेज हो । यसले बालबालिकाको परिभाषा दिँदै, उनीहरूको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण, अभिव्यक्ति, सहभागिताको अधिकार तथा हिंसा र शोषणबाट मुक्त रहन पाउने अधिकार सुनिश्चित गरेको छ । बालमैत्री स्थानीय शासनका सन्दर्भमा यो ऐन विशेष महत्त्वको छ । यसले स्थानीय तहहरूलाई बालबालिकाको अधिकार सुनिश्चित गर्न आवश्यक संरचना निर्माण, योजना बनाउने र अनुगमन गर्ने जिम्मेवारी दिएको छ । साथै, ऐनले बाल अधिकार समिति, बालबालिका सहायता कक्ष, पुनर्स्थापना गृहको व्यवस्था गरी स्थानीय शासन प्रणालीमा बालकेन्द्रित संरचना निर्माणको आधार तयार पारेको छ ।

**(ख) बालबालिका सम्बन्धी नियमावली, २०७८:** बालबालिका सम्बन्धी ऐनको कार्यान्वयन गर्न बनेको यो नियमावलीले स्थानीय तहहरूमा बाल अधिकार समिति गठन, बाल क्लब वा संस्थाको गठन, सञ्चालन र व्यवस्थापनको व्यवस्था, बालमैत्री सेवा प्रवाहका मापदण्ड, जोखिममा रहेका बालबालिकाको पहिचान र सेवा प्रदानका विस्तृत प्रक्रिया, वैकल्पिक स्याहारको व्यवस्था लगायतका विषयमा प्रस्तुत गरेको छ । यसले स्थानीय सरकारलाई बाल संरक्षण सेवा, एकद्वार संकट व्यवस्थापन प्रणाली, सामाजिक पुनःस्थापनाका लागि आवश्यक स्पष्ट कार्यविधिहरू प्रदान गरेको छ । बालमैत्री स्थानीय शासनका सूचकहरू अनुकूल योजना बनाउन तथा मूल्याङ्कन गर्न यो अत्यन्त उपयोगी दस्तावेजको रूपमा रहेको छ ।

**(ग) राष्ट्रिय बालबालिका नीति, २०८०:** यस नीतिले बालबालिकाको सर्वाङ्गीण विकासका लागि "बचाउ, संरक्षण, विकास, सहभागिता र सशक्तीकरण" भन्ने चार स्तम्भमा आधारित नीति अपनाएको छ । बालमैत्री स्थानीय शासनलाई सुदृढ पार्न यस नीतिले स्थानीय तहलाई बालकेन्द्रित योजना र बजेट, सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धि र तथ्याङ्क व्यवस्थापनमा सघाउने स्पष्ट भूमिका प्रदान गरेको छ । यसले नीति निर्माणदेखि कार्यान्वयनसम्म बालबालिकाको सक्रिय सहभागिता सुनिश्चित गर्ने अवधारणालाई जोड दिएको छ, जुन बालमैत्री स्थानीय शासनको मूल भावनासँग मेल खान्छ ।

**घ) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२** बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजनाको दीर्घकालीन सोचमा नै बालबालिकाको अधिकार सुनिश्चित गर्दै बालविवाह अन्त्य भएको समाज निर्माण गर्ने रहेको छ भने नेपालमा सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य सहित विद्यमान नीतिगत र कानुनी व्यवस्थाको कार्यान्वयन र संस्थागत सुदृढीकरण गर्दै सरकारी, गैरसरकारी निकाय तथा निजी क्षेत्रले प्राथमिकताका साथ लगानी सहितका कार्यक्रम सञ्चालन गरी सबै सरो कारवालाको सामुहिक प्रयासबाट सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने उद्देश्य रहेको छ । यसमा बालविवाह अन्त्य गर्ने प्रचलित कानुनको प्रभावकारी र संस्थागत संरचना सुदृढीकरण गर्ने, संघ, प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यको लागि प्राथमिकताका साथ लगानी सहितका कार्यक्रम सञ्चालन गर्ने, सबै सरोकार वालाको सामुहिक प्रयासबाट बालविवाह अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने रणनीति सहित २६ वटा कार्यनीतिहरू र २५ वटा विभिन्न कार्ययोजनाहरू रहेको छ । यसले बालमैत्री स्थानीय शासनको एक महत्त्वपूर्ण चुनौतीलाई सम्बोधन गर्न नीतिगत निर्णय भएको छ ।

**ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४:** यस ऐनले नेपालमा सङ्घीयताको कार्यान्वयन अन्तर्गत स्थानीय तहलाई शिक्षा, स्वास्थ्य, बाल संरक्षण, सामाजिक सेवा, सुरक्षित वातावरण, बालमैत्री शासन व्यवस्था, महिला र बालबालिकाको हकहित जस्ता बालसंवेदनशील क्षेत्रहरूमा पूर्ण अधिकार प्रत्यायोजन गरेको छ । यस ऐन अनुसार, गाउँ/नगरपालिकाहरूले आफ्नै क्षेत्रमा रहेका सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक सन्दर्भका आधारमा आवश्यक नीति निर्माण गर्न, बजेट छुट्याउन, योजना बनाउनेदेखि कार्यान्वयन र अनुगमन सम्मका कार्य गर्न सक्नेछन् । यस ऐनले स्थानीय तहलाई बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवहारमा लागू गर्ने पहिलो तहको रूपमा परिभाषित गरेको छ । यसको अर्थ, स्थानीय सरकारहरू आफ्नो क्षेत्रका बालबालिकाको अवस्था, आवश्यकता र जोखिमको मूल्याङ्कन गरेर बाल अधिकारको प्रवर्द्धनका लागि स्थानीय तहमा आधारित योजना, संरचना र कार्यक्रम तयार गर्न सक्नेछन् । यस्तो अधिकारले बालबालिकाको जीवनस्तर सुधार गर्ने कार्य स्थानीय तहमै केन्द्रित हुन्छ, जसले सशक्तिकरण र उत्तरदायित्वको सिद्धान्तलाई मूर्तरूप दिन्छ ।

**च) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८:** बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री शासन अवधारणालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न नीति, कार्यविधि र मूल्याङ्कन मापदण्ड प्रस्तुत गर्ने प्रमुख दस्तावेज हो । यस निर्देशिकाले बालमैत्री स्थानीय शासनलाई संस्थागत ढंगले अगाडि बढाउन आवश्यक ७ आधार स्तम्भ र ५१ वटा सूचकहरू तय गरेको छ । सात आधारस्तम्भहरूमा बालबालिकाको अधिकार सुनिश्चितता, बाल संरक्षण प्रणाली सुदृढीकरण, बालमैत्री योजना र बजेट, गुणस्तरीय सेवा प्रवाह, बाल सहभागिता, स्थानीय तहको क्षमता विकास र निगरानी, मूल्याङ्कन र उत्तरदायित्व रहेका छन् । प्रत्येक स्थानीय तहले आफ्नो

क्षेत्रको अवस्था अनुसार बालमैत्री स्थानीय शासनको मूल्याङ्कन फारामहरू, सूचकका आधारमा योजना निर्माण, अनुगमन र सुधारात्मक रणनीति अपनाउनु पर्ने व्यवस्था यस निर्देशिकाले गरेको छ । यस निर्देशिका बालमैत्री बजेट निर्माण, बालमैत्री कार्य संरचना निर्माण, बालअधिकार अनुकूल सेवा प्रवाह र स्थानीय बालक्लबसँग समन्वय लगायतका सवालहरू समेटेको छ । निर्देशिकाले पहिलो पटक बालमैत्री स्थानीय शासनको सुनिश्चित मूल्याङ्कन मापदण्डहरू औपचारिक रूपमा पेश गरेर त्यसको कार्यान्वयनमा आवश्यक सूचक र स्तर निर्धारण गरेको छ ।

### छ) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले स्थानीय तहहरूलाई बालबालिकाको अधिकारको संरक्षण, प्रवर्द्धन र सुनिश्चिततामा केन्द्रित नीति तथा कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गर्ने उद्देश्य राखेको छ । यस कार्यविधिले नेपालको संविधान, बाल अधिकारसम्बन्धी महासन्धि र बालबालिका सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुरूप स्थानीय सरकारहरूलाई बालमैत्री शासन प्रणाली लागू गर्न आवश्यक मापदण्ड, प्रक्रिया र सूचकहरू निर्धारण गरेको छ । उक्त कार्यविधिबाट शिक्षा, स्वास्थ्य, सुरक्षा, सिप विकास, खेलकुद र बालअधिकार सुनिश्चितता जस्ता विभिन्न क्षेत्रहरूमा स्थानीय सरकारहरूको उत्तरदायित्व स्पष्ट पारिएको छ । कार्यविधिले स्थानीय तहहरूलाई आत्ममूल्याङ्कन, कार्ययोजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमार्फत बालमैत्री शासनतर्फ उन्मुख गराउने संयन्त्र प्रदान गरेको छ, जसले दीगो, समावेशी र उत्तरदायी स्थानीय शासनमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

**(ज) राष्ट्रिय शिक्षा नीति, २०७६** ले बालमैत्री प्रारम्भिक बाल विकास, बालमैत्री विद्यालय, बालमैत्री शिक्षण सिकाइ, बालमैत्री संरचनाका विषयमा स्पष्ट व्यवस्थाहरू गरेको छ ।

**(झ) कार्यक्रम तथा योजना दस्तावेजहरू: बाल श्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७** ले स्थानीय तहलाई आफ्नै क्षेत्रमा बालश्रमको समस्या पहिचान गर्न, रोकथामका लागि सचेतना कार्यक्रम चलाउन, उद्धार र पुनःएकीकरण गर्न चरणबद्ध र व्यवस्थित कार्ययोजना प्रस्तुत गरेको छ । यसमा बालश्रमको परिभाषा, जोखिमपूर्ण कामको सूची, बालश्रम नियमनमा संलग्न निकायहरूको भूमिका र अनुगमन संयन्त्रसम्म स्पष्ट उल्लेख गरिएको छ । बालमैत्री स्थानीय शासन अन्तर्गत बालश्रम अन्त्य एक प्रमुख सूचक भएकोले, कुनै पनि स्थानीय तहलाई बालमैत्री भनेर मान्यता दिन यो कार्यविधिमा उल्लिखित सूचकहरू अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

यसैगरी नेपाल सरकारले **सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७६** जारी गरेको छ । सडकमा आश्रित, बेवारिसे वा जोखिममा रहेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण गृहमा राख्ने व्यवस्था, मानसिक स्वास्थ्य सहयोग, सीप विकास तालिम, शिक्षा पहुँच र दीर्घकालीन पुनर्स्थापनाको चरणगत उपायहरू यस कार्यविधिमा समावेश छन् । यसले स्थानीय तहमा बाल संरक्षण संयन्त्र सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । बालमैत्री स्थानीय शासन अन्तर्गत बालबालिकाको सेवाप्रवाहमा पहुँचलाई सुनिश्चित गर्नुपर्ने यस कार्यविधिले व्यवस्था गरेको छ ।

**विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८** अनुसार सबै विद्यालयहरूलाई शान्तिक्षेत्रको रूपमा स्थापना गर्ने, विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति

तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने, विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त बनाउने लक्ष्य र उद्देश्यका साथ कार्यान्वयनमा रहेको छ । त्यसैले यस निर्देशिका बालमैत्री स्थानीय शासनको सन्दर्भमा एक महत्त्वपूर्ण नीतिको रूपमा रहेको छ ।

यसैगरी **गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय प्रारूप, २०६७** ले विद्यालयको भौतिक पूर्वाधार (शौचालय, खानेपानी, पहुँच), शैक्षिक गुणस्तर, शिक्षक विद्यार्थी सम्बन्ध र बाल सहभागिताको सुनिश्चितता जस्ता पक्षमा सुधार गर्न सघाउँछ । यो प्रारूप बाल अधिकार र बालमैत्री विद्यालय अवधारणालाई व्यवहारमा उतार्ने व्यावहारिक ढाँचा हो । बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा विद्यालय स्तरमै सुधारको आवश्यकता हुन्छ र यस्तो प्रारुपले त्यसमा मार्गदर्शन प्रदान गर्दछ ।

**(ञ) विकास योजना तथा अन्तर्राष्ट्रिय दस्तावेजहरू:** राष्ट्रिय योजना आयोगले तयार पारेको सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले बाल अधिकार, बाल संरक्षण, शिक्षा, स्वास्थ्य, पोषण, बाल सहभागिता तथा बालमैत्री पूर्वाधारलाई राष्ट्रिय विकासको प्राथमिकता मानेको छ । यो योजना अन्तर्गत स्थानीय तहलाई क्षमता विकास, स्रोत परिचालन र बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा सघाउने केन्द्रको दायित्व स्पष्ट गरिएको छ । यसैगरी दिगो विकास लक्ष्यहरूले पनि बालमैत्री स्थानीय शासनको विभिन्न सवालहरू समेटिएका छन् । लक्ष्य नं. ३ मा रहेको स्वास्थ्य, लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षा, लक्ष्य नं. १६(२)मा रहेको बालबालिकामाथि हुने सबै किसिमका हिंसाको अन्त्य प्रत्यक्ष रूपमा बालमैत्री स्थानीय शासनसँग मेल खान्छन् । बालमैत्री स्थानीय शासन एक प्रभावकारी स्थानीयकरण रणनीति हो, जसले दिगो विकास लक्ष्य प्राप्तिमा नेपाललाई महत्त्वपूर्ण योगदान गर्दछ । दिगो विकासका लक्ष्यहरूको सफल कार्यान्वयनको पूर्वशर्त भनेकै स्थानीय स्तरमा सशक्त रूपमा अगाडि बढेको बालमैत्री शासन हो । यसरी हेर्दा माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय विभिन्न महासन्धि, कानुन, नीति, कार्यविधि, निर्देशिका लगायतका दस्तावेजहरूको विश्लेषणबाट स्पष्ट हुन्छ कि- नेपालमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि पर्याप्त नीतिगत र कानूनी आधार तयार भइसकेका छन् । अब ती दस्तावेजहरूको व्यवहारिक कार्यान्वयन प्रणालीको निर्माण तथा सुदृढीकरण गर्नु आवश्यक रहेको देखिन्छ ।

सङ्घीय सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि विभिन्न नीतिगत र कार्यक्रमगत पहल गरेको छ । सङ्घीय सरकारले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले स्थानीय तहहरूलाई बालमैत्री शासन प्रणाली स्थापना गर्न आवश्यक ५१ वटा सूचकहरू निर्धारण गरेको छ, जसमा बाल संरक्षण, शिक्षा, स्वास्थ्य, सहभागिता र संस्थागत क्षेत्रहरू समेटिएका छन् । यसले स्थानीय तहहरूलाई योजना, बजेट, सेवा प्रवाह, निगरानी प्रणाली र बालबालिकाको सहभागितालाई सुनिश्चित गर्न मार्गदर्शन प्रदान गर्दछ । यसैगरी बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ पनि जारी भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको यस कार्यविधिले स्थानीय तहहरूलाई बालमैत्री घोषणा प्रक्रियामा सहजीकरण गर्ने उद्देश्य राखेको छ । यसले कार्यान्वयन सहजीकरण समिति गठन, अनुगमन तथा मूल्याङ्कन, वार्षिक प्रतिवेदन, क्षमता विकास, मानव संसाधन व्यवस्थापन र संस्थागत विकास जस्ता विषयहरू समेटेको छ ।

यसैगरी प्रदेश सरकारहरूले पनि बालमैत्री स्थानीय शासन कार्यान्वयनमा विभिन्न पहलहरू गरेका छन् । लुम्बिनी

प्रदेश सरकारले “बालमैत्री प्रदेश” अवधारणालाई कार्यान्वयनमा ल्याउने योजना अघि सारेको छ । यस अन्तर्गत सडक बालबालिका तथा छुवाछुत मुक्त प्रदेश निर्माण, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार र संरक्षण, बालसंरक्षण गृहको निर्माण, शिशुस्याहार केन्द्र स्थापना र लैङ्गिक समानता, सामाजिक समावेशीकरण, लैङ्गिक बजेट तथा लैङ्गिक परीक्षण नीति र कार्यक्रम सञ्चालन गर्ने योजना समावेश छन् (Satyapati, २०७९) । यसैगरी बागमती प्रदेश सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्थानीय तहहरूलाई बजेट प्रदान गरेको छ । उदाहरण स्वरूप, रामेछाप नगरपालिकाले बागमती प्रदेश सरकारको पोषण कार्यक्रमबाट एक लाख ५० हजार रुपियाँ बजेट प्राप्त गरेको छ ।

स्थानीय तहहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयनमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छन् । रामेछाप नगरपालिकाले बालमैत्री स्थानीय शासन लागू गर्न आ.व. २०७९/८० का लागि ३० लाख रुपियाँ बजेट विनियोजन गरेको थियो । नगरपालिकाले ५१ वटा सूचक प्राप्तिका लागि प्रत्येक वडामा बालक्लब र बाल सञ्जाल गठन, घरधुरी सर्वेक्षण, बालमैत्री विद्यालयलगायत कार्यक्रमहरू सञ्चालन गरिरहेको छ (गोरखापत्र अनलाइन, २०८१) । सोही जिल्लाको मन्थली नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा बालमैत्री स्थानीय शासन लागू गर्न १५ लाख रुपियाँ बजेट विनियोजन गरेको छ । नगरभित्रका १४ वटै वडामा सहजकर्ताको नियुक्ति गरिएको छ र अपुग बजेट थप गरेर कार्यक्रमलाई तीव्रता दिने योजना छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय तीन तहका सरकारहरूबीच समन्वयको अवस्था मिश्रित रहेको देखिन्छ । सङ्घीय सरकारद्वारा जारी निर्देशिका र कार्यविधिहरूले स्थानीय तहहरूलाई मार्गदर्शन प्रदान गरेका छन् । प्रदेश सरकारहरूले पनि बालमैत्री अवधारणालाई आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेका छन् । यसलाई सकारात्मक रूपमा लिन सकिन्छ । यद्यपि, स्थानीय तहहरू सेवामूलक कार्यक्रम छोडेर पुँजीगत योजनामा मात्रै प्रायः होमिएका छन् । “भविष्यको कर्णधार” मानिने बालबालिकाप्रति खासै चासो नै देखिदैन । नेपालका स्थानीय तहहरूमा ३० प्रतिशत मात्रै बालबालिका सम्बन्धी कुनै एक विषयमा नीति तर्जुमा गरेको देखिन्छ (Social Change, २०७८) । यसैगरी बालमैत्री स्थानीय शासनको लागि विनियोजन गरेको बजेटको सदुपयोगमा विभिन्न तहहरूमा भिन्नता देखिन्छ । कतिपय स्थानीय तहहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक सूचकहरू प्राप्त गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छन्, भने कतिपय तहहरूमा कार्यक्रम सञ्चालनमा ढिलाइ देखिएको छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन सङ्घीय संरचनामा तीनै तहका सरकारहरूबीच प्रभावकारी समन्वय आवश्यक हुने प्रक्रिया हो । तर व्यवहारमा यो समन्वय अपेक्षित रूपमा देखिँदैन । सङ्घीय सरकारले नीति निर्माण र मापदण्ड निर्धारण गर्छ भने प्रदेश र स्थानीय तहहरूले कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मा पाउँछन् । तर, प्राविधिक सहयोग, बजेट विनियोजन र क्षमता अभिवृद्धि जस्ता पक्षमा सङ्घीय र प्रदेश तहको सहभागिता सिमित देखिन्छ । प्रदेश तहहरूले बालमैत्री स्थानीय शासनको सन्दर्भमा अलग नीति वा स्पष्ट समन्वय योजना ल्याएको पाइदैन, जसले स्थानीय तहमा यो कार्यक्रम केवल वैकल्पिक रूपमा सीमित हुँदै गएको छ । समन्वय अभावले सूचकहरूको मापन, बजेट सदुपयोग र मूल्याङ्कन प्रक्रियामा कमजोरी देखिन्छ । खासगरी मूल्याङ्कन प्रणालीको अभावले कार्यक्रमहरूको प्रभावकारिता मापन गर्न कठिनाइ भएको छ । सङ्घीय सरकारद्वारा

जारी कार्यविधिहरूले अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरे पनि यसको प्रभावकारी कार्यान्वयनमा चुनौतीहरू देखिन्छन् ।

**स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२** बालमैत्री स्थानीय शासनको संरक्षण, प्रवर्धन र कार्यान्वयन गर्ने पहिलो निकाय भनेको स्थानीय सरकार नै हो । बालमैत्रीको दिगोपनाका निम्ति सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा नै समावेश गरेर ल्याएको छ । जसले गर्दा बालमैत्रीलाई निरन्तर रूपमा कार्यसम्पादन गर्नका लागि निम्न अनुसारको विषयक्षेत्र, उपक्षेत्र, सूचक र उपसूचक लगायतका विषयहरू उल्लेख गरिएको छ ।

## स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली र बालमैत्री स्थानीय शासन

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक |
|---|---|---|---|
| १. सुशासन तथा संस्थागत विकास | १.३ शासकीय प्रबन्ध | १.३.९ अनुगमन तथा मूल्याङ्कन | क. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानुन स्वीकृत गरी आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि शाखा र पदाधिकारी तोकिएको (अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० दफा १५ (२) र (६) |
| | १.४ सार्वजनिक सेवा प्रवाह | १.४.१ व्यक्तिगत घटना दर्ता | मूल्याङ्कन वर्षका कुल व्यक्तिगत घटना दर्ताको तुलनामा घटना घटेको ३५ दिन भित्र अनलाइन प्रणालीमार्फत भएका व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ) दर्ताको प्रतिशत (राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८) |
| २. सामाजिक विकास | २.१ खानेपानी तथा सरसफाइ | २.१.१ खानेपानी सेवामा पहुँच | क. एक घर एक धारा सहित आधारभूत खाने पानी सेवा उपलब्ध भएको घरधुरीको प्रतिशत (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) |
| | | | ख. स्वास्थ्य संस्था, विद्यालय लगायत सबै सार्वजनिक निकायमा आधारभूत तहको खाने पानी सेवा उपलब्ध भएको (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) |
| | | २.१.२ सरसफाइ सेवामा पहुँच | क. खानेपानी तथा सरसफाइ सम्बन्धी सङ्घीय तथा प्रादेशिक मापदण्डका आधारमा स्थानीय मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरेको (खाने पानी तथा सरसफाइ ऐन, २०७५ को परिच्छेद ७) |

| | | | |
|---|---|---|---|
| | २.२ शिक्षा | २.२.१ जीवनोपयोगी व्यवहारिक शिक्षा | क. प्राविधिक शिक्षालय सञ्चालनमा रहेको वा कम्तिमा एक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक विषयको प्रयोगात्मक शिक्षणको व्यवस्था भएको |
| | | | ख. स्थानीय पाठ्यक्रम निर्माण गरी लागू भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज.) |
| | | २.२.२ विद्यालय भर्ना तथा टिकाउदर | क. ५ वर्ष पुगेका बालबालिकाको विद्यालय भर्ना दर |
| | | | ख. विद्यालयमा भर्ना भएकामध्ये आधारभूत तहको अध्ययन पूरा गर्ने बालबालिकाको प्रतिशत |
| | | २.२.३ शिक्षाको गुणस्तर र उपलब्धि | क. स्वीकृत मापदण्ड बमोजिमको गुणस्तरका आधारमा गाउँ/नगरपालिकाभित्रका विद्यालयको स्तरीयकरण गरी सार्वजनिक गरिएको |
| | | | ख. गाउँ/नगरपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक तहको परीक्षामा सामेल भएका विद्यार्थीको उत्तीर्ण प्रतिशत |
| | २.३ आधारभूत स्वास्थ्य | २.३.१ स्वास्थ्य सेवामा पहुँच | क. आधा घण्टाको पैदल दुरीभित्र स्वास्थ्य सेवाको पहुँच भएका घरपरिवारको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) र दीगो विकास लक्ष्य । |
| | | २.३.२ सुरक्षित मातृत्व | क.स्वास्थ्य प्रोटोकल अनुसार पूर्व प्रसूति जाँच गरेको गर्भवती महिलाको प्रतिशत |
| | | | ख. सुत्केरी महिलाले स्वास्थ्य प्रोटोकल अनुसार उत्तर प्रसूति जाँच गरेको प्रतिशत |
| | | २.३.३ मातृ तथा किशोरी स्वास्थ्य | क. स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत |
| | | | ख. तोकिए बमोजिम (२६ हप्तासम्म) आइरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत |
| | | २.३.४ बाल स्वास्थ्य | क. पूर्ण खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत |
| | | | ख. पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) |

| | | | |
|---|---|---|---|
| | | २.३.५ पोषण सेवा | क. गाउँ/नगरपालिका भित्र अति शिघ्र कुपोषण र मध्यम शीघ्र कुपोषण भई OTC/ITC/NRC मा भर्ना भएकामध्ये निको हुने बालबालिकाको प्रतिशत |
| | | | ख. वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत |
| | | २.५.२ बाल संरक्षण | क. स्थानीय बाल अधिकार समिति गठन तथा बालकल्याण अधिकारीको व्यवस्था भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० र ६१) |
| | | | ख. स्वीकृत बालसंरक्षण मापदण्ड विद्यालय, सार्वजनिक निकाय, निजी क्षेत्र र सामाजिक संस्थामा लागू भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ र ५७) |
| | | २.५.३ बाल सहभागिता | क. स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा स्थानीय बाल क्लब सञ्जालको सहभागिता भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (५) |
| | | | ख. बाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकलाई अभिमुखीकरण गरेको (सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९) |
| | | २.५.५ ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षण | क. अपाङ्गता भएका व्यक्तिको जीवनयापन सहजीकरणको लागि कार्यक्रम सञ्चालन गरेको (अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २९) |
| ३. आर्थिक विकास | ३.१ कृषि, पशु तथा सहकारी | ३.१.५ रैथाने प्रजाति प्रवर्द्धन | क. विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुपन्छीजन्य खाद्यवस्तु प्रयोग गरेका विद्यालयको प्रतिशत |

| | | | |
|---|---|---|---|
| ४. पूर्वाधार | ४.२ भवन तथा अन्य सामाजिक पूर्वाधार | ४.२.३ शैक्षिक पूर्वाधार | क. स्वीकृत मापदण्ड बमोजिम सुरक्षित र बालमैत्री भवन तथा कक्षा कोठाको व्यवस्था भएका विद्यालयको प्रतिशत |
| | | ४.२.५ खानेपानी पूर्वाधार | क. खानेपानीको उपयोग भएका मध्ये वार्षिक रुपमा गुणस्तर परीक्षण गरिएका स्रोत/मुहानको प्रतिशत |
| | ४.३ पर्वाधारको उपयोगिता र दिगोपन | ४.३.१ पूर्वाधारको उपयोगिता | क. मूल्याङ्कन वर्षमा स्थानीय तहमा निर्माण सम्पन्न भएका पूर्वाधारहरू मध्ये बालमैत्री तथा अपाङ्गतामैत्री मापदण्ड पालना भएका पूर्वाधारको प्रतिशत |
| ५. वन तथा वातावरण | ५.१ वातावरण | ५.१.४ जलवायु अनुकूलन | ख. जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रवीच समन्वय र सहकार्य भएको (वातावरण संरक्षण ऐन, २०७६ को दफा २४) |
| | | ५.२.१ विपद् व्यवस्थापन संयन्त्र | क. स्थानीय विपद् व्यवस्थापन समिति (वडा स्तरीय समिति समेत) गठन भई क्रियाशील रहेको (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७) |



# परिच्छेद तीन
# बालमैत्री स्थानीय शासनको कार्यान्वयनको अवस्था

## ३.१ कार्यान्वयनको वर्तमान अवस्था

नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा : बालअधिकारका चार क्षेत्रहरू- बाल बचाउ, संरक्षण, विकास र सहभागितालाई स्थानीय तहको शासन प्रणालीमा मूल प्रवाहीकरण गर्ने उद्देश्यले विकास गरिएको हो । बालमैत्री स्थानीय शासनका मूलतः पाँचवटा आयाम रहेका छन् जसमा बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकास रहेका छन् । यस अवधारणालाई प्रभावकारी बनाउनका लागि २०७८ सालमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिएको छ, जसमा ५१ वटा सूचकहरू तोकिएका छन् । यी सूचकहरूलाई मुख्यतया तीन भागमा वर्गीकरण गर्न सकिन्छः सेवा-प्रवाहसम्बन्धी सूचकहरू, संस्थागत सूचकहरू र स्थानीय तहले थप गरेका अतिरिक्त सूचकहरू ।

सेवा-प्रवाहसम्बन्धी सूचकहरूले बालबालिकालाई प्रदान गरिने विभिन्न सेवाहरूको गुणस्तर र पहुँचलाई मापन गर्छन्, जस्तै– जन्मदर्ता, स्वास्थ्य सेवा, शिक्षा, पोषण, बाल संरक्षण सेवा, बालबालिकाको सहभागिता सुनिश्चितता आदि । संस्थागत सूचकहरूले स्थानीय तहमा बालमैत्री शासनको संस्थागत संरचना, नीति, बजेट विनियोजन, बाल अधिकारसम्बन्धी योजना, अनुगमन प्रणाली, समन्वय संयन्त्रहरूको उपस्थिति र कार्यक्षमतालाई मापन गर्छन् । यसका अतिरिक्त, स्थानीय तहहरूले आफ्नो आवश्यकता अनुसार थप सूचकहरू थप्न सक्छन् जसले सूचकहरूको कुल संख्या ५० भन्दा बढी हुन सक्छ । यी सूचकहरूले बालबालिकाको जीवन संरक्षण, समुचित विकास, सहभागिता, सुरक्षा र अधिकारको सुनिश्चितता गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । ती सूचकहरू अन्तर्गत बाल संरक्षण नीति निर्माण, बालमैत्री बजेटको विनियोजन, बालक्लबहरूको गठन, विद्यालयमा बालमैत्री पूर्वाधार निर्माण, बालबालिकामाथि हुने हिंसा तथा शोषणको नियन्त्रण, स्वास्थ्य तथा पोषण सेवामा पहुँच र बालबालिकाको सहभागिता सुनिश्चित गर्ने जस्ता कार्यहरू पर्दछन् ।

हालसम्म नेपालका थुप्रै स्थानीय सरकारहरूले बालमैत्री घोषणा गरेका छन्, जसलाई स्वागतयोग्य उपलब्धि मानिन्छ । उदाहरणका लागि लुम्बिनी प्रदेशको नवलपरासी जिल्लाको सुनवल नगरपालिका, गण्डकी प्रदेशको देवचुली नगरपालिका लगायतका विभिन्न स्थानीय तहहरूले बाल संरक्षण नीति बनाएर, बालमैत्री स्थानीय शासनको न्यूनतम मापदण्ड पूरा गरी बालमैत्री घोषणा गरेका छन् । तर व्यवहारमा, धेरै स्थानीय तहहरूले घोषणासम्मका प्रक्रिया पूरा गरे पनि निरन्तर कार्यान्वयन, मूल्याङ्कन र अनुगमनमा ध्यान दिन नसकेको देखिन्छ । घोषणा पछि सूचकहरूको नियमित समीक्षा नभएको कारण, नियमित अनुगमन र वार्षिक उत्सव मनाउने, कार्यक्रमहरू अलपत्र पर्ने वा कागजी रूपमा मात्र निरन्तरता देखिने अवस्था देखिएको छ ।

तथ्याङ्क सङ्कलनको दृष्टिकोणले हेर्दा, अधिकांश स्थानीय तहहरूमा बालमैत्री कार्यक्रमसँग सम्बन्धित तथ्याङ्क सङ्कलन प्रणाली कमजोर देखिन्छ । यद्यपि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सेवा प्रवाहको मूल्याङ्कन तथा अनुगमन गर्ने स्पष्ट व्यवस्था गरेको छ, त्यसको व्यवहारिक कार्यान्वयनमा भने एकरूपता र प्रभावकारी छैन । विशेषतः बालबालिकाको अवस्था मापन गर्न आवश्यक सूचकहरूको आधारभूत जानकारीको अभावले

कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्न अप्ठेरो बनाएको छ । यसका कारण, धेरैजसो मूल्याङ्कन गुणात्मक प्रतिवेदन र आत्ममूल्याङ्कनमा सीमित रहेको पाइन्छ, जसले दीर्घकालीन नतिजा सुनिश्चित गर्न सक्दैन ।

त्यस्तै, सूचकमा आधारित स्तर निर्धारणको व्यवस्था पनि अझै पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन । केही स्थानीय तहहरूले न्यूनतम मापदण्ड पूरा गरेर बालमैत्री घोषणा गरे पनि, सूचकको उपलब्धि अनुसार स्थानीय तहहरूलाई कमजोर, मध्यम र उच्चस्तरमा वर्गीकरण गर्ने एकीकृत मूल्याङ्कन प्रणाली अझै विकास हुन बाँकी नै छ । त्यस्तो मूल्याङ्कन प्रणालीको अभावले कार्यको गुणस्तर र प्रतिस्पर्धात्मकता बढ्न सकेको छैन । अझ गम्भीर कुरा त के छ भने, घोषणा पछि अनुगमनको स्पष्ट प्रणाली नभएको कारण धेरै स्थानीय तहहरू पुरानै अभ्यासमा फर्किन थालेका छन्, जसले बालमैत्री स्थानीय शासनको दिगोपनामा खतरा उत्पन्न गरिरहेको छ । स्थानीय तहमा मानव संसाधन क्षमताको अभाव रहेको छ । सरकारी कार्यालय तथा कर्मचारीहरूको बारम्बर भईरहने परिवर्तन तथा दिगोपनाका लागि ठुलो चुनौतीहरू रहेका छन् ।

हालसम्म नेपालका धेरै स्थानीय तहहरूले बालमैत्री घोषणा गर्ने उद्देश्यले न्यूनतम सूचकहरू पूरा गर्ने प्रयास गरेका छन् । उदाहरणका लागि, २८ वटा स्थानीय तह र १०० भन्दा बढी वडाहरूले बालमैत्री घोषणा गरिसकेका छन् । यी स्थानीय तहहरूले बाल संरक्षण नीति, बालमैत्री आचारसंहिता, बालबालिकाको लागि बजेट विनियोजन, बालबालिकाको सहभागिता सुनिश्चित गर्ने संरचना निर्माण जस्ता कामहरू गरेका छन् । तर, सूचकहरूको दीर्घकालीन कार्यान्वयन र अनुगमनमा कमजोरी देखिन्छ । धेरै स्थानीय तहहरूमा बालमैत्री घोषणापछि पनि नीति र कार्यक्रमहरू कार्यान्वयनमा निरन्तरता नहुँदा बालमैत्री सूचकहरूको प्रभावकारिता सीमित रहन्छ । यसको प्रमुख कारण संस्थागत प्रतिबद्धताको अभाव, क्षमताको अभाव र अनुगमन तथा तथ्याङ्क सङ्कलन प्रणाली कमजोर हुनु हो । यसैगरी स्थानीय तहमा रहेर बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत सवालहरूको समीक्षा तथा छलफल गर्ने अभ्यास पनि अत्यन्तै कमजोर रहेको कारण प्रभावकारीतामा समस्या रहेको छ ।

स्थलगत अध्ययनको क्रममा सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लास्थित गौरीगंगा नगरपालिका, कर्णाली प्रदेशको दैलेख जिल्लास्थित गुराँस गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लास्थित सुरुंगा नगरपालिका तथा कोशी प्रदेशअन्तर्गत उदयपुर जिल्लाका दुई स्थानीय तह उदयपुरगढी गाउँपालिका र रौतामाई गाउँपालिकाको स्थलगत भ्रमण गरिएको थियो । यसैगरी बागमती प्रदेशको दुधौली नगरपालिका सिन्धुली र धुलिखेल नगरपालिका काभ्रेको पनि स्थलगत भ्रमण गरिएको थियो । यस अध्ययनको उद्देश्य ती स्थानीय तहहरूमा बालमैत्री स्थानीय शासनको कार्यान्वयन अवस्थाको गहिरो अवलोकन गर्नु, त्यहाँ देखिएका प्रमुख चुनौतीहरूको पहिचान गर्नु र ती प्रयासहरूबाट प्राप्त प्रमुख सिकाइहरूमाथि अध्ययन गर्नु थियो ।

स्थलगत भ्रमणका क्रममा प्रत्येक स्थानीय तहमा बालबालिकाको बाच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारलाई स्थानीय नीति तथा कार्यक्रमहरूमा कसरी स्थान दिइएको छ भन्ने कुराको समीक्षा गरियो । साथै, कार्यक्रमको प्रभावकारिता, स्थायित्व, समुदायको सहभागिता, जनप्रतिनिधिको नेतृत्व, बजेटको पहुँच, बालबालिकाको वस्तुगत विवरणको उपलब्धता र बालमैत्री पूर्वाधारको अवस्था जस्ता विषयहरूमा प्रत्यक्ष जानकारी सङ्कलन गरियो । स्थानीय सरोकारवालासँग अन्तरक्रिया, विद्यालय अवलोकन, बालक्लब तथा समुदायका प्रतिनिधिसँगको छलफलमार्फत बालमैत्री अवधारणाको व्यवहारिक कार्यान्वयनमा

देखिएका सकारात्मक अभ्यास, सीमितता र भविष्यका सम्भावनाहरूको विश्लेषण गरिएको थियो । यस अध्ययनबाट प्राप्त मुख्य निष्कर्षहरू, चुनौतीहरू र सिकाइहरूलाई तलका अनुच्छेदहरूमा विस्तृत रूपमा व्याख्या गरिएको छ ।

## ३.२ संस्थागत संरचना र तयारीको अवस्था

गौरीगंगा नगरपालिका सुदूरपश्चिम प्रदेश अर्न्तगतको एक नगरपालिका हो, जसमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका प्रयासहरू विस्तारै अघि बढिरहेका छन् । नगरपालिकाका वडाहरूमा यस अभियानको स्थिति भने असमान प्रकृतिको रहेको छ । विशेषगरी वडा नं. १० र ११ ले बालमैत्री स्थानीय वडा घोषणाको लागि तयारी गर्ने सन्दर्भमा केही महत्त्वपूर्ण प्रगति हासिल गरेका छन् भने अन्य वडाहरूले यस अभियानको कुनै सुरुवात गरेका छैनन् । वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक तथा प्रविधिक सहयोग प्राप्त भएपछि वडा नं. १० र ११ ले बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार र कार्यप्रणाली निर्माणमा उल्लेखनीय कार्य गरेका छन् ।

वडा नं. १० मा बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि केही महत्त्वपूर्ण कामहरू भएका छन् । पहिलो- बालमैत्री स्थानीय समिति गठन गरी कार्यान्वयनको संरचनागत जग बसालिएको छ । दोस्रो- बालबालिकाको वस्तुगत विवरण तयार गरिएको छ, जसले वडामा बसोबास गर्ने बालबालिकाको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको विस्तृत विवरण दिन्छ । तेस्रो- विद्यालयस्तरमा बालक्लब गठन गर्नुका साथै प्रत्येक टोलमा बालक्लबको स्थापना गरिएको छ, जसलाई समेट्दै वडास्तरीय बालक्लब सञ्जाल निर्माण गरिएको छ । यस किसिमको सञ्जालीकरणले बालबालिकाको सहभागिता, सूचना आदानप्रदान र सामूहिक अभियान सञ्चालनमा सहजता ल्याएको छ । वडा नं. ११ ले बालबालिको वस्तुगत विवरण बनाउने कामको भर्खरै सुरुवात गरेको छ । यद्यपि, अन्य वडाहरूमा भने यस्ता संस्थागत पहलहरू भएका छैनन् । अन्य वडाहरूमा न बाल बालबालिको वस्तुगत विवरण बनाइएको छ, न समिति गठन भएको छ, न त बालमैत्री स्थानीय शासनसम्बन्धी कुनै रणनीतिक योजना वा दस्तावेज तयार पारिएको छ । धेरै वडाहरूले अझै बालमैत्रीको अवधारणात्मक स्पष्टता पाएका छैनन् । यसले नगरपालिकाभित्र नै समावेशी र समतामूलक अभ्यासको अभाव देखाउँछ ।

नगरपालिका तहमा समेत बालमैत्री कार्यहरूको संस्थागत व्यवस्था अझै बलियो हुन सकेको छैन । उदाहरणका लागि महिला र शिशु अधिकारको दृष्टिले स्तनपान कक्षको स्थापनालाई अनिवार्य मानिन्छ । तर अहिलेसम्म नगरपालिकामा स्तनपान कक्षको स्थापना गरिएको छैन । यसले संस्थागत प्राथमिकताको अभाव झल्काउँछ । यसबाहेक, बालमैत्री स्थानीय शासन कार्यान्वयन समितिका बैठकहरू भने आवश्यकता अनुसार बस्ने गरिन्छ । यद्यपि यस्तो बैठकको उपस्थिति नै सकारात्मक मानिए पनि ती बैठकहरूमा नियमितता, निरन्तरता र दिगोपनाको दृष्टिकोण भने न्यून रहेको छ । स्थायी रूपमा बैठक बस्ने अभ्यास नभएकाले नीति निर्माण, कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा निर्णय-कार्यान्वयन चक्रमा स्पष्ट कमजोरी रहेको देखिन्छ ।

यसरी हेर्दा गौरीगंगा नगरपालिकामा वडा नं. १० र ११ वडा समितिले बालमैत्री वडा घोषणा गर्ने दिशामा महत्त्वपूर्ण कार्य गरे तापनि अन्य वडाहरू संस्थागत रूपमा अझै तयारीको चरणमै छन् । नगरपालिकाको नेतृत्वले समग्र संस्थागत पुनर्संरचना, क्षमता विकास र नीति-योजना निर्माणमा जोड नदिएसम्म सम्पूर्ण नगरपालिकालाई बालमैत्री घोषणा गर्ने कार्य निकै गाह्रो रहेको देखिन्छ ।

कर्णाली प्रदेशको दैलेख जिल्लाअन्तर्गत पर्ने गुराँस गाउँपालिकाको सामाजिक, आर्थिक तथा सांस्कृतिक बनावट हेर्दा यहाँका बालबालिका विभिन्न प्रकारका जोखिम र चुनौतीपूर्ण अवस्थाहरूको सामना गरिरहेका छन् । भौगोलिक विकटता, गरिबी, अशिक्षा, अभिभावकीय कमजोरी र संरचनागत समस्याहरूले गर्दा बालबालिकाको समग्र विकासमा अवरोध उत्पन्न भएको छ । यस्तो अवस्थामा बालमैत्री स्थानीय शासन लागू गर्न गाउँपालिकाले वि.सं. २०७४ सालदेखि पहल सुरु गरेको पाइन्छ, जुन बाल अधिकारलाई प्रवर्द्धन गर्ने दृष्टिकोणले सकारात्मक पाइला थियो ।

गुराँस गाउँपालिका दैलेखले युनिसेफ, सेभ द चिल्ड्रेन, सोसेक लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्थाको सहयोगमा वडा नं. ३, ५, ६ र ८ लाई बालमैत्री वडा घोषणा गरिसकेको छ । प्रारम्भिक चरणमा अभियानले उत्साहजनक रूप लिएको भए तापनि समयसँगै यसको दीर्घकालीन स्थायित्व र संस्थागत समावेशीकरणमा चुनौतीहरू देखापरेका छन् । छलफलका क्रममा सहभागी सरोकारवालाले यो अभियान स्थायी र समावेशी नबन्नुमा स्थानीय सरकारको स्पष्ट दृष्टिकोणको अभाव रहेको उल्लेख गरेका छन् ।

बालक्लबका सदस्यहरूले व्यक्त गरेका धारणा अनुसार स्थानीय तहमा रहेका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूको ध्यान बालबालिकाका विषयमा केन्द्रित नभई अन्य भौतिक संरचना निर्माणतर्फ केन्द्रित भएको पाइन्छ । यस प्रवृत्तिले गर्दा बालमैत्री अवधारणालाई व्यवहारमा प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकिएको छैन । बालबालिकाका हक, अधिकार, सुरक्षा, सहभागिता र सशक्तीकरणजस्ता विषयहरू नीति निर्माण र बजेटको प्राथमिकतामा नराखिनुले बालमैत्री शासन प्रणालीमा असन्तुलन आएको छ ।

वास्तवमा बालबालिकाका सवालहरू सामाजिक संघसंस्थाहरूको एजेण्डा मात्र हो भन्ने सोचले पनि यस अभियानलाई कमजोर बनाएको देखिन्छ । गाउँपालिकाले अभियानलाई आफ्नो नीति तथा कार्ययोजनामा प्राथमिकता दिएर पूर्ण स्वामित्व लिएको भए बाँकी चार वडालाई पनि बालमैत्री वडा घोषणा गर्न सकिन्थ्यो भन्ने बुझाइ सरोकारवालाको छ । यद्यपि योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता न्यून छ, अभिभावकहरूको बालअधिकारप्रति बुझाइ कमजोर छ र सामुदायिक स्वामित्व अभावमा यो अभियान अवरुद्धजस्तै भएको छ ।

घोषणा गरिएका वडाहरूमा केही सकारात्मक उपलब्धिहरू देखिएका छन् । जस्तै बालमैत्री शौचालयको निर्माण, विद्यालयमा सेनेटरी प्याडको व्यवस्था, बालक्लबहरूको संरचनागत सुधार र समुदायमा बालमैत्री दृष्टिकोणको विकास लगायत रहेका छन् । यस्ता उपलब्धिहरूले बालबालिकाको जीवनमा केही हदसम्म सकारात्मक प्रभाव पारेका छन् । तर, यी उपलब्धिहरू संघसंस्थाहरूको परियोजना आधारित कामको परिणाम हुन्, जुन दीर्घकालीन दृष्टिकोणविना गरिएको प्रयास हो ।

यसरी हेर्दा गुराँस गाउँपालिकामा बालमैत्री स्थानीय शासनको अवधारणा प्रारम्भमा उत्साहजनक भए पनि यसको प्रभावकारिता, स्थायित्व र संस्थागत एकीकरण सुनिश्चित गर्नका लागि गाउँपालिकाको प्रतिबद्धता, नीति निर्माणमा बालबालिकालाई प्राथमिकता, अभिभावक र समुदायको सक्रिय सहभागिता र स्थानीय सरकारको पूर्ण स्वामित्व आवश्यक छ । नत्र भने, संघसंस्थाको सहयोग सकिएसँगै यो अभियान पनि मन्द हुँदै जान सक्ने खतरा विद्यमान

छ, जुन कर्णाली प्रदेश जस्ता पछाडि पारिएका भूगोलमा अझ गम्भीर हुनसक्छ ।

सप्तरी जिल्लामा अवस्थित सुरुंगा नगरपालिका मधेश प्रदेशअन्तर्गतको एक स्थानीय तह हो, जहाँ सामाजिक, आर्थिक र भौगोलिक विविधता पाइन्छ । विगत केही वर्षदेखि सुरुंगा नगरपालिकाले बालबालिकाको समुचित विकास, सहभागिता, संरक्षण र अधिकार सुनिश्चित गर्नका लागि बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवहारमा ल्याउने प्रयास तीव्र बनाएको छ । सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय सरकारलाई बालबालिकाको समग्र हितमा काम गर्ने कानुनी अधिकार र जिम्मेवारी प्राप्त भएपछि सुरुंगा नगरपालिकाले बालमैत्री नीतिहरूलाई स्थानीय कार्यनीतिमा रूपान्तरण गर्न थालेको देखिन्छ ।

सुरुंगा नगरपालिकाले बालमैत्री स्थानीय शासनका राष्ट्रिय ५१ सूचकहरूमा आधारित रहेर स्थानीय आवश्यकता अनुसार विद्यालयमा सेनेटरी प्याडको उपलब्धता र कक्षाकोठामा ह्वाईट बोर्डको व्यवस्था गरी थप २ सूचकहरू समावेश गरी ५३ सूचकहरूलाई मार्गनिर्देशकको रूपमा अंगिकार गरेको छ । यस कार्यमा नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्षहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका पदाधिकारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, बालक्लबका सदस्यहरू तथा अभिभावकहरूको साझा सहभागिता रहेको पाइन्छ ।

वडाध्यक्ष श्यामप्रसाद शाह, उपप्रमुख रुद्रबहादुर कार्की, वडा अध्यक्ष रामकुमार चौधरीजस्ता जनप्रतिनिधिहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । स्थानीय युवाहरू तथा बालबालिकाको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने कार्य नगरपालिकाको विशेष प्राथमिकता बनेको छ । केही उदाहरणीय कामहरूमा विद्यालयमा सेनेटरी प्याड वितरण, हरेक कक्षामा ह्वाइटबोर्डको व्यवस्था, बालमैत्री शौचालय निर्माण, बाल अधिकारसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरूको नियमित आयोजना, बाल हिंसाविरुद्धको सचेतना अभियान, बालक्लबसँगको नियमित अन्तरक्रिया, बाल अधिकारसम्बन्धी बजेट विनियोजन र खर्च निगरानी कार्यसमेत सामेल छन् ।

सुरुंगा नगरपालिकाले विद्यालय तहमा शिक्षाको गुणस्तर सुधार गर्न, बालबालिकाको आत्मविश्वास अभिवृद्धि गर्न तथा उनीहरूको सशक्तीकरणका लागि संरचनागत सुधारहरू अघि सारेको छ । अधिकांश विद्यालयहरूमा बालमैत्री भौतिक संरचना निर्माण भएको छ भने, बालबालिकाका मुद्दालाई समेट्ने छुट्टै बजेट लाइन बनाउने अभ्यास गरिएको छ । बालक्लबहरूलाई अनुदान दिइने, उनीहरूको गतिविधिमा स्थानीय सरकारको प्राविधिक सहयोग उपलब्ध गराइने र किशोरकिशोरीमैत्री कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् ।

यसबाहेक, बालबालिकाको गोपनीयता र सुरक्षाको प्रत्याभूति गर्न विद्यालय तथा समुदाय तहमा बाल सुरक्षासम्बन्धी आचारसंहिता लागू गरिएको छ । बाल हिंसाको शून्य सहनशीलताको नीति सार्वजनिक रूपमा घोषणा गरिएको छ । विद्यालय तहमा बालबालिकालाई नेतृत्व विकासका अवसर दिइएको छ । जस्तै– बाल पत्रकारिता, बाल अदालत, आदिको अभ्यास गरिएको छ ।

यसरी हेर्दा सुरुंगा नगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयनले मधेश प्रदेशमा एउटा उदाहरणीय अभ्यास प्रस्तुत गरेको छ । नीति, कार्यक्रम र सहभागिताको समायोजनमार्फत बालबालिकाको समग्र हितमा आधारित विकास रणनीति निर्माण गर्न सकेमा यो अभ्यासले देशभरका अन्य स्थानीय तहहरूलाई पनि उत्प्रेरणा दिन सक्ने देखिन्छ ।

कोशी प्रदेश अन्तर्गत पर्ने उदयपुर जिल्लामा बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा विभिन्न किसिमका प्रयासहरू भइरहेका छन् । यद्यपि यी प्रयासहरू सबै वडामा समान रूपमा प्रभावकारी भएका छैनन् । विशेषतः उदयपुरगढी गाउँपालिका र रौतामाई गाउँपालिकामा बालमैत्री शासन प्रणाली स्थापना गर्न स्थानीय सरोकारवालाले विविध चुनौतीबीच काम गरिरहेका छन् ।

उदयपुरगढी गाउँपालिकाको वडा नं. १ मा वडा अध्यक्ष दिलबहादुर रानामगरको नेतृत्वमा बालमैत्री अवधारणा प्रति चासो र प्राथमिकता देखिएको छ । बालबालिकाको सुरक्षा, सहभागिता, शिक्षा, स्वास्थ्य र संरक्षणका सवालमा वडाले केही सकारात्मक पहलहरू लिएको देखिन्छ । वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको सहयोगमा जालपा एकीकृत विकास समाज लगायतका सामाजिक संघसंस्थाहरूको प्राविधिक तथा क्षमता अभिवृद्धि सहयोगले बालमैत्री कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुगेको छ । विद्यालयमा बालबालिकाको अभिव्यक्ति स्वतन्त्रता बढाउन बालक्लबहरू सक्रिय पारिएका छन् । बाल अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रम, सचेतना कार्यक्रम र पोषणमा आधारित गतिविधिहरू सञ्चालनमा आएका छन् । तर, वडामा प्राविधिक कर्मचारीको कमी, प्रशासनिक असहजता, जनप्रतिनिधिहरूको विषयगत जानकारीको अभाव र बालमैत्री अवधारणालाई पूर्ण रूपमा आत्मसात् नगर्नु जस्ता संरचनागत चुनौतीहरू विद्यमान छन् । साथै, कोभिड-१९ को प्रभावले बालमैत्री कार्यक्रमहरूमा निरन्तरता र गतिको कमी आएको छ । आर्थिक स्रोतको न्यूनता र लक्षित बजेटको अभावले योजना सञ्चालन कठिन बनाएको छ ।

उदयपुर जिल्लाकै रौतामाई गाउँपालिकामा बाल अधिकारको संरक्षणमा समुदायस्तरबाट नेतृत्व लिने केही सकारात्मक प्रयासहरू भएका देखिन्छन् । तर यस्ता प्रयासहरू प्रभावकारी छैनन् । वडास्थित बालक्लब अध्यक्ष कोपिला परियार र कोषाध्यक्ष हेमन्ता मगरको नेतृत्वमा बालमैत्री अभियानहरू सञ्चालन भइरहेका छन् । बालविवाह रोकथामका लागि विद्यालय तथा समुदायमा सचेतनामूलक कार्यक्रम, सरसफाइ अभियान, विद्यालयमा स्वास्थ्य शिक्षा, खोप अभियान, पोषणबारे जनचेतना कार्यक्रम लगायतका विविध क्रियाकलापहरू बालक्लबमार्फत् सञ्चालित छन् ।

यद्यपि, यस्ता प्रयासहरूलाई संस्थागत रूपमा स्थानीय सरकारबाट अपेक्षित सहयोग नभएको गुनासो छ । प्रमुख समस्याहरूमा बालबालिको वस्तुगत विवरण निर्माण नहुनु, समुदायस्तरमा सशक्त अभिभावकीय सहभागिता नहुनु, बजेटको अभाव र जनप्रतिनिधिको न्यून सरोकार उल्लेखनीय छन् । बालबालिकाको अवस्थाबारे प्रस्ट तथ्याङ्कको अभावले नीति निर्माणमा कमजोरी देखिएको छ । विद्यालय र वडास्तरमा बालबालिकामैत्री पूर्वाधार निर्माणका प्रयासहरू सीमित छन् । उदयपुर जिल्लाका केही वडाहरूमा बालमैत्री स्थानीय शासन कार्यान्वयनको प्रारम्भिक प्रयास उल्लेखनीय भए पनि यसको संस्थागत स्थायीत्व, व्यापकता र दिगोपनाका लागि अझ धेरै गृहकार्य आवश्यक रहेको देखिन्छ । स्रोत सुनिश्चितता, समुदायको सक्रिय संलग्नता, नीतिगत प्रतिबद्धता र नतिजामुखी कार्यान्वयनको संयोजनमार्फत उदयपुरलाई बालमैत्री जिल्लाको रूपमा अगाडि बढाउन सकिने देखिन्छ ।

देवचुली नगरपालिका गण्डकी प्रदेशकै पहिलो र नेपालकै दोस्रो बालमैत्री घोषणा भएको नगरपालिका हो । देवचुली नगरपालिकाको प्रगतिनगरमा नेपालकै कानूनी मान्यता प्राप्त पहिलो बालक्लब जागृति बाल क्बल

नेपाल २०४८ सालमा स्थापना भएको हो । यसका साथै यसै नगरपालिकाको साविक प्रगतिनगर गाविस २०७० पौष ९ गते नै नेपालको पहिलो बालमैत्री गाविसको रूपमा घोषणा भएको थियो । यसले २०७०/०७१ सालदेखि नै बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गरी बालबालिकाको संरक्षण, विकास र सहभागिताका लागि निरन्तर कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८ बमोजिम नगरपालिकाले बाल अधिकार प्रवर्द्धन, बाल समूहहरू सञ्चालन, बालबालिकाका लागि सार्वजनिक सुनुवाइ, बालमैत्री पूर्वाधार निर्माण जस्ता गतिविधिहरूमा जोड दिएको थियो । भने, नगरपालिकाले बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न बजेट विनियोजनमा पनि प्राथमिकता दिएको छ । २०७९/८० को आर्थिक वर्षमा सामाजिक क्षेत्रमा ४१ करोडभन्दा बढी बजेट विनियोजन गरिएको थियो । जसले बालबालिका सम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । साथै, बाल अधिकार, बालमैत्री स्थानीय शासन र आचारसंहिता निर्माणसम्बन्धी कार्यशालाहरू समेत आयोजना गरी जनचेतना अभिवृद्धि गरिएको छ ।
देवचुलीले बालबालिकाको सहभागिता सुनिश्चित गर्न विद्यालय तथा समुदायमा बाल समूह गठन गरेको छ र बालबालिकालाई स्थानीय निर्णय प्रक्रियामा सहभागी गराईरहेको छ । बालमैत्री संरचना निर्माण र बाल संरक्षण समितिहरूको सक्रियताले बाल हिंसा न्यूनीकरण र बाल अधिकार संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

सुनवल नगरपालिका, नवलपरासी (बर्दघाट सुस्त पश्चिम) जिल्लामा अवस्थित एक स्थानीय तह हो । जसले आफूलाई नेपालकै पहिलो बालमैत्री नगरपालिका घोषणा गरेको थियो । बाल अधिकारको संरक्षण, प्रवर्द्धन र संस्थागत सुनिश्चितताका लागि सुनवल नगरपालिकाले स्थानीय शासनमा बालबालिकाको सरोकारलाई प्राथमिकता दिँदै आएको छ । नेपाल सरकारको बालमैत्री स्थानीय शासन कार्यविधि, २०७९ र यसको पूर्ववर्ती दिशानिर्देशनहरूलाई व्यवहारमा लागू गर्दै यस नगरपालिकाले विभिन्न कार्यक्रम र संरचनागत पहलमार्फत बाल अधिकारलाई संस्थागत बनाएको छ ।

सुनवलले विद्यालय र समुदायमा बाल समूह/बाल क्लबको गठन तथा सशक्तीकरणमा विशेष ध्यान दिएको छ । प्रत्येक विद्यालयमा बाल क्लबहरू सक्रिय रूपमा गठन गरिएको छ, जसले बालबालिकाको आवाज अभिव्यक्त गर्ने, विद्यालयमा हुने हिंसा, भेदभाव तथा दण्ड संस्कृति विरुद्ध चेतना फैलाउने कार्य गर्दै आएका छन् । त्यस्तै, समुदायमा बाल अधिकार समिति गठन गरी बालबालिकासँग सम्बन्धित मुद्दा पहिचान गर्ने, सम्बन्धित निकायहरूसँग समन्वय गरेर समाधान गर्ने अभ्यास भइरहेको छ । युनिसेफजस्ता साझेदार संस्थाहरूको सहयोगमा नगरले बाल अधिकारको क्षेत्रमा थप सुदृढीकरण गरिरहेको छ ।

नगरपालिकाले बालमैत्री योजना निर्माण र कार्यान्वयनका लागि छुट्टै बजेट विनियोजन गर्दै आएको छ । हरेक आर्थिक वर्षमा बाल संरक्षण, बाल सहभागिता, किशोरी सशक्तीकरण, यौन तथा प्रजनन स्वास्थ्य शिक्षालगायत कार्यक्रमका लागि बजेट छुट्याइन्छ । उदाहरणका लागि, आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाले करिब २५ लाख रुपैयाँ बालमैत्री कार्यक्रममा खर्च गरेको थियो । यसले योजना बनाउने प्रक्रियामा बालबालिकाको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्दै उनीहरूको दृष्टिकोणलाई नीति निर्माणमा समेट्ने अभ्यासलाई प्रोत्साहित गरेको छ ।

बालश्रम न्यूनीकरण र बालविवाह रोकथामको क्षेत्रमा पनि सुनवलले उदाहरणीय काम गरेको छ । जोखिमयुक्त बालश्रममा संलग्न बालबालिकाको पहिचान गरेर पुन:स्थापना तथा सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ

। बालविवाह न्यूनीकरणका लागि विद्यालय तथा समुदायमा चेतनामूलक कार्यक्रमहरू, किशोरी बालिकाका लागि आत्मरक्षा तालिम तथा अभिभावक लक्षित संवाद कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

सुनवल नगरपालिका बालमैत्री वातावरण निर्माणका लागि स्थानीय प्रशासन, प्रहरी, विद्यालय, अभिभावक र सामाजिक संस्थाहरूसँग समन्वय गर्दै अघि बढिरहेको छ । बाल अधिकारको प्रवर्द्धनका लागि यस्तो बहुक्षेत्रीय साझेदारीले दिगो र समावेशी स्थानीय शासन निर्माणमा सहयोग पुर्‍याइरहेको छ । बालमैत्री स्थानीय शासनको उदाहरणीय अभ्यासका रूपमा सुनवल नगरपालिका नेपालभरका अन्य स्थानीय तहहरूका लागि सिकाइ केन्द्रका रूपमा उभिएको छ ।

## ३.३ बालमैत्री स्थानीय शासन कार्यान्वयनका चुनौतीहरू

### क) क्षेत्रीय असमानता

नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा राष्ट्रियस्तरबाट कार्यान्वयनमा ल्याइएको भए तापनि, यसका कार्यान्वयनको अवस्था प्रदेश तथा स्थानीय तहमा एकरूप छैन । प्रदेशगत रूपमा हेर्दा, बागमती, कोशी र मधेश प्रदेशमा बालमैत्री शासन प्रणालीलाई प्रवर्द्धन गर्न केही नीतिगत र प्रोत्साहनात्मक प्रयासहरू गरिएको देखिन्छ । उदाहरणको लागि कतिपय प्रदेश सरकारले अनुदान, प्रविधि र तालिममार्फत स्थानीय तहहरूलाई बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा सहयोग उपलब्ध गराउँदै आएका छन् । बागमती प्रदेश सरकारले बालमैत्री सूचकहरू पूरा गर्न स्थानीय तहहरूलाई प्रोत्साहन स्वरूप वित्तीय अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरेको छ । यस्तै, मधेश प्रदेशमा पनि बाल संरक्षण तथा बाल सहभागिता प्रवर्द्धनका लागि प्रदेश सरकारद्वारा विशेष निर्देशिका जारी गरिएको छ ।

यी नीतिगत पहलहरू व्यवहारमा पूर्ण रूपमा प्रभावकारी बन्न सकेका छैनन् । अधिकांश स्थानीय तहहरूमा बालमैत्री सूचकहरूको कार्यान्वयन अधुरो रहेको देखिन्छ । कतिपय स्थानीय तहहरूले केवल घोषणा गर्न केन्द्रित रहेर, आधारभूत सूचकहरूको गहिरो कार्यान्वयनमा समेत ध्यान दिएका छैनन् । उदाहरणका लागि, बाल संरक्षण नीति तर्जुमा गरिएको भए तापनि, त्यसको कार्यान्वयन कार्ययोजना र स्रोत सुनिश्चितताको अभावमा नीति केवल कागजमै सीमित बन्ने गरेको स्थलगत अध्ययनको क्रममा कतिपय जानकार व्यक्तिहरूले बताएका थिए ।

त्यस्तै, पोषण, शिक्षा र स्वास्थ्य सेवामा पनि प्रदेशस्तरका भिन्नता र असमानता देखिन्छन् । केही दुर्गम र पिछडिएका क्षेत्रका स्थानीय तहहरूमा बालमैत्री कार्यक्रमहरू सुरु हुन नसकेको वा सुरु भए पनि संसाधन, दक्ष जनशक्ति र प्राविधिक क्षमता अभावका कारण प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिन्छ । जस्तै– कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका थुप्रै गाउँपालिकामा बालमैत्री पूर्वाधार, स्वास्थ्य सेवा पहुँच र पोषण कार्यक्रम अझै न्यून तहमा छन्, जसले क्षेत्रीय असमानता झन गहिरो बनाएको छ । त्यसैगरी, केही प्रदेशहरूमा स्थानीय नेतृत्व तथा कर्मचारीको चासो, चेतना र क्षमता अभावकै कारण पनि सूचकहरूको महत्त्व गम्भीर रूपमा लिइएको पाइँदैन । बालमैत्री कार्यक्रमलाई केवल घोषणाको सीमित औपचारिकताका रूपमा लिने प्रवृत्तिले दीर्घकालीन सुधारको बाटो अवरुद्ध बनाएको छ ।

### ख) तथ्याङ्क संकलन र विश्वसनीयता

बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि तथ्याङ्कमा आधारित नीति निर्माण, अनुगमन र मूल्याङ्कन अनिवार्य मानिन्छ । तर नेपालमा हालसम्म बालमैत्री सूचकहरूको कार्यान्वयनमा तथ्याङ्कमा आधारित मूल्याङ्कन प्रणाली कमजोर रहेको जानकारहरूले अध्ययनको क्रममा बताएका थिए । एक स्थानीय तहका प्रमुखका अनुसार, बालमैत्री स्थानीय शासन अन्तर्गतका सूचकहरूको कार्यान्वयन मूल्याङ्कन गर्न सबैभन्दा महत्त्वपूर्ण आधार भनेको विश्वसनीय तथ्याङ्क प्रणाली हो, तर त्यसको अवस्था अझै पनि अत्यन्तै कमजोर छ । उहाँको भनाइमा, "तथ्याङ्क सङ्कलनको प्रणाली नै कमजोर हुँदा हामीले गरेका कामको मूल्याङ्कन गर्न पनि गाह्रो भएको छ । योजनाहरू बनाउँदा तथ्याङ्क नहुँदा अनुमानमा भर पर्ने बाध्यता हुन्छ ।" यसले स्पष्ट रूपमा देखाउँछ कि बालमैत्री शासनलाई संस्थागत गर्ने प्रयासहरू कागजी रूपमा अगाडि बढे पनि त्यसको आधारभूत पूर्वाधार भनेको तथ्याङ्क प्रणाली हो, जुन अझै प्रभावकारी रूपमा विकास हुन सकेको छैन ।

विशेषगरी, स्थानीय तहमा बालबालिकाको अवस्था सम्बन्धी तथ्याङ्कहरू, जस्तै– जन्मदर्ता, खोप अवस्था, विद्यालय उपस्थिति, कुपोषण दर, बालश्रम वा बाल यौन दुर्व्यवहारका घटना- यस्ता महत्त्वपूर्ण सूचकहरू नियमित रूपमा सङ्कलन हुने अभ्यास छ । तर यस्ता तथ्याङ्क वास्तविकतामा आधारित हुन सकिरहेको छैन । अर्को एक वडाका वडा अध्यक्ष पनि यसमा सहमत छन् । उनका अनुसार वास्तविक तथ्याङ्क सङ्कलन प्रणाली अभाव हुँदा नीति निर्माण, बजेट विनियोजन र अनुगमन प्रक्रियामा समेत समस्या आइरहेको छ । उहाँको अनुभवमा धेरैजसो तथ्याङ्कहरू बाह्य संस्थाहरूले सञ्चालन गरेका सर्वेक्षण वा परियोजना गतिविधिहरूबाट मात्र उपलब्ध हुने गरेको छ, जुन पनि सबै स्थानीय तहको सन्दर्भमा लागू नहुन सक्छ ।

बालमैत्री वडा घोषणा गरेका अर्को एक वडाका अध्यक्ष भन्छन्:- "हामीले बालमैत्री घोषणा त गऱ्यौं, तर त्यो घोषणा पछाडि रहेका ५० वटाभन्दा बढी सूचकहरूको नियमित मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ । त्यो मूल्याङ्कन विश्वसनीय तथ्याङ्क बिना सम्भव छैन ।" यो भनाइले मूल्याङ्कन प्रणालीको गहिरो कमजोरी देखाउँछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी स्थानीय तहलाईनै प्रदान गरिए तापनि व्यवहारमा प्राविधिक जनशक्ति, तालिम, प्रविधि, तथा संस्थागत संरचना अभावले गर्दा यो प्रक्रिया औपचारिकतामा मात्र सिमित रहेको एक बाल अधिकारकर्मीले बताए । उहाँले सबै स्थानीय तहमा एकीकृत बालमैत्री तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो, जसले स्थानीय तहमा आधारित सूचकहरूको नियमित अद्यावधिक, विश्लेषण र प्रयोगलाई सहज बनाउनेछ । यस्तो प्रणाली नभएसम्म, बालमैत्री शासनको दिगोपनामा प्रश्न उठिरहने र उपलब्धिहरू दावीमा मात्र सीमित हुने खतरा रहेको बाल अधिकारकर्मीको निष्कर्ष रहेको थियो ।

बालमैत्री स्थानीय शासनको सूचकहरूको कार्यान्वयनको तथ्याङ्क सङ्कलनको अवस्थामा भएको यस किसिमको कमजोरीको कारण यसको मूल्याङ्कन प्रणाली व्यवस्थित र प्रभावकारी हुन सकिरहेको छैन । विशेषगरी, अधिकांश स्थानीय तहहरूमा बालबालिकाको अवस्थासम्बन्धी नियमित, समावेशी र विश्वसनीय तथ्याङ्क सङ्कलनको संरचना विकास हुन सकेको छैन । सर्वप्रथम, बालबालिकाको जन्मदर्ता, स्वास्थ्य, शिक्षा, पोषण, हिंसा, दुर्व्यवहार तथा संरक्षणसम्बन्धी सूचकहरूका तथ्याङ्कहरू अधुरो, अपूर्ण वा असंगठित रहेको पाइन्छ । नेपालमा सन् २०१९ मा जम्मा ७७ प्रतिशत मात्र बालबालिकाको जन्मदर्ता भएको छ ।  जन्मदर्ता गर्नु भनेको बालबालिकाको कानूनी

मान्यता सुनिश्चित गर्ने, उनीहरूको अधिकारको रक्षा गर्ने र कुनैपनि किसिमको बाल अधिकारको उल्लङ्घन हुन नदिने कुराको सुनिश्चित गर्नु हो । जन्मदर्ता नभएका बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा, श्रम बजार र सामाजिक सुरक्षा जस्ता सेवाहरूमा पहुँच नहुन सक्दछ । युनिसेफको उक्त तथ्याङ्कले जन्मदर्ता जस्तो आधारभूत सूचकमा समेत चुनौतीहरू विद्यमान रहेको देखाउँदछ र यसले बालबालिकालाई शिक्षा, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा तथा नागरिकता सेवाबाट वञ्चित गरिरहेको छ ।

त्यस्तै, स्वास्थ्य तथा पोषण सम्बन्धी तथ्याङ्क स्थानीय तहहरूबाट नियमित रूपमा अद्यावधिक हुन सकिरहेको छैन । उदाहरणका लागि, सेभ द चिल्ड्रेनको एक प्रतिवेदन अनुसार, धेरै स्थानीय तहहरूमा ५ वर्षमुनिका बालबालिकाको कुपोषण दर र खोपको अवस्था सम्बन्धी तथ्याङ्क व्यवस्थित ढंगले सङ्कलन गरिएको पाइँदैन । यस्तै, विद्यालयमा बालबालिकाको उपस्थितिको तथ्याङ्क पनि नियमित रूपमा अद्यावधिक नगरिने हुँदा शिक्षासम्बन्धी सूचकहरू पनि विश्वसनीय रूपमा प्रस्तुत गर्न कठिन हुन्छ ।

नेपालको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरूलाई सेवा प्रवाहको अनुगमन र मूल्याङ्कनको अधिकार दिएको छ । तर व्यवहारमा, यस्ता मूल्याङ्कनहरू गुणात्मक विवरणमा आधारित हुने गरेका छन् । धेरैजसो स्थानीय तहमा आत्ममूल्याङ्कनलाई नै आधार मानेर बालमैत्री घोषणा गर्ने गरिएका छन् । यसको अर्थ, सूचकहरूमा प्राप्त उपलब्धिको स्वघोषणा गरिन्छ, जसको तथ्याङ्कमा आधारित तेस्रो पक्ष मूल्याङ्कनको अभ्यास ज्यादै न्यून रहेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले बताए । यस्तो मूल्याङ्कन प्रणालीले स्थानीय तहमा सूचकको वास्तविक प्रगति मापन गर्न कठिन बनाएको उहाँको भनाइ रहेको छ । यसका साथै तथ्याङ्क सङ्कलनमा मानव स्रोतको अभाव, प्राविधिक उपकरण तथा क्षमता अभाव र नीति-कार्यन्वयन बीचको दूरी प्रमुख चुनौतीका रूपमा देखिन्छन् । केही स्थानीय तहहरूमा डिजिटल प्रणालीको प्रयोग थालिए पनि त्यसको निरन्तरता, नियमित अद्यावधिक र प्रयोगशक्ति नहुँदा तथ्याङ्क प्रणाली प्रभावकारी हुन सकेको छैन ।

## ग) मूल्याङ्कन उपकरण र अभ्यासमा देखिएका चुनौतीहरू

बालमैत्री स्थानीय शासनको सफल कार्यान्वयनका लागि प्रभावकारी मूल्याङ्कन प्रणाली अनिवार्य छ । तर, नेपालका धेरै स्थानीय तहहरूमा त्यसका लागि आवश्यक उपकरणहरूको प्रयोग अझै पनि अधूरो, अपुरो र अनियमित अवस्थामा रहेको स्थलगत अध्ययनको क्रममा देखिएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ अनुसार, हरेक स्थानीय तहले बालबालिकाको वस्तुगत विवरण, सूचना सङ्कलन फारमहरू, वार्षिक घरधुरी सर्वेक्षण तथा सामुदायिक अनुगमन उपकरणहरू मार्फत बालबालिकाको अवस्थासम्बन्धी तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुन्छ । तर यस्ता उपकरणहरूको प्रयोग सैद्धान्तिक रूपमा मात्र उल्लेख गरिएको, व्यवहारमा भने प्रायः नगन्य वा एकपटक प्रयोगमा सीमित रहेको जानकारहरूको भनाइ रहेको छ ।

बालमैत्री स्थानीय शासन घोषणा भएको एक वडाका प्रमुख जानकार व्यक्तिले भने- “हामीले बालमैत्री घोषणा त गर्‍यौं, तर त्यसपछि के-कसरी अनुगमन गर्ने, के फारम प्रयोग गर्ने, कहाँ बुझ्ने भन्ने कुराहरूमा हामीमै प्रस्टता छैन । त्यसैले धेरैजसो अनुगमन कार्यक्रम कागजी औपचारिकतामा सीमित हो कि जस्तो भएको छ ।” यस भनाइले नै बालमैत्री स्थानीय शासनको लागि तयार पारिएका विभिन्न उपकरणहरू सञ्चालन गर्न आवश्यक स्पष्ट मार्गदर्शन, क्षमता र निरन्तरतामा अभाव रहेको देखाउँदछ ।

त्यस्तै, स्थलगत अध्ययनको क्रममा भ्रमण गरिएको कर्णाली प्रदेशको एक स्थानीय तहमा कार्यान्वयन निर्देशिकाले तोके बमोजिमका विभिन्न समितिहरू गठन गरिएका छन् । यस्ता समितिहरूले समुदाय, विद्यालय, स्वास्थ्य संस्था, बालक्लब वा आमा समूहमा पुगेर तथ्याङ्क सङ्कलन गर्ने अभ्यास पनि गरिरहेका छन् । यद्यपी यो आफैमा पूर्ण भने नरहेको एक प्रमुख जानकार व्यक्तिले बताए । उहाँका अनुसार अनुगमन टोलीले वर्षको एकपटक मात्र सांकेतिक रूपमा भ्रमण गर्ने, त्यसमा संलग्नहरूलाई तथ्याङ्क संकलनको विधिबारे स्पष्ट जानकारी नहुने र परिणाम विश्लेषण नगरी प्रतिवेदनमा लेख्ने प्रवृत्ति पनि रहेको छ ।

एक समूह केन्द्रित छलफलमा सहभागिता जनाएका बालक्लबका सदस्यहरूले कसरी अनुगमन हुन्छ भन्ने बारेमा आफूहरूलाई जानकारी नभएको बताएका थिए । स्थानीय तह तथा वडास्तरमा आयोजना हुने विभिन्न गोष्ठी, अर्न्तक्रिया तथा छलफल कार्यक्रमहरूमा आफूहरूले दिएको प्रतिक्रिया लेखिन्छ कि लेखिन्न भन्ने थाहा नभएको उनीहरूको भनाइ रहेको थियो । यसले स्थानीय तहमा सहभागिता मूल्याङ्कन अभ्यासमा सीमितता रहेको संकेत गर्दछ ।

यस्ता कमजोर अभ्यासका कारण बालमैत्री सूचकहरूको वास्तविक प्रगति मापन, समस्या पहिचान र आवश्यक सुधारको नीति निर्माणमा गम्भीर कठिनाइ उत्पन्न भएको देखिन्छ । उदाहरणका लागि, धेरै स्थानीय तहमा विद्यालय जान नसकेका बालबालिकाको वास्तविक संख्या अभावमा शिक्षासम्बन्धी कार्यक्रमहरू अनुमानमा आधारित हुने गरेका छन् । युनिसेफको एक प्रतिवेदन अनुसार, नेपालमा अझै ५ देखि १२ वर्ष उमेर समूहका करिब ७ लाख ७० हजार भन्दा बढी  बालबालिका विद्यालय बाहिर रहेका छन् ।

## घ) व्यवस्थापकीय चुनौतीहरू

नेपालमा बालमैत्री स्थानीय शासनका अवधारणा गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिको रूपमा परिकल्पना गरिएको हो तर यसको कार्यान्वयन प्रक्रियामा विभिन्न संस्थागत र प्रशासनिक चुनौतीहरू देखा परेका छन्, जसले यसको प्रभावकारितामा गम्भीर असर पुऱ्याएको छ । विशेष गरी स्थलगत अध्ययनले देखाएअनुसार अधिकांश स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीहरूमा बालमैत्री अवधारणाबारे पर्याप्त ज्ञान र बुझाइको अभाव देखिन्छ ।

जनप्रतिनिधिहरूले बालमैत्री स्थानीय शासन किन आवश्यक छ ? यसले के अर्थ दिन्छ ? र यसको दीर्घकालीन महत्त्व के हो ? भन्ने बारेमा स्पष्ट समबुझाई नभएकोले यो अवधारणा उनीहरूको प्राथमिकतामा परेको देखिँदैन । बाल अधिकारलाई समेट्ने नीतिगत तथा कार्यक्रमगत विषयवस्तुहरूलाई व्यवहारमा ल्याउनेतर्फ अपेक्षित संलग्नता देखिएको छैन । विशेषत: बालमैत्री स्थानीय शासनमा प्रयोग गरिने ५१ वटा सूचकहरू र स्थानअनुसार थप गरिएका स्थानीय सूचकहरूबारे जानकारीको अभावले गर्दा तिनको कार्यान्वयन अन्योलपूर्ण भएको छ ।

संस्थागत रूपमा पनि स्थानीय तहमा प्रणालीगत कमजोरीहरू देखिन्छन् । धेरै वडामा बालबालिकाको वस्तुगत

विवरण नै छैन, जसले गर्दा नीति निर्माण तथा योजनामा लक्षित हस्तक्षेप गर्न कठिनाइ हुन्छ । वडास्तरीय बैठकहरू नियमित रूपमा नबस्ने, अभिलेख व्यवस्थापन कमजोर हुने र निर्णयहरू कागजातमा अभिलेखित नहुने प्रवृत्तिले कार्यक्रमको पारदर्शिता र उत्तरदायित्वमा समेत प्रश्न उठाउँछ ।

सुदूरपश्चिम प्रदेशका एक स्थानीय तहका अधिकारी बाल कल्याण अधिकारी, मनोविमर्शकर्ता, सामाजिक परिचालक जस्ता प्राविधिक जनशक्तिको अभावले पनि कार्यक्रमलाई समग्र रूपमा कार्यान्वयन गर्न चुनौती खडा भएको बताउँदछन् । उनका अनुसार कतिपय स्थानीय तहले संरचना निर्माण गरे पनि कर्मचारीको अभावका कारण तिनीहरू प्रभावकारी रूपमा क्रियाशील हुन सकेका छैनन् । त्यसका साथै, उपलब्ध कर्मचारीहरूलाई बालमैत्री अवधारणासम्बन्धी तालीम तथा अभिमुखीकरण कार्यक्रमको अभावले कार्यक्षमता अभिवृद्धिमा समेत असर परिरहेको छ ।

## ङ) सामाजिक, आर्थिक र मनोवैज्ञानिक चुनौतीहरू

नेपालका विभिन्न गाउँपालिका र नगरपालिकामा बालमैत्री स्थानीय शासन लागू गर्ने प्रयास भइरहे पनि यसको प्रभावकारी कार्यान्वयनमा सामाजिक, आर्थिक र मनोवैज्ञानिक चुनौतीहरू गम्भीर रूपमा देखा परिरहेका छन् । स्थलगत अध्ययन र अन्तरक्रियाका दौरानमा देखिएका यस्ता चुनौतीहरूलाई गहिरिएर विश्लेषण गर्नु आवश्यक छ । यस्तै कारणहरूले बालमैत्री अवधारणाको व्यवहारिकता सीमित बनाइरहेका छन् ।

सबैभन्दा पहिले, वडास्तरमै व्याप्त सामाजिक समस्याहरू बालमैत्री शासन कार्यान्वयनमा मुख्य अवरोधका रूपमा देखिएका छन् । देशका थुप्रै गाउँटोलमा अझै पनि बालविवाह, जातीय विभेद, घरेलु हिंसा र लागू औषध दुर्व्यसन जस्ता समस्या ज्यूँका त्यूँ छन् । यी समस्याहरूले बालबालिकालाई सुरक्षित, समावेशी र सशक्त वातावरण दिन असम्भव बनाइरहेका छन् । सामाजिक संरचना भित्र गहिरो रूपमा गढिएको भेदभावपूर्ण सोच, विशेषतः दलित तथा अन्य सीमान्तकृत समुदायका बालबालिकामाथिको व्यवहार, बालमैत्री शासनको मान्यता र मापदण्ड पूरा गर्नमा गम्भीर चुनौती बनेका छन् ।

साथै, आर्थिक चुनौतीहरू पनि उत्तिकै जटिल छन् । गरिबी, बेरोजगारी तथा आम नागरिकमा चेतनाको कमीले गर्दा बालमैत्री कार्यक्रमहरू समुदायमा प्रभाव पार्न सकेका छैनन् । स्थानीय तहहरूले 'बालकोष' सञ्चालन गर्ने नीति तलिएका छन् तर प्रारम्भमा कार्यविधि नहुनु र हाल कार्यविधि बने पनि त्यसको कार्यान्वयनमा बजेटको गम्भीर अभाव रहेको देखिन्छ । धेरै स्थानीय तहहरू सङ्घीय वा प्रादेशिक सरकारको सशर्त अनुदानमा भर पर्नुपरेको अवस्था छ, जसले आत्मनिर्भर कार्यान्वयन प्रक्रिया अवरुद्ध बनाउँछ । अर्को महत्त्वपूर्ण चुनौती भनेको स्रोतसाधनको सीमितता हो । बालमैत्री कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक, भौतिक तथा जनशक्ति स्रोतहरू अभावमा छन् । आवश्यक सेवा प्रवाहका लागि कर्मचारी तथा तालिम प्राप्त जनशक्ति नभएको स्थिति छ । विद्यालयमा खाजा, शैक्षिक सामग्री, बालक्लबका बैठक सञ्चालनका लागि स्थान र सामग्रीको अभावले गर्दा बालमैत्री सोच व्यवहारमा उतार्न कठिन भइरहेको छ । बालबालिकाको वस्तुगत विवरण बनाउनसमेत बजेट अभावका कारण समस्या देखिन्छ ।

मनोवैज्ञानिक रूपमा पनि चुनौतीहरू गहिरा छन् । अधिकांश अभिभावक, शिक्षक, राजनीतिक नेताहरू तथा

समुदायका अन्य सरोकारवालाहरूमा बाल अधिकारप्रति चेतना र संवेदनशीलता कमजोर छ । उनीहरू बालबालिकालाई अधिकारप्राप्त नागरिकको रूपमा होइन, केवल संरक्षणको पात्रका रूपमा हेर्ने प्रवृत्ति अझै बलियो रहेको देखिन्छ । निर्णय प्रक्रियाबाट बालबालिकालाई बाहिर राख्ने, उनीहरूको आवाज सुन्न नचाहने र विकासका प्राथमिकतामा उनीहरूलाई नसमेट्ने सोचले बालमैत्री अवधारणाको आधारभूत मान्यतालाई नै कमजोर बनाइरहेको छ ।

स्थानीय सरकारहरूले नीति निर्माण गरेर विद्यालय आसपास मदिरा, सुर्ती, चुरोट आदिको बिक्रीमा प्रतिबन्ध लगाउने निर्णय गरे पनि कार्यान्वयनको चरणमा चुनौती खेपिरहेका छन् । बजार, स्कूल तथा समुदाय स्तरमा यस्तो बिक्रि नियन्त्रण गर्न जनशक्ति, राजनीतिक इच्छाशक्ति र नागरिकको सहभागिताको कमी देखिन्छ । कतिपय स्थानीय तहहरूले बालमैत्री वडा वा स्थानीय तह घोषणा गर्ने लक्ष्य त लिएका छन् तर सो लक्ष्यलाई समयमै पूरा गर्न नसक्नुको कारण बजेट अभाव हो । बालमैत्री कार्यक्रमको लागि स्थायी स्रोत सुनिश्चित गर्न नसक्दा संघसंस्था वा गैर सरकारी संघसंस्थाको सहयोगमा भर परिरहनु परेको अवस्था छ जसले कार्यक्रमको दिगोपनामा गम्भीर प्रश्न खडा गर्छ । नेपालका अधिकांश पालिकामा बालमैत्री स्थानीय शासन अवधारणा लागू गर्ने प्रयास भएका छन् तर सामाजिक बेथिति, आर्थिक अभाव, स्रोतसाधनको कमी र मनोवैज्ञानिक बुझाइको कमजोरीले गर्दा ती प्रयासहरू पूर्ण रूपमा प्रभावकारी बन्न सकेका छैनन् । कर्णाली प्रदेशका एक स्थानीय तहका प्रमुख यस्ता सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक सवालहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयनमा विभिन्न चुनौतीहरू सिर्जना गरिरहेको छ ।

## च) राजनीतिक चुनौतीहरू

नेपालमा बालमैत्री स्थानीय शासन अवधारणाको प्रभावकारी कार्यान्वयनका क्रममा देखा परेका प्रमुख चुनौतीहरूमध्ये राजनीतिक चुनौती एक हो । स्थलगत अध्ययन र विभिन्न स्थानीय तहमा गरिएको छलफलको आधारमा, यो स्पष्ट हुन्छ कि बालबालिकासम्बन्धी मुद्दा राजनीतिक प्रभावबाट पूर्ण रूपमा अछुतो छैन । छलफलमा सहभागी अधिकांश वडा अध्यक्ष तथा स्थानीय जनप्रतिनिधिहरूले खुलेरै स्वीकार गरेका छन् कि बालमैत्री अवधारणालाई व्यवहारमा ल्याउने क्रममा विपक्षी राजनीतिक दलहरूबाट अवरोध भइरहेको छ । कतिपय वडाहरूमा, सत्ता पक्षका जनप्रतिनिधिहरूले बालमैत्री घोषणा गर्ने तयारी गर्दा प्रतिपक्षले 'क्रेडिट' लिने डरले वा राजनीतिक हिसाबले असहयोग गर्ने रणनीति अपनाएको गुनासो गरिएको छ । यस्ता राजनीतिक असहयोगका कारण जनहितको विषयमा समेत ढिलाइ हुनु दुर्भाग्यपूर्ण पक्ष हो । बालबालिकाको मुद्दा स्वभावतः गैर-राजनीतिक हुनु आवश्यक छ, किनभने यसले सबै दल, सबै समुदाय र सबै वर्गलाई छोएको विषय हो । तर, व्यवहारमा हेर्दा राजनीतिक स्वार्थ, प्रतिशोध र प्रतिस्पर्धाले बालमैत्री अवधारणालाई पनि प्रभावित पारिरहेको पाइन्छ । कतिपय स्थानमा बालमैत्री स्थानीय शासन घोषणालाई प्रचारमुखी राजनीतिको रूपमा मात्र प्रयोग गरिएको देखिएको छ, जसले दीर्घकालीन दिगोपनामा असर पुऱ्याइरहेको छ ।

सुदूरपश्चिम प्रदेशको एक वडा अध्यक्ष- "राजनीतिक नेताहरूले बालअधिकार र बालमैत्री अवधारणालाई आफ्नो प्राथमिक एजेण्डाका रूपमा बुझ्न नसक्दा नीति निर्माण, बजेट विनियोजन र कार्यान्वयनमा कमजोरी देखा परेको" बताउँदछन् । कतिपय जनप्रतिनिधिहरूले बालमैत्री शासनप्रति व्यक्तिगत चासो नै नदेखाउँदा अभियान केवल कागजमा सिमित हुने खतरा उत्पन्न भएको छ । घोषणा गरिएका वडाहरूमा पनि राजनीतिक इच्छाशक्ति

कमजोर देखिएको छ । घोषणासँगै अनिवार्य रूपमा आउनुपर्ने कार्यक्रमहरूको निरन्तरता, अनुगमन, समीक्षा र बजेटको सुनिश्चितता जस्ता पक्षमा राजनीतिक तहबाट सक्रियता कम देखिन्छ । जसको कारण अभियान सुरु त भएको देखिन्छ, तर प्रभावकारी कार्यान्वयन र परिणाम निस्किन सक्दैन ।

अर्को पक्ष हो, नागरिक समाज संस्था बाहेक राजनीतिक दलहरूबाट समर्थनको अभाव । कतिपय वडामा बालमैत्री अवधारणाका पक्षमा काम गर्ने संस्थाहरूले पहल गरे पनि सशक्त राजनीतिक समर्थन नपाउँदा ती प्रयासहरू कमजोर र असहज बन्न पुगेका छन् । सत्ता र प्रतिपक्षबीचको असहमतिले, बाल अधिकारजस्ता विषयहरूमा पनि 'पोलिटिकल पोलाराइजेशन' को स्थिति सिर्जना भएको देखिन्छ, जुन लोकतान्त्रिक अभ्यासका लागि खतरनाक संकेत हो । बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा राजनीतिक अस्थिरता, दलहरूबीचको सहकार्यको कमी तथा नेतृत्व तहको कमजोर प्रतिबद्धताले चुनौती सिर्जना गरिरहेको छ । समूह केन्द्रित छलफलका सहभागीहरूले बताएका थिए ।

### छ) संस्थागत चुनौतीहरू

नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा व्यवहारमा कार्यान्वयन गर्न प्रयासरत विभिन्न स्थानीय तहहरूले थुप्रै संस्थागत र व्यवस्थापनसम्बन्धी चुनौतीहरूको सामना गरिरहेका छन् । यी चुनौतीहरू बालबालिकाको अधिकार सुनिश्चित गर्ने लक्ष्यमा अवरोध सिर्जना गर्दै छन् । स्थलगत अध्ययन र विभिन्न पक्षसँगको अन्तरक्रिया मार्फत यी समस्याहरूलाई गहिरो रूपमा बुझ्न सकिन्छ ।

सबैभन्दा पहिले, स्थानीय तह, नागरिक समाज संस्था तथा अन्य सरोकारवालाबीच स्पष्ट समन्वयको अभाव रहेको छ । बालमैत्री अभियानमा कसले के गर्ने, कुन तहमा कसरी समन्वय गर्ने भन्ने स्पष्ट संरचना नहुँदा संस्थागत भूमिकामा अन्योल उत्पन्न हुन्छ । यसले कार्यक्रमहरूको कार्यान्वयनमा गम्भीर असर पार्छ । धेरैजसो पालिकामा बालमैत्री कार्यक्रम कहाँ छन्, कस्तो अवस्थामा छन्, के समस्या छन् र सुधार कसरी गर्ने भन्ने बारेमा एकीकृत जानकारी प्रणालीको अभाव देखिन्छ ।

यसैगरी, अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर हुनु अर्को प्रमुख चुनौती हो । पालिकाहरूले बनाएका कार्ययोजनाहरू प्रायः कागजमै सीमित हुने गरेको छ । तिनको कार्यान्वयनमा वडास्तरका प्रशासनिक कमजोरीहरू, जनशक्ति अभाव तथा नेतृत्वको गैर-सक्रियताका कारण ढिलाइ हुने गरेको छ । योजनाहरू समयमै कार्यान्वयन नहुँदा बालमैत्री कार्यक्रमले अपेक्षित प्रभाव पार्न सक्दैन ।

केही वडाहरूमा बालक्लब गठन भएका छन्, तर ती निष्क्रिय अवस्थामा रहेको पाइएको छ । संरचना त छ तर सञ्चालनमा प्रभावकारिता छैन । बालक्लबहरूले बालबालिकाको आवाज प्रतिनिधित्व गर्नुपर्ने हो, तर आवश्यक क्षमता अभिवृद्धि र निरन्तर मार्गदर्शनको अभावले उनीहरू निष्क्रिय छन् । यसैगरी, धेरै पालिकाहरूमा अझै बालबालिकाको वस्तुगत विवरण प्रतिवेदन तयार हुन सकेको छैन, जसले गर्दा लक्षित योजना निर्माण, जोखिम पहिचान र बालबालिकाको आवश्यकतामा आधारित योजना निर्माण गर्न कठिन भइरहेको छ ।

बालमैत्री शासनको सन्दर्भमा अझै पनि बालविवाह, बालश्रम र विद्यालय बाहिर रहेका बालबालिकाको संख्या

चिन्ताजनक रूपमा कायम रहेको देखिन्छ । यी समस्याहरू योजनाबद्ध, तथ्याङ्कमा आधारित र समन्वयात्मक प्रयास बिना सम्बोधन गर्न असम्भवजस्तै देखिन्छ । संस्थागत ढाँचा कमजोर हुँदा यस्ता संवेदनशील विषयहरू प्रणालीगत रूपमा समेटिन सकेका छैनन् । स्थानीय जनसमुदायमा बालअधिकारप्रतिको चेतना न्यून हुनुले पनि बालमैत्री कार्यक्रमहरूलाई व्यवहारमा कार्यान्वयन गर्न गाह्रो बनाइरहेको छ । जबसम्म समुदाय स्वयं सचेत र सक्रिय हुँदैन, तबसम्म बालमैत्री अवधारणाले दिगो रूपमा जरा गाड्न सक्दैन । अभिभावक, शिक्षक, स्थानीय नेताहरू र स्वयं बालबालिकामा पनि अधिकार, सुरक्षाका विषयमा ज्ञान र सशक्तिकरणको अभावले गर्दा कार्यक्रमहरू केवल औपचारिकताको रूपमा सीमित भइरहेका छन् । बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा देखिएका संस्थागत र व्यवस्थापनसम्बन्धी चुनौतीहरूले समग्र प्रणालीलाई कमजोर बनाइरहेका छन् ।

### ज) कानुनी र नीतिगत चुनौती

नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न कानुनी र नीतिगतस्तरमा पहलहरू भइरहेका छन् । कतिपय पालिका र वडाहरूले बालमैत्री कार्यक्रम कार्यान्वयनका लागि आ-आफ्नो सन्दर्भअनुसार नीति, रणनीति, कार्यविधि, मार्गदर्शन र निर्देशिकाहरू तयार पारेका छन् । तर ती नीतिहरू कागजमा मात्र सीमित छन्, व्यवहारमा उतार्न सक्ने संयन्त्र, जनशक्ति र स्रोतसाधनको अभाव रहेको गम्भीर चुनौतीको रूपमा देखिन्छ ।

नीति निर्माण गर्नु तुलनात्मक रूपमा सजिलो प्रक्रिया हो, तर त्यसको कार्यान्वयन गर्ने क्षमता अभाव हुनु अहिलेको सबैभन्दा ठूलो समस्या हो । धेरै पालिकाहरूले बालमैत्री कार्यक्रमका लागि नीति त बनाएका छन्, तर कार्यान्वयनका लागि आवश्यक पर्ने मानव संसाधन, प्राविधिक सहयोग तथा वित्तीय व्यवस्थापन प्रणालीको निर्माण गर्न सकेका छैनन् । नीति केवल दस्तावेजमा सीमित रहँदा बालबालिकाको हक, सुरक्षा, शिक्षा, स्वास्थ्य तथा सहभागिता सम्बन्धी विषयहरू व्यवहारमा लागू गर्न सकिदैन ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको ऐन, नियम, निर्देशिका तथा रणनीतिहरू यथास्थितिमा रहेको अवस्था हो । प्रदेश वा सङ्घीय सरकारले बनाएको कानुनी संरचना स्थानीय तहसम्म प्रभावकारी ढंगले कार्यान्वयन हुन सकेको छैन । उदाहरणका लागि, बालश्रम (निषेध तथा नियमन) ऐन, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, बालबालिकाको शिक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्डहरू स्थानीय स्तरमा कार्यान्वयनका लागि अनुवादित र समायोजन हुनुपर्नेमा त्यसमा आवश्यक तत्परता देखिएको छैन ।

यसको मूल कारण भनेको राजनीतिक इच्छाशक्ति र प्रशासनिक तत्परताको अभाव हो । स्थानीय सरकारका धेरै जनप्रतिनिधि र प्रशासकहरूले बालमैत्री अवधारणालाई आफ्नो प्राथमिकतामा नराख्दा कानुनी तथा नीतिगत व्यवस्था व्यवहारमा निष्क्रिय भइरहेका छन् । नीति बनाउने बेलामा उत्साह देखिए पनि, बजेट विनियोजन, कार्यान्वयन संरचना निर्माण वा नियमित अनुगमनमा चासो नदिँदा नीतिहरू निष्प्रभावी भइरहेका छन् ।

बालमैत्री अवधारणालाई समेट्ने कानुनी संरचना जति सशक्त र स्पष्ट भए पनि, जबसम्म त्यसलाई कार्यान्वयन गर्ने संस्थागत संयन्त्र, प्राविधिक दक्षता, मानव संसाधन तथा स्थानीय स्वामित्व सुनिश्चित हुँदैन, तबसम्म त्यो

नीति व्यवहारमा अर्थहीन हुन्छ । केही पालिकाले बालमैत्री कार्यविधि त ल्याएका छन् तर ती कार्यविधिका आधारमा गरिने कामहरूको योजनाबद्ध रूपमै कार्यान्वयन छैन ।

### झ) कार्यान्वयन तहका केही चुनौतीहरू

नेपालमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सरकारद्वारा तोकिएका ५१ वटा राष्ट्रिय सूचकहरू मध्ये केही सूचकहरू व्यवहारमा कार्यान्वयन गर्न अत्यन्तै चुनौतीपूर्ण रहेका सरोकारवालाहरूले बताएका थिए । स्थलगत अध्ययन र स्थानीय तहका जनप्रतिनिधिहरूसँगको अन्तरक्रियाका क्रममा कतिपय सूचकहरू विशेष गरी स्वास्थ्य र श्रमसम्बन्धी सूचकहरू कार्यान्वयनको चरणमा गम्भीर समस्यामा परेको देखिन्छ ।

सबैभन्दा पहिले, सम्पूर्ण खोप अनिवार्य बनाउने सूचक कार्यान्वयनमा ठूलो कठिनाइ रहेको छ । केही पालिकाहरूमा अझै पनि परम्परागत सुत्केरी अभ्यास कायम छ, जसले गर्दा आमाहरू स्वास्थ्य संस्थामा जाने भन्दा घरमै सुत्केरी हुने प्रवृत्तिमा छन् । यसले नत आमा र बच्चाको स्वास्थ्य सुनिश्चित गर्छ, नत नियमित खोपको पहुँचको व्यवस्था गर्न सहज बनाउँछ । खोपप्रतिको लापरवाही, स्वास्थ्य सेवा प्रदायकप्रतिको विश्वासको कमी र सुदूर ग्रामीण बस्तीमा सेवा विस्तारको कमजोरीले गर्दा यो सूचकलाई प्रभावकारी रूपमा लागू गर्न चुनौती रहेको छ ।

सप्तरीको सुरुंगा नगरपालिकाको उदाहरण लिँदा, त्यहाँको जनसंख्याको झण्डै ३५ प्रतिशत दलित समुदाय रहेको छ । यी समुदायहरूमा स्वास्थ्य र शिक्षाप्रति पहुँच अझै पनि कमजोर छ । उनीहरूलाई लक्षित नीति र कार्यक्रम नभएको वा भए पनि व्यवहारमा लागू नभएको अवस्थाले गर्दा खोप जस्ता आधारभूत सेवामा पहुँच अझै न्यून  रहेको छ । जातीय भेदभाव, सामाजिक बहिष्कार र सेवाबाट वञ्चित गरिने व्यवहारले गर्दा यो सूचकको कार्यान्वयन अझ कठिन बनेको छ ।

त्यस्तै अर्को महत्त्वपूर्ण  सूचक भनेको १८ वर्ष मुनिका बालबालिकालाई श्रम गर्न नदिने सूचक हो । यो सूचक कार्यान्वयनमा सिधै आर्थिक अवस्था बाधक बनेको देखिन्छ । नेपालको धेरैजसो ग्रामीण तथा सीमान्तकृत समुदायमा बालबालिका परिवारको आम्दानीको स्रोतका रूपमा प्रयोग भइरहेका छन् । गरिबी, बेरोजगारी र सामाजिक सुरक्षाको अभावले गर्दा बालबालिकाले विद्यालय जानुको साटो होटल, ईटाभट्टा, कृषि कार्य, घरेलु काम वा सडकमा काम गर्नुपरेको अवस्था यथावत् छ । यस्तो अवस्थामा ‘बालश्रम निषेध’को सूचक व्यवहारमा कार्यान्वयन गर्न सम्भव छैन, जबसम्म ती परिवारको आर्थिक अवस्था सुधार हुँदैन ।

### ञ) जनशक्ति अभाव

स्थानीय तहमा बालमैत्री अवधारणाको महत्त्व, आवश्यकता तथा त्यसको कार्यान्वयन प्रक्रियाबारे स्पष्ट बुझाइ राख्ने कुशल र समर्पित कर्मचारीहरूको अभाव एक गम्भीर चुनौतीको रूपमा देखा परेको छ । धेरै स्थानीय तहमा बालमैत्री कार्यक्रम सञ्चालन, अनुगमन तथा समन्वयको जिम्मेवारी पाएको कर्मचारीले आवश्यक तालिम, सीप र जानकारी नपाएका कारण कार्यक्रमहरू केवल औपचारिकतामा सीमित छन् ।

बाल अधिकारको सुनिश्चितताका लागि छुट्टै बाल कल्याण अधिकारीको नियुक्ति, बाल अधिकार समिति, बाल कोष, बाल संरक्षण तथा संवर्धन कार्यविधिको व्यवस्था तथा बालमनोविज्ञ र समाजसेवीको सूचीकरण र आवश्यकता अनुसार परिचालनको व्यवस्था हुनु जरुरी हुन्छ भने बालमैत्री स्थानीय शासन प्रवर्धनका लागि बालमैत्री शासन समिति, बालमैत्री सहजकर्ताको व्यवस्था हुनुपर्नेमा हालसम्म यस्तो व्यवस्था धेरै स्थानीय तहहरूमा हुन सकेको पाइदैन । यसले गर्दा योजनाको समयमै कार्यान्वयन, गुणस्तरीय सेवा प्रवाह, बालबालिकासँगको समन्वय र स्थानीय आवश्यकता पहिचानमा समस्या उत्पन्न भएको छ ।

कतिपय वडाहरूमा शिक्षकलाई बालमैत्री अभियानको अतिरिक्त जिम्मेवारी दिइएको छ, तर उनीहरूलाई न त समय छ, न त आवश्यक सीप । यस्तो अवस्थामा कार्यक्रम प्रभावकारी बन्नु त परै जाओस्, त्यसको प्राथमिक लक्ष्य नै ओझेलमा पर्छ । मानव संसाधनको कमजोरीले गर्दा बाल अधिकारको विषयमा पालिकाको नेतृत्व र जनप्रतिनिधिहरू पनि गम्भीर बन्न सकेका छैनन् ।

### ट) कोभिड-१९ लगायत विपद् व्यवस्थापनको प्रभाव

कोभिड-१९ महामारीले नेपालको सामाजिक, आर्थिक र प्रशासनिक संरचनामा गम्भीर असर पुर्याएको छ । यसको असर बालमैत्री स्थानीय शासन कार्यान्वयनमा पनि प्रत्यक्ष देखिएको छ । सरोकारवालाका अनुसार, करिब तीन वर्षको अवधिमा स्थानीय तहहरू आफैं कोभिड रोकथाम र नियन्त्रणको काममा केन्द्रित भएका कारण बालमैत्री कार्यक्रमहरू ओझेलमा परे । सङ्घीय, प्रदेश र स्थानीय सरकारले अधिकांश बजेट र स्रोतसाधन स्वास्थ्य आपतकालीन कार्य, परीक्षण, क्वारेन्टाइन व्यवस्थापन र जनचेतनामूलक कार्यहरूमा खर्च गर्नुपरेको थियो । यसले गर्दा बालमैत्री अवधारणाका लागि विनियोजन गरिएका रकम कटौती गरियो वा कार्यान्वयन नै रोकियो ।

त्यति मात्र होइन, महामारीका कारण वडास्तरमा सञ्चालन हुने बालक्लबका गतिविधिहरू, अभिभावक-शिक्षक समन्वय, बालबालिका सशक्तीकरण कार्यक्रम तथा स्थानीयसभा र तालिमहरू स्थगित गरिए । अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर हुँदै गयो र स्थायित्वका लागि आवश्यक पहलहरू पछि धकेलिए । यस अवधिमा विद्यालय बन्द हुँदा बालबालिकाको शिक्षा, स्वास्थ्य र सुरक्षा तीनवटै क्षेत्रमा नकारात्मक असर परेको छ ।

यसैगरी कोभिड-१९ मात्र नभई अन्य प्राकृतिक विपद् (जस्तै– बाढी, भूकम्प, पहिरो, आदि) तथा मानवीय संकटहरूको व्यवस्थापनमा स्थानीय सरकारहरू व्यस्त भइरहँदा बालमैत्री स्थानीय शासनजस्ता दीर्घकालीन सामाजिक विषयहरू प्राथमिकताको सूचीबाट पछि परेका छन् । विपद् व्यवस्थापन र प्रतिकार्यमा तत्काल प्रतिक्रिया आवश्यक पर्ने हुँदा बालबालिकासम्बन्धी योजनाहरूलाई स्थगित गर्नुपर्ने अवस्था सिर्जना हुने मधेश प्रदेशका एक जनप्रतिनिधिको भनाइ रहेको थियो ।

### ठ) दिगोपनाको चुनौती

बालमैत्री स्थानीय शासन घोषणा भईसकेका स्थानीय तह तथा वडाहरूले दिगोपना कायम राख्नका लागि विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन् । पहिलो चुनौती भनेको सूचकहरूको प्रभावकारी कार्यान्वयनमा देखिएको छ । धेरै पालिकाहरूले बालमैत्री सूचकहरू पूरा गर्ने लक्ष्य राखे पनि, वास्तविकतामा सूचकहरूमा उल्लेखनीय

भिन्नता देखिँदैन । साथै, बाल अधिकार समितिहरूको गठन र सक्रियता, बालश्रम मुक्त घोषणा, बाल मनोविज्ञ र समाजसेवीको सूचीकरण र परिचालन जस्ता महत्त्वपूर्ण कार्यहरू धेरै पालिकामा अझै पूर्णरूपमा सम्पन्न हुन सकेका छैनन् । यसले बालमैत्री स्थानीय शासनको दिगोपनामा बाधा पुऱ्याइरहेको देखिन्छ ।

दोस्रो चुनौती अनुगमन र व्यवस्थापन प्रणालीको कमजोर अवस्थासँग सम्बन्धित छ । बालमैत्री स्थानीय शासनको प्रभावकारिता कायम राख्न अनुगमन अत्यन्त आवश्यक हुन्छ तर प्रदेश र जिल्ला समन्वय समितिहरूले अनुगमनमा पर्याप्त सक्रियता देखाएका छैनन् । कतिपय अनुगमन कार्यक्रमहरू औपचारिक र भाषणमूलक मात्र हुने गरेका छन्, जसले सूचकहरूको वास्तविक प्राप्ति सुनिश्चित गर्न सकिरहेको छैन । साथै, बालमैत्री घोषणा प्रक्रियामा मनलाग्दी र फितलो स्वीकृति दिने प्रवृत्ति पनि देखिएको छ, जसले बालमैत्री स्थानीय शासनको गुणस्तर र दिगोपनामा नकारात्मक प्रभाव पारिरहेको छ । राजनीतिक नेतृत्वको प्राथमिकता नपर्नु र सङ्घीय तहमा ठोस रणनीतिक पहलको अभावले पनि यस क्षेत्रमा सुधार ल्याउन कठिनाइ थपेको छ ।

### ड) शासन प्रक्रियामा बालबालिकाको सहभागिताप्रति सांस्कृतिक चुनौती

नेपालमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका क्रममा शासन प्रक्रियामा बालबालिकाको संलग्नता र सहभागिताप्रति रहेको नकारात्मक दृष्टिकोण एक चुनौती हो । परम्परागत सामाजिक संरचनाले बालबालिकालाई परिपक्व निर्णयकर्ताको रूपमा स्वीकार गर्न नसक्ने प्रवृत्ति बोकेको छ, जसले गर्दा उनीहरूलाई केवल संरक्षणको विषयका रूपमा मात्र हेरिने गरिएको छ । परिवार, विद्यालय, समुदाय तथा स्थानीय सरकारका निकायहरूमा बालबालिकाको विचार र आवाजलाई निर्णायक रूपमा नस्वीकारिने अवस्था विद्यमान छ । फलस्वरूप, बाल क्लब, बाल सञ्जाल लगायतका संरचनाहरू केवल औपचारिकताका लागि सञ्चालन हुने गरेका छन् । जबसम्म बालबालिकाको अभिव्यक्ति र सहभागिता मानव अधिकारको अभिन्न अङ्ग हो भन्ने मान्यता समाजमा स्थापित हुँदैन, तबसम्म बालमैत्री स्थानीय शासनको अवधारणाले व्यवहारिक रूपमा कार्यान्वयन गर्न गाह्रो हुने सरोकारवालाहरूको भनाइ छ ।

### ढ) बालबालिकाको संलग्नता र दृष्टिकोणलाई बेवास्ता गरिनु एउटा प्रमुख चुनौती

बालमैत्री स्थानीय शासन कार्यान्वयनको क्रममा बालबालिकाको वास्तविक संलग्नता, उनीहरूले दिन सक्ने योगदान, बुझाइ र दृष्टिकोणलाई पर्याप्तरूपमा सम्बोधन नगर्नु एक महत्त्वपूर्ण चुनौतीका रूपमा देखा परेको छ । समूह केन्द्रित छलफलमा सहभागी भएका बाल क्लबका सदस्यहरूले समेत योजना निर्माण, नीति निर्माण तथा कार्यान्वयनको प्रक्रियामा उनीहरूलाई औपचारिक रूपमा मात्र सहभागी गराइने तर उनीहरूको विचार, आवश्यकता र अनुभवलाई सुन्ने, सङ्कलन गर्ने र प्रतिविम्बित गर्ने अभ्यास कमजोर रहेको धारणा व्यक्त गरेका थिए । बालमैत्री शासनको मूल मर्म नै बालबालिकाको सक्रिय सहभागिता र आवाजको सम्मानमा आधारित भए पनि व्यवहारमा उनीहरूको संलग्नताको अवस्था कमजोर र सीमित देखिन्छ । यस्तो अवस्थामा बालमैत्री कार्यक्रमहरू बालबालिकाको वास्तविक आवश्यकताभन्दा बाहिर केन्द्रित हुने सम्भावना रहन्छ, जसले दीर्घकालीन प्रभावकारिता र स्वामित्वमा नकारात्मक असर पुऱ्याउँछ ।

## ३.४ सिकाइहरू

नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै यसको व्यवहारिकता स्थानीय तहसम्म विस्तार हुँदै गएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि बालबालिकाको हक, संरक्षण, सहभागिता र समग्र सशक्तीकरणप्रति स्थानीय तहहरूलाई जिम्मेवार बनाएको छ । यसै सन्दर्भमा देशभरका विभिन्न स्थानीय तहहरूले बालमैत्री अवधारणालाई आत्मसात् गरी कार्यान्वयन थालेका छन् । तर बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका क्रममा विभिन्न खालका प्रशासनिक, सामाजिक, आर्थिक, नीतिगत, राजनीतिक तथा प्राविधिक चुनौतीहरू देखा परेका छन् । देशका फरक-फरक प्रदेशमा रहेका स्थानीय तहहरूमा स्थलगत अध्ययन गर्दा थुप्रै जटिलता र अवरोधहरूको सामना भइरहेको छ भन्ने तथ्य उजागर भएका छन् । कर्मचारीको अभाव, बजेटको कमी, जनप्रतिनिधिको अनिच्छा, बालबालिकाप्रतिको सामुदायिक चेतनाको न्यूनता, सूचक कार्यान्वयनको कठिनाइ, कोभिड-१९ को प्रभावजस्ता विषयले बालमैत्री अभियानलाई व्यवहारमा प्रभावशाली ढंगमा कार्यान्वयन गर्न कठिन बनाएको छ । यस पृष्ठभूमिमा, यी व्यावहारिक अनुभव, समस्या र प्रतिक्रिया समेट्दै बालमैत्री स्थानीय शासन कार्यान्वयन गरेका विभिन्न वडा तथा स्थानीय तहको अनुभवबाट केही सिकाइ प्राप्त गर्न सकिन्छ । जुन निम्नानुसार रहेका छन् ।

### क) स्थानीय तहको नेतृत्व

बालमैत्री स्थानीय शासनको कार्यान्वयनको सफलता वा असफलता स्थानीय तहको नेतृत्वको भूमिकासँग जोडिएको देखिन्छ । स्थलगत अध्ययन गरिएका विभिन्न पालिकाहरूको अनुभव अनुसार, वडा अध्यक्ष वा पालिका प्रमुखको राजनीतिक इच्छाशक्ति, स्थानीय मुद्दाप्रतिको संवेदनशीलता र स्रोतको समुचित परिचालन क्षमता भएमा बालमैत्री अवधारणा व्यवहारमा रूपान्तरण गर्न सकिने देखिन्छ ।

यस क्रममा केही वडाहरूले आफ्नो सन्दर्भअनुसार बालमैत्री कार्ययोजना तयार पारेका छन् । यस अन्तर्गत वडा स्तरीय बालमैत्री समिति गठन, बालक्लबको स्थापनादेखि विद्यालय पूर्वाधार सुधार तथा सामाजिक मुद्दा (बालविवाह, बालश्रम, विद्यालय बहिष्करण आदि) मा बजेट विनियोजन गरिएको छ । यस्तो अभ्यासबाट सीमित स्रोतसाधन हुँदाहुँदै पनि, यदि नेतृत्व प्रतिबद्ध छ भने बालमैत्री स्थानीय तह घोषणा गर्न सकिन्छ भन्ने सिक्न सकिन्छ । यसले नेतृत्वकर्ताहरूलाई केवल ऐन-कानुन बुझ्ने होइन, बालबालिकाको हकप्रति उत्तरदायी, समावेशी र सशक्त नेतृत्वको अभ्यास गर्दा सहजताका साथ बालमैत्री कार्यान्वयन गर्न सकिन्छ । बालमैत्री स्थानीय शासन अभियान सफल बनाउन समुदाय, विद्यालय, सामाजिक संघसंस्था र बालबालिकासँग समन्वय गर्ने कुशल नेतृत्वका उदाहरणहरू सिकाइका रूपमा देखिएका छन् ।

### ख) बाल क्लब/किशोरकिशोरी सञ्जाल/युवा क्लबको सशक्तिकरण र परिचालन

स्थानीय तहमा बाल क्लबहरूलाई सक्रिय बनाउन सक्दा बालमैत्री अवधारणालाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिने देखिन्छ । विद्यालय र समुदायस्तरमा क्रियाशील बालक्लब प्रतिनिधिहरूले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिमुखीकरण कार्यक्रम र वडा स्तरीय समितिहरूमा समेत सहभागिता जनाउँदै बालबालिकाको आवाज नीतिगत तहसम्म पुर्‍याउने काम गरिरहेका छन् । यस्ता क्लबहरूले बालमैत्री कार्यक्रमहरूको निगर ानी, सुझाव दिनु र सामुदायिक सरोकारमा आवाज उठाउन थालेका छन् । अघिल्लो पुस्तामा बोल्न डराउने

प्रवृत्तिको सट्टामा अहिलेका बालबालिकामा अधिकारबोध, आत्मविश्वास र नेतृत्व क्षमता विकास भएको स्पष्ट देखिन्छ । यसले "बालबालिका अभियानको विषय मात्र होइन, अभियानका नायक हुन सक्छन्" भन्ने सन्देश दिन्छ । बालक्लबको सशक्तिकरणले बालबालिकालाई आत्मनिर्भर बनाउने, उनीहरूमा सामाजिक उत्तरदायित्वको भावना विकास गर्ने र समाज परिवर्तनको प्रक्रियामा सहभागी गराउने अवसर सिर्जना गरेको छ । यस्तो अभ्यासले बालमैत्री स्थानीय शासन सफल बनाउने मुख्य आधार भनेकै बालबालिकालाई निर्णय प्रक्रियामा समावेश गर्नु हो भन्ने कुरा सिकाउँदछ । यसैगरी किशोरकिशोरी सञ्जाल तथा युवा क्लबको सशक्तिकरण र परिचालनले पनि बालमैत्री स्थानीय शासनलाई कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्दछ ।

### ग) विद्यालय क्षेत्रको सक्रियता तथा महत्त्व

स्थलगत अध्ययन तथा विभिन्न पालिकाहरूमा बालमैत्री स्थानीय शासन कार्यान्वयनको अनुभवले विद्यालयलाई बालमैत्री अभियानको केन्द्रविन्दुका रूपमा प्रयोग गर्न सकिने सम्भाव्यता देखाएको छ । विद्यालयहरू केवल शिक्षण-शिक्षा प्रदान गर्ने संस्था मात्र नभई बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रहने, उनीहरूको आवश्यकता बुझ्ने र व्यवहारमा हस्तक्षेप गर्न सक्ने महत्त्वपूर्ण सामाजिक संस्था पनि हुन् ।

विद्यालयमार्फत् बालमैत्री शासन कार्यान्वयनका विविध सूचकहरूमा उल्लेखनीय सुधार गर्न सकिने यस अध्ययनले पनि देखाएको छ । जस्तै– बालबालिकाको पूर्ण भर्ना सुनिश्चित गर्ने, विद्यालयबाट बाहिर रहेका बालबालिकाको पहिचान गरी पुनः भर्ना गराउने, बालश्रम न्यूनीकरण गर्ने प्रयास, हिंसा रहित शिक्षण पद्धति लागू गर्ने र बालमैत्री शौचालय तथा सेनेटरी प्याड जस्ता सुविधाको व्यवस्था गरिएका छन् । यस्ता सुविधाहरूले बालबालिकामा विद्यालयप्रतिको आकर्षण मात्र बढाएको छैन, उनीहरूको गरिमा, आत्मविश्वास र सहभागिता पनि प्रवर्द्धन गरेको छ ।

यसका अतिरिक्त, शुद्ध खानेपानीको पहुँच, स्वच्छता सम्बन्धी सचेतना र बालमैत्री पाठ्यवस्तुहरूको प्रयोग जस्ता उपायहरूले सिकाइको गुणस्तरमा सुधार ल्याएको देखिन्छ । विद्यालयमा बालमैत्री वातावरण तयार पार्दा बालबालिकाको विद्यालयमा टिकाउदर वृद्धि हुनुका साथै उनीहरूको मानसिक र सामाजिक विकासमा पनि सकारात्मक प्रभाव परेको छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति, बालक्लब प्रतिनिधि र अभिभावकसँगको सहकार्यले विद्यालयलाई बालमैत्री अभियानको सशक्त प्लेटफर्म बनाएको छ । यस्ता अभ्यासहरूले यदि विद्यालयमा बालमैत्री सोच र अभ्यास संस्थागत गर्न सकियो भने त्यो सम्पूर्ण समुदायमा सकारात्मक व्यवहार परिवर्तन ल्याउने प्रवेशद्वार बन्न सक्छ भन्ने सिकाएको छ ।

### घ) स्थानीय समुदायको अनिवार्य सहभागिता

बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवहारमा प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि समुदायको सक्रिय सहभागिता अनिवार्य छ भन्ने कुरा स्थलगत अभ्यासहरूबाट स्पष्ट रूपमा देखाएको छ । बाल अधिकारका विषय केवल विद्यालय वा पालिकाको जिम्मेवारी मात्र नभई सम्पूर्ण समुदायको साझा उत्तरदायित्व हो

भन्ने बुझाइ विकास गर्न नसकेसम्म बालमैत्री अवधारणाको दीर्घकालीन सफलता सम्भव हुँदैन ।

नेपालका धेरै पालिकाहरूमा गरिएको अध्ययनले अभिभावक, शिक्षक, वडास्तरीय बालमैत्री समिति, धार्मिक अगुवा, सामाजिक संघसंस्था, युवाहरू तथा नागरिक समाजका प्रतिनिधिहरू यदि योजना निर्माणदेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्म सक्रिय रहन्छन् भने कार्यक्रममा आफ्नोपनको भावना सिर्जना हुन्छ भन्ने देखाएको छ । जब समुदाय आफैं सहभागी हुन्छ तब कार्यक्रमलाई सफल बनाउने जिम्मेवारी उनीहरूले लिन्छन्, जसले स्वामित्व र उत्तरदायित्व सुदृढ पार्छ ।

विशेष गरी बालविवाह रोकथाम, बालश्रम न्यूनीकरण, विद्यालयमा उपस्थितिको वृद्धि, बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) तयार पार्ने कार्य तथा बालमैत्री व्यवहार निर्माण जस्ता क्षेत्रमा समुदायको संलग्नता अत्यन्तै प्रभावकारी देखिएको छ । उदाहरणका लागि, कतिपय गाउँमा अभिभावक समूहहरूले आफैंले बालविवाहबारे निगरानी गर्ने, विद्यालय नआउने बालबालिकाका घरमा गएर अभिभावकसँग संवाद गर्ने जस्ता अभ्यास गरेका छन् ।

त्यस्तै, धार्मिक अगुवाहरूलाई संलग्न गराउँदा परम्परागत विश्वासहरूलाई संवेदनशील ढंगले सम्बोधन गर्न सकिने हुँदा समुदायमा सामाजिक रूपमा स्वीकार्य बालमैत्री व्यवहार प्रवर्द्धन गर्न मद्दत पुगेको छ । यसले स्पष्ट रूपमा देखाउछ कि समुदायको चेतना, सोच र दृष्टिकोणमा परिवर्तन नै बालमैत्री अभियानको सफलताको मुख्य आधार हो । यदि समुदायले बालअधिकारलाई गम्भीरतापूर्वक लिने, बालबालिकालाई निर्णय प्रक्रियाको भाग बनाउने र उनीहरूको भलोका लागि अग्रसर हुने अभ्यासलाई अंगाल्यो भने कार्यक्रम स्थायी र प्रभावकारी बन्ने सम्भावना उच्च हुन्छ ।

समुदायलाई केवल लाभग्राहीको रूपमा होइन, साझेदार र अगुवा परिवर्तनकर्ताको रूपमा हेर्ने सोचले मात्र बालमैत्री स्थानीय शासनलाई दीर्घकालीन रूपमा व्यवहारमा संस्थागत गर्न सकिन्छ भन्ने सिकाइ यसबाट प्राप्त भएको छ ।

### ङ) बहुआयामिक सहकार्य र साझेदारीको आवश्यकता

कुनै पनि स्थानिय तहमा बालमैत्री स्थानीय शासन अभियानलाई सफल बनाउन बहुआयामिक सहकार्य र साझेदारी अपरिहार्यता रहेको छ । एकल निकाय वा संस्थाले बाल अधिकार सुनिश्चित गर्ने, सेवाको पहुँच वृद्धि गर्ने तथा नीति कार्यान्वयन गर्ने कार्य प्रभावकारी रूपमा गर्न सक्दैन । त्यसैले नगरपालिका, विद्यालय, स्वास्थ्य संस्था, समुदाय, सञ्चारमाध्यम र नागरिक समाजबीचको समन्वय र सहकार्य अत्यन्त आवश्यक रहेको सिकाइ स्थलगत अध्ययनले देखाएको छ ।

बालमैत्री अभियानको लक्ष्य प्राप्त गर्न पालिकाले मात्र योजना बनाएर कार्यान्वयन गर्दा दीर्घकालीन सफलता प्राप्त नहुन सक्दछ । जब शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक, बालक्लबहरू, सञ्चारकर्मी, अभिभावक र सरोकारवाला निकायबीच सार्थक संवाद र समन्वय हुन्छ, तब कार्यक्रमले व्यापक असर पार्न सक्छ । यसले व्यवहार परिवर्तन मात्र होइन, नीति कार्यान्वयनमा गुणस्तरीयता र स्थायित्व पनि सुनिश्चित गर्छ ।

उदाहरणका रूपमा, मधेश प्रदेशको सुरुंगा नगरपालिकाको अभ्यास उल्लेख गर्न सकिन्छ । यस नगरपालिकामा पालिका र विद्यालयबीचको सहकार्यले विद्यालय पूर्वाधार सुधार, शिक्षण सामग्रीको व्यवस्थापन तथा बालबालिकालाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने कुरामा सकारात्मक परिणाम देखिएको छ । विद्यालयमा बालमैत्री शौचालय निर्माण, सेनेटरी प्याड वितरण, स्वास्थ्य परीक्षण क्याम्पहरूको आयोजना र पो षणसम्बन्धी  सचेतना कार्यक्रमहरू यी सहकार्यकै उपलब्धि हुन् । यसले देखाएअनुसार संस्थागत साझेदारी र समन्वयको स्पष्ट संरचना निर्माण नगरी बालमैत्री कार्यक्रम दिगो र प्रभावकारी बन्न सक्दैन । यस्ता अभ्यासले सहकार्यलाई केवल अनौपचारिक सहमति नभई साझा उत्तरदायित्व र साझा दृष्टिकोणमा आधारित संयन्त्र बनाउनु पर्ने आवश्यकता देखाउछ ।

यसर्थ बालमैत्री अभियान सफल बनाउन हरेक पक्ष जस्तै– स्थानिय तह, समुदाय, विद्यालय, स्वास्थ्य संस्था, सञ्चारकर्मी र नागरिक समाजले आफ्नो भूमिकालाई गम्भीरतापूर्वक आत्मसात गर्दै संवेदनशील, समावेशी र दिगो साझेदारीमा आधारित सहकार्यको अभ्यास सुदृढ गर्न आवश्यक छ भन्ने सिकाइ प्राप्त भएको छ ।

## च) जनप्रतिनिधि र कर्मचारी बीचको बलियो समन्वय र सहकार्य

बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधिहरूको राजनीतिक प्रतिबद्धता र कर्मचारीको प्राविधिक दक्षता दुवै अनिवार्य पक्ष हुन् भन्ने सिकाइ रहेको छ । योजनाको सुरुवात, नीति निर्माणदेखि लिएर त्यसको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्म जनप्रतिनिधिको दृढ इच्छाशक्ति र कर्मचारीको दक्षता एउटै रथका दुई पाङ्ग्रा जस्तै रहेको सरोकारवालाको अनुभव छ ।

स्थलगत अध्ययनमा विशेष रूपमा मधेश प्रदेशको सुरुंगा नगरपालिकाको अभ्यासले यो सहकार्यको उत्कृष्ट नमुना प्रस्तुत गरेको छ । उक्त नगरपालिकामा वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा बीच सशक्त समन्वय कायम भएको पाइन्छ । उनीहरूले योजनाको प्राथमिकता निर्धारणदेखि लिएर बजेट विनियोजन, बालक्लबको सशक्तिकरण, विद्यालय तथा समुदायसँगको सहकार्य र निगरानी कार्यमा समेत सहकार्य गर्दै आएका छन् ।

उक्त पालिकामा जनप्रतिनिधिहरूले बालअधिकारलाई आफ्नो राजनीतिक कार्यसूचीमा प्राथमिकतामा राखेका छन् भने कर्मचारीहरूले आवश्यक प्राविधिक मार्गदर्शन र व्यवस्थापन सहयोग प्रदान गर्दै आएका छन् । यस्तो सहकार्यले योजनाहरू कागजमै सीमित हुने प्रवृत्तिलाई हटाएर व्यवहारमा प्रभावकारी ढंगले कार्यान्वयन गरिरहेको छ । यसो हुँदा कार्यक्रममा स्थानीय स्वामित्व बढेको छ, समुदायमा विश्वास पैदा भएको छ र बालबालिकाका आवश्यकता केन्द्रित योजनाहरू सफलतापूर्वक सञ्चालन भएका छन् ।

जनप्रतिनिधिको इच्छाशक्ति बिना कर्मचारीको प्रयास एक्लोपनमा सीमित हुन जान्छ भने कर्मचारीको सीप र प्राविधिक मार्गदर्शन बिना जनप्रतिनिधिको प्रतिबद्धता व्यवहारमा उतार्न कठिन हुन्छ भन्ने स्पष्ट देखिएको छ । त्यसैले, स्थानीय सरकारको  नेतृत्वले यदि राजनीतिक दूरदृष्टि राख्यो र कर्मचारीहरूलाई साथमा लिएर काम गर्यो भने बालमैत्री अवधारणालाई व्यवहारमा उतार्न पूर्णतः सम्भव छ ।

### छ) समुदायलाई निरन्तर सुशुचित गर्दै जानु आवश्यक

बालमैत्री स्थानीय शासन प्रभावकारी रूपमा लागू गर्नका लागि केवल नीति, योजना वा संरचना बनाउनु मात्र पर्याप्त हुँदैन बरु समुदायमा निरन्तर शिक्षा र जनचेतना फैलाउने काम अत्यावश्यक हुन्छ भन्ने महत्त्वपूर्ण सिकाइ स्थलगत अभ्यासबाट प्राप्त भएको छ । विशेषतः खोप, पोषण, गुणस्तरीय शिक्षा, सुरक्षित मातृत्व सेवा, बालश्रम न्यूनीकरण, बालविवाह रोकथाम र बालअधिकारको सुनिश्चितता जस्ता विषयहरू केवल सरकारी मञ्च वा दस्तावेजमा सीमित नरही समुदायकै सोच र व्यवहारमा परिवर्तन ल्याउनुपर्ने विषयहरू हुन् । तर यस्ता विषयमा समुदायमा सचेतना अभाव रहेको देखिन्छ । धेरैजसो ग्रामीण र अर्धशहरी क्षेत्रका समुदायमा परम्परागत सोच, अज्ञानता र असमानता कायम नै छ, जसले बालमैत्री अवधारणालाई व्यवहारमा उतार्न कठिनाइ उत्पन्न गरिरहेको छ ।

यस सन्दर्भमा एक-दुईपटकको सूचना वा कार्यक्रमले व्यवहार परिवर्तन हुँदैन भन्ने देखिन्छ । बरु यस्ता विषयमा निरन्तर संवाद, सचेतनामूलक अभियान र समुदायसँग विश्वासको सम्बन्ध निर्माण गर्दै जाँदा मात्रै दीर्घकालीन परिवर्तन सम्भव हुने देखिन्छ ।

उदाहरणका लागि जब स्थानीय तहका प्रतिनिधिहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका कर्मचारीहरू वा बालक्लबका सदस्यहरू गाउँ-बस्तीमा गएर बारम्बार खोपको महत्त्व, पोषणका उपाय, बालश्रमको कारण निम्तिने समस्या तथा नोक्सानी वा विद्यालय जानुको फाइदा बारे कुरा गर्छन् तबमात्र समुदायले गम्भीरतापूर्वक ध्यान दिन थाल्छ भन्ने देखिन्छ । त्यसैले, जनसम्पर्क, निरन्तर अभियान र व्यवहार परिवर्तन सञ्चार रणनीतिको प्रभावकारी प्रयोग बालमैत्री अभियानको सफलताको मेरुदण्ड हो । त्यसैले बालमैत्री स्थानीय शासन स्थायी रूपमा लागू गर्न चाहने पालिकाहरूले निरन्तर समुदाय शिक्षालाई अनिवार्य अभ्यासका रूपमा स्वीकार गर्नु आवश्यक रहेको देखिन्छ ।

### ज) निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरूको समन्वय

बालमैत्री स्थानीय शासन घोषणा र कार्यान्वयनमा निजी क्षेत्र, नागरिक समाज संस्था र विकास साझेदार संस्थाहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुने विगतको अभ्यासबाट देखिन्छ । यी सबै सरोकारवालाले स्थानीय सरकारसँग सहकार्य गर्दै बालबालिकाको अधिकार बचाउ, संरक्षण, विकास र सहभागितालाई सुनिश्चित गर्न विविध कार्यक्रमहरू सञ्चालन गर्छन् । निजी क्षेत्रले आर्थिक स्रोत, प्रविधि र पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउँछ भने नागरिक समाज संस्थाहरूले बालबालिकाको अधिकारबारे जनचेतना अभिवृद्धि, निगरानी र नीति प्रभाव पार्ने काममा सक्रिय भूमिका खेल्छन् । विकास साझेदार संस्थाहरूले प्राविधिक सहयोग, क्षमता अभिवृद्धि तालिम, अनुसन्धान र नीति सल्लाहमार्फत स्थानीय तहलाई सशक्त बनाउँछन् जसले बालमैत्री स्थानीय शासनलाई दिगो र प्रभावकारी बनाउन मद्दत गर्दछ । उदाहरणका लागि, युनिसेफ, वर्ल्ड भिजन, सेभ द चिल्ड्रेन लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले बालमैत्री स्थानीय शासनका लागि आवश्यक स्रोत, तालिम र अनुगमनमा समर्थन गर्दै आएका छन् जसले स्थानीय तहहरूलाई बाल अधिकारको संरक्षणमा सक्षम बनाउदछ ।

यसरी, निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरूबीचको समन्वयले बालमैत्री स्थानीय शासनलाई व्यवहारमा प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ । यी साझेदारहरूले बालक्लब, बाल अधिकार समिति गठन र सञ्चालनमा स्थानीय सरकारलाई सहयोग पुऱ्याउँछन् । जसले बालबालिकाको आवाजलाई स्थानीय शासनमा समेट्न मद्दत गर्छ । साथै, सामाजिक सञ्जाल, सञ्चार माध्यम र जनचेतना अभियानमार्फत बाल अधिकार र बालमैत्री शासनबारे जनतालाई सचेत गराउने काममा पनि यी संस्थाहरूको योगदान रहने अभ्यासले देखाउँदछ । यसले बालमैत्री स्थानीय शासनलाई केवल घोषणामा सीमित नराखी व्यवहारमा उतार्न र बालबालिकाको हितमा ठोस परिणाम ल्याउन मद्दत गर्दछ । यसरी साझा प्रयासले बालमैत्री स्थानीय शासनलाई सफल र दिगो बनाउने आधार तयार पार्दछ, जसले नेपालको बाल अधिकार संरक्षण र विकासमा दीर्घकालीन प्रभाव पार्ने देखिन्छ ।

### झ) बालमैत्री स्थानीय शासन कार्यान्वयनमा प्रादेशिक संरचनाको क्षमता विकास

बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा प्रादेशिक संरचनाको कार्य क्षमता अझै पनि अपर्याप्त रहेको देखिएको छ । प्रमुख प्रमुख सूचनादाताहरूका अनुसार, यदि प्रादेशिक संरचनाको अनुगमन, मूल्याङ्कन र क्षमता विकासका लागि आवश्यक सबै पक्षहरूमा सुधार गरी क्षमता वृद्धि गरियो भने यसले बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा महत्त्वपूर्ण प्रभावकारीता ल्याउन सक्नेछ । प्रादेशिक तहमा सक्षम संरचना र जनशक्ति विकास भएमा स्थानीय तहहरूसँग समन्वय, अनुगमन र सहयोग सहज हुने भएकोले बालबालिकाका अधिकार र हित सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरू गुणस्तरीय रूपमा कार्यान्वयन गर्न सकिनेछ । यसैले प्रादेशिक संरचनाको क्षमता विकास गर्नु बालमैत्री स्थानीय शासनको सफल कार्यान्वयनका लागि महत्त्वपूर्ण सिकाइ र आवश्यक पूर्वाधार हो ।

धुलिखेल नगरपालिकाले वि.सं. २०७८ सालमा बालमैत्री नगरपालिका घोषणा गरेको थियो । यो घोषणा कुनै बाह्य दातृ सहयोग वा अनिवार्य निर्देशनको भरमा नभई, स्थानीय स्रोत, नेतृत्व र जनसहभागिताको माध्यमबाट गरिएको हो । मेयर अशोक व्यञ्जुका अनुसार, धुलिखेललाई बालमैत्री बनाउने अभियानमा नगरवासी नागरिक, १२ वटै वडाका अध्यक्षहरू, नगरका कर्मचारी, अभिभावकहरू तथा बालबालिकाको सक्रिय सहभागिता रहेको थियो । बालमैत्री वातावरण निर्माणका लागि नगरका सबै वडामा बाल उद्यान स्थापना गरिनु यस घोषणाको ठोस उपलब्धि हो, जसले बालबालिकाको सिर्जनात्मक, सुरक्षित र समावेशी विकासमा योगदान पुर्याएको छ ।

हाल नेपाल सरकारले वि.सं. २०८७ सालसम्ममा सम्पूर्ण देशलाई बालमैत्री राष्ट्रको रूपमा घोषणा गर्ने लक्ष्य लिएको छ । यद्यपि, मेयर व्यञ्जुको धारणा अनुसार, हालको प्रक्रिया अत्यधिक औपचारिकता र कागजी प्रकृयामा सीमित छ । उहाँको मुख्य चिन्ता अनुगमन तथा मूल्याङ्कन प्रणालीको कमजोरीसँग जोडिएको छ । बैठक बस्यो वा बसिएन भन्ने सूचक राखिएको भए पनि, उहाँका अनुसार, त्यो पर्याप्त होइन । बरु नीतिगत सुधार कति भए, रचनागत पूर्वाधार निर्माण भयो कि भएन, बालबालिकाले व्यवहारमा कस्तो लाभ पाए– यी कुरा मूल्याङ्कनका मुख्य मापदण्ड बन्नुपर्छ । यसैले, हाल प्रयोग गरिने सूचकहरूको पुनर्लेखन अपरिहार्य भएको उहाँको ठम्याइ छ ।

मेयर व्यञ्जु स्पष्ट पार्नुहुन्छ कि अहिले प्रयोगमा रहेका धेरै सूचकहरू झन्डै १५ वर्षअघिको एकात्मक शासन प्रणालीमा आधारित छन्, जुन अहिलेको संघीय शासन संरचनामा उपयुक्त छैनन् । अहिले धेरै स्थानीय तहहरू

वडागत रूपमा बालमैत्री घोषणा गर्दैछन्, जसले गर्दा धेरै स्रोत, समय र लगानी खपत भइरहेको छ । उहाँको सुझावमा, सिधै नगरपालिकाको स्तरमै घोषणा गर्न सकिने प्रणाली अवलम्बन गर्दा बढी प्रभावकारी, कम खर्चिलो र समन्वित परिणाम आउन सक्छ ।

धुलिखेलको अनुभवले दिगोपनाको गम्भीर प्रश्न उठाएको छ । घोषणाको तयारीमा धेरै मेहनत र स्रोत खर्च भए पनि, त्यसको दीर्घकालीन प्रभाव र निरन्तरतातर्फ चाहिँ कम ध्यान दिइएको पाइएको छ । मेयर व्यञ्जु भन्छन्– एकपटक घोषणा गरेर मात्रै पुग्दैन; त्यसको निरन्तरता, प्रभाव मूल्याङ्कन र संस्थागत स्थायित्व सुनिश्चित गरिनुपर्छ । यसको लागि नीति निर्माण, बजेट व्यवस्थापन, अनुगमन संयन्त्र र जनसहभागिता स्थायी रूपमा संस्थागत गर्न आवश्यक हुन्छ ।

बालमैत्री शासन सफल बनाउने मुख्य आधार भनेकै राजनीतिक प्रतिबद्धता हो भन्नेमा उहाँ दृढ हुनुहुन्छ । बालबालिकासँग सम्बन्धित सेवा, संरचना, नीति निर्माण र पूर्वाधार विकासका विषयलाई एकीकृत र मूल प्रवाहका विषयका रूपमा अघि बढाउनु पर्दछ । बाल अधिकारका क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र स्थानीय सरकारहरूलाई एउटै रणनीति अन्तर्गत 'बास्केट फण्ड' प्रणालीमार्फत समन्वित ढंगले अघि बढाउने हो भने छिट्टै प्रभावकारी परिणाम देख्न सकिने उहाँको धारणा छ ।

निष्कर्षमा भन्नुपर्दा, धुलिखेल नगरपालिकाको अनुभवले देखाउँछ कि स्थानीय तहमा यदि प्रष्ट दृष्टिकोण, समन्वय, नेतृत्व र जनसहभागिता छ भने, बालमैत्री स्थानीय शासनको अभियानलाई सार्थक रूपमा अघि बढाउन सकिन्छ । तर, यसको दिगोपनाका लागि घोषणापछि नियमित समीक्षा, परिणाम-केन्द्रित कार्यान्वयन, सङ्घीय संरचनासँग मेल खाने सूचकहरूको विकास र समन्वित संस्थागत संरचना आवश्यक छ । नेपाल सरकारको बालमैत्री राष्ट्र घोषणाको लक्ष्य यथार्थमा रूपान्तरण गर्न यो अनुभव एक प्रेरक र चेतावनी दुवै हुन सक्छ ।



# परिच्छेद चार
# निष्कर्ष तथा भावी कार्यदिशा

## ४.१ निष्कर्ष

नेपालको संविधानले बालबालिकाको बचाउ, संरक्षण, विकास, सहभागिता र समानताको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ भने तथा बालबालिका सम्बन्धी ऐन, २०७५ले बालबालिका २१ वटा अधिकारका विषयमा व्याख्या गरेको छ । साथै, नेपालले अनुमोदन गरेको बाल अधिकारसम्बन्धी महासन्धिले बालबालिकालाई बचाउ, विकास, संरक्षण र सहभागिताका आधारमा अधिकार सम्पन्न बनाउन जोड दिएको छ । यस सन्दर्भमा, नेपाल सरकारले अगाडि सारेको बालमैत्री स्थानीय शासनको अवधारणा अत्यन्तै सान्दर्भिक र व्यवहारिक कदमका रूपमा देखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई बाल अधिकार प्रवर्द्धन र बालमैत्री स्थानीय तह घोषणा तथा कार्यान्वयनको स्पष्ट अधिकार दिएको छ ।

बालमैत्री स्थानीय शासन अवधारणाको विकाससँगै नेपालमा विभिन्न स्थानीय तहहरूले बालबालिकालाई लक्षित नीति, कार्यक्रम र बजेट विनियोजन गर्न थालेका छन् । बालमैत्री विद्यालय, बाल क्लब, बाल अधिकार समिति, बालमैत्री पूर्वाधार तथा बालश्रम उन्मूलनका कार्यक्रमहरूको थालनीले स्थानीय तहमा बाल अधिकारको अभ्यास विस्तार भइरहेको छ । यद्यपि, अध्ययनको निष्कर्षमा अझै पनि स्रोतसाधनको अभाव, तथ्याङ्क व्यवस्थापनको कमजोरी, मानव संसाधनको अपुगता, समन्वयको अभाव र अनुगमन तथा मूल्याङ्कन प्रणालीको कमजोरी जस्ता संरचनागत र कार्यान्वयनमा चुनौतीहरू विद्यमान रहेको पाइएको छ ।

अध्ययनले देखाएको छ कि स्थानीय तहको नेतृत्व, प्रतिबद्धता, संरचना र साझेदारीले नै बालमैत्री शासनको प्रभावकारिता निर्धारण गर्छ । केही पालिकामा उदाहरणीय अभ्यासहरू पाइए तापनि ती अभ्यासहरू सबै पालिकामा समान रूपमा दोहोरिएको पाइँदैन । पालिकाले आफ्नो अधिकार प्रयोग गर्दै बालबालिकाको सहभागिता सुनिश्चित गर्ने, सेवा प्रवाह सुधार गर्ने, तथा दिगो संरचना निर्माणमा जोड दिने हो भने बालमैत्री शासनको संस्थागत रूपान्तरण सम्भव छ । साथै, नीति र व्यवहारबीचको अन्तर घटाउन व्यापक जनचेतना, तालिम र अनुगमन संयन्त्र आवश्यक देखिएको छ ।

नेपालमा सङ्घीय संरचना लागू भएपछि स्थानीय तहहरूलाई थप अधिकार र स्वायत्तता दिइएको छ । यसै सन्दर्भमा बालमैत्री स्थानीय शासनको अवधारणाको कार्यान्वयनको कार्य पनि अगाडि बढिरहेको छ । बालबालिकाको अधिकार संरक्षण, उनीहरूको समुचित विकास, सुरक्षा र सहभागिता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन गरिने यो शासन प्रणालीले मुलुकको लोकतान्त्रिक प्रक्रिया र मानवअधिकार संरक्षणको दृष्टिले ठूलो महत्त्व राख्छ ।

सङ्घीयता र स्थानीय स्वशासनले बालमैत्री स्थानीय शासनलाई संस्थागत गर्न नीति निर्माणमा स्थानीय सहभागिता, बालबालिकाको हितमा स्थानीय अनुकूल कार्यक्रमहरू सञ्चालन गर्ने क्षमता र स्रोत परिचालनको

स्वतन्त्रता लगायतका अवसरहरू सिर्जना गरेका छन् । तर यिनै परिवर्तनले केही चुनौतीहरू पनि उत्पन्न गरेका छन् । पहिलो-संघीय संरचनामा अधिकार र दायित्वको स्पष्ट विभाजन नहुँदा बालमैत्री कार्यक्रमहरूको कार्यान्वयनमा समन्वयको अभाव देखिएको छ । दोस्रो, स्थानीय तहहरूमा आवश्यक प्राविधिक जनशक्ति, बजेट तथा योजना निर्माणको क्षमता पर्याप्त नहुनु चुनौतीको रूपमा देखा परेको छ । अझै पनि धेरै स्थानीय तहहरूले बालबालिकासम्बन्धी योजना र बजेटलाई प्राथमिकतामा राख्न सकेका छैनन् ।

तेस्रो-सङ्घीय र प्रदेश सरकारसँगको समन्वय कमजोर हुँदा नीति र कार्यान्वयनबीच अन्तर देखिन्छ । बालमैत्री स्थानीय शासनका मापदण्डहरू सबै स्थानीय तहमा एकरूपमा बुझिएको छैन, जसका कारण योजना, कार्यान्वयन र अनुगमनमा विविधता र असमानता देखिएको छ । यसैगरी, स्थानीय राजनीतिक प्राथमिकताहरू र जनप्रतिनिधिहरूको समझदारीको कमीले पनि बालअधिकारका विषयलाई पर्याप्त ध्यान दिन नसक्ने अवस्था सिर्जना गरेको छ । यी चुनौतीहरुले बालमैत्री स्थानीय शासन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ उत्पन्न गराइरहेका छन् ।

बालमैत्री स्थानीय शासनको कार्यान्वयनका क्रममा देखिएका विभिन्न स्थानीय तहहरूको अवस्था अत्यन्त फरक-फरक रहेको देखिन्छ । केही स्थानीय तहहरूले बालबालिका केन्द्रित सेवा र कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिरहेका छन् भने कतिपय तहहरूमा यी कार्यक्रमहरू आंशिक वा प्रारम्भिक चरणमै सीमित छन् । कतिपयले बालमैत्री स्थानीय शासनका कुनै पनि काम सुरुवात नै गरेका छैनन् । उदाहरणका रूपमा सुदूरपश्चिम प्रदेशको गौरीगंगा नगरपालिकाको वडा नं. १० ले बालबालिकाको पोषण, शिक्षा, स्वास्थ्य सेवा र संरक्षणका क्षेत्रमा विभिन्न कार्य गर्दै आईरहेको छ । यसले बालमैत्री स्थानीय शासनले युवापुस्तालाई सकारात्मक वातावरण प्रदान गर्ने क्षमता राख्ने विश्वास जगाएको छ । तर, देशका अन्य धेरै स्थानीय तहहरूमा संसाधन अभाव, ने तृत्वको कमी र सामाजिक-सांस्कृतिक अवरोधले कार्यक्रम प्रभावकारी हुनबाट रोकिरहेको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयनमा देखिएका सबैभन्दा ठूलो चुनौती भनेको स्रोतको अभाव रहेको छ । धेरै स्थानीय तहमा बालमैत्री
कार्यक्रम सञ्चालन गर्न आवश्यक वित्तीय बजेट, पूर्वाधार र दक्ष जनशक्ति उपलब्ध छैन । बालबालिकाका अधिकार, संरक्षण र विकासका लागि समर्पित कर्मचारीहरूको कमीले सेवा प्रवाहमा ठुलो अवरोध उत्पन्न गरेको छ । यसैगरी, कर्मचारी र जनप्रतिनिधिहरूलाई बालअधिकार र बालमैत्री शासनसम्बन्धी आवश्यक तालिम नदिनुले उनीहरूमा जिम्मेवारीबोध र दक्षता कम भएका छन् । यस्ता कमजोरीहरूले नीति-कार्यक्रमलाई व्यवहारमा पुर्याउन कठिन बनाएको छ ।

स्थानीय तहमा बाल संरक्षण प्रणालीको स्थापना र प्रभावकारी कार्यान्वयन हुन नसक्दा बालमैत्री स्थानीय शासनलाई अगाडि बढाउन समस्या सिर्जना गरेको छ । बाल संरक्षणसम्बन्धी संरचना, नीति, बजेट, जनशक्ति र क्षमता विकासको अभावले गर्दा बालबालिकासम्बन्धी हिंसा, शोषण, उपेक्षा र दुर्व्यवहारको समस्यालाई प्रभावकारी रूपमा सम्बोधन गर्न गाह्रो परेको देखिन्छ । स्थानीय सरकारका नीति तथा योजना बालबालिकाको समग्र हितमा केन्द्रित नभएकाले बालमैत्री शासनको अवधारणाले अपेक्षित प्रभाव पार्न सकेको छैन । यसले बाल अधिकार सुनिश्चित गर्न तथा उनीहरूको संरक्षण, सहभागिता र विकासलाई संस्थागत बनाउन कठिनाइ उत्पन्न गरेको छ । यदि बाल संरक्षण प्रणालीलाई स्थानीय तहमा सुदृढ गर्न सकिएन भने, बालमैत्री स्थानीय शासनको लक्ष्य

प्राप्ति केवल नारामा सीमित हुनसक्ने देखिन्छ ।

नेपालका स्थानीय तहहरूबीच विकासस्तर, स्रोत वितरण, नेतृत्व क्षमता र सामाजिक संरचनामा ठूलो असमानता देखिन्छ । शहरी र ग्रामीण, समृद्ध र विपन्न क्षेत्रहरूबीच बालमैत्री कार्यक्रमको पहुँच र गुणस्तरमा ठूला अन्तर रहेका छन् । यसले बालबालिकालाई समान अवसर नपाउने अवस्था सिर्जना गरेको छ । साथै, बालबालिकाका अधिकारको संरक्षण तथा उनीहरूको सहभागिता सुनिश्चित गर्ने सम्बन्धमा समाजमा व्यापक जनचेतना अभाव छ । धेरै समुदायमा परम्परागत मान्यता, बालश्रम, बालविवाह र बालअधिकार उल्लङ्घनका घटनाहरूले बालमैत्री शासनको प्रभावकारी कार्यान्वयनलाई कमजोर पारेका छन् ।

सरकारका विभिन्न तहहरूबीच नीति र कार्यक्रममा समन्वयको अभावले पनि समस्या थपिएको छ । सङ्घीय, प्रदेश र स्थानीय तहहरूबीच संवाद र सूचना आदानप्रदान दिगो र व्यवस्थित नभएकाले दोहोरोपना, स्रोतको अपव्यय र नीति असङ्गतिमा समस्या देखिन्छ । यसले गर्दा बालमैत्री शासनलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउनु चुनौतीपूर्ण भइरहेको छ । साथै, बालबालिकालाई प्रत्यक्ष सहभागी बनाउने संयन्त्रहरू अझै प्रभावकारी रूपमा विकास भएका छैनन् । बालबालिकाको धारणा, सुझाव र सहभागिता नलिएर बनाइएका नीति र कार्यक्रमहरूले उनीहरूको वास्तविक आवश्यकता पूर्ति गर्न सक्दैनन् ।

यसबाहेक, सामाजिक-सांस्कृतिक अवरोधहरू अझै कायम छन् । कतिपय समुदायमा बालबालिकाको अधिकारलाई कमजोर बनाउने सांस्कृतिक अभ्यास, परम्परा र लैङ्गिक भेदभावका कारण बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, बालश्रम र बालविवाह जस्ता समस्याहरू कायम छन् । यस्ता सामाजिक चुनौतीहरूलाई सम्बोधन नगरी बालमैत्री शासन सफल हुन सक्दैन ।

यद्यपि, यस्ता चुनौतीका बाबजुद बालमैत्री शासनको कार्यान्वयनबाट प्राप्त सकारात्मक सिकाइहरू पनि छन् । बहुक्षेत्रीय सहकार्य र साझेदारीले कार्यक्रम प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ । स्थानीय सरकार, नागरिक समाज, समुदाय र बालबालिकाबीच सहकार्यले नीति र कार्यक्रमलाई सफल बनाउन मद्दत गरेको अनुभव छ । बालबालिकालाई प्रत्यक्ष सहभागी गराउने संयन्त्रहरू जस्तै– बाल भेला, बालक्लब मार्फत उनीहरूको आवाज नीति र कार्यक्रममा समावेश गर्न सकिएको छ । यसले नीति निर्माणलाई बालबालिकाको वास्तविक आवश्यकता अनुरूप बनाउन मद्दत पुऱ्याएको छ ।

त्यस्तै, नेतृत्वको प्रतिबद्धता बालमैत्री स्थानीय शासनलाई सफल बनाउन अत्यन्त महत्त्वपूर्ण रहेको छ । जो स्थानीय तहहरूमा राजनीतिक र प्रशासकीय नेतृत्वले यसलाई प्राथमिकता दिएका छन्, त्यहाँ कार्यक्रम अधिक प्रभावकारी र दिगो भएका छन् । साथै, समुदायमा बालबालिकाको अधिकार र सुरक्षाप्रति जनचेतना अभिवृद्धि गर्न सचेतना कार्यक्रमहरूले सकारात्मक भूमिका खेलेका छन् । यसले बालअधिकार उल्लङ्घनका घटनाहरू घटाउन सहयोग पुऱ्याएको छ । यसैगरी, कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका लागि तालिम कार्यक्रमहरूले नीति कार्यान्वयनमा गुणात्मक सुधार ल्याएका छन् ।

आगामी दिनहरूमा बालमैत्री स्थानीय शासनलाई अझ प्रभावकारी र समावेशी बनाउन केही आवश्यक सुधारहरू

गर्नुपर्ने हुन्छ । सर्वप्रथम, पर्याप्त वित्तीय बजेट र स्रोतहरूको सुनिश्चितता आवश्यक छ । सङ्घीय सरकार बाट प्रदेश र स्थानीय तहमा बजेट विनियोजनलाई नियमित र पर्याप्त बनाउनु आवश्यक छ, जसले दीर्घकालीन योजनाहरूको कार्यान्वयनमा सहजता ल्याउनेछ । त्यसैगरी, स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरूलाई बालअधिकार र बालमैत्री शासनसम्बन्धी नियमित, गुणस्तरीय तालिम दिनुपर्नेछ ।

समग्रमा हेर्दा, बालमैत्री स्थानीय शासन नेपालमा बालबालिकाको अधिकार, सुरक्षा, स्वास्थ्य, शिक्षा र सहभागिता सुनिश्चित गर्न अपरिहार्य छ । यसले बालबालिकालाई मात्र नभई समग्र समाजलाई न्यायसंगत, समृद्ध र दिगो विकासतर्फ अघि बढाउने बलियो आधार तयार पार्नेछ । तर, यसलाई सफल बनाउन बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्दै समन्वय, क्षमता विकास, स्रोत व्यवस्थापन, कानुनी सुधार, सामाजिक चेतना र बालबालिकाको प्रत्यक्ष सहभागितामा जोड दिन आवश्यक छ ।

यसैले बालमैत्री स्थानीय शासनलाई दिगो र प्रभावकारी बनाउन सरकार, स्थानीय तह, समुदाय, परिवार र बालबालिकाबीच सहकार्य अपरिहार्य छ । बालबालिकाको उज्जवल भविष्यका लागि यो साझा प्रयासले मात्रै सबैलाई समावेश गर्ने, सम्मान गर्ने र समान अवसर दिने समाज निर्माण गर्नेछ । बालमैत्री शासनले बालबालिकालाई सुरक्षित, स्वस्थ र समान अवसरसहित जीवनयापन गर्ने अधिकारको प्रत्याभूति गराउने गरी शासन प्रणालीको महत्त्वपूर्ण अङ्ग बन्नुपर्छ ।

यसरी, बालमैत्री स्थानीय शासनलाई नेपालमा गहिरो आधारमा स्थापना गरी कार्यान्वयन गरिएमा मुलुकमा बालबालिकाको सर्वाङ्गीण विकासका साथै समावेशी लोकतन्त्र, सामाजिक न्याय र दिगो विकासका लागि बलियो आधार तयार हुनेछ । यसले नेपाललाई बालबालिकाको हकहितमा अग्रणी राष्ट्र बनाउने मार्ग प्रशस्त गर्नेछ । नेपालको सङ्घीय संरचना भित्र बालमैत्री स्थानीय शासनको अवधारणा बालबालिकाको समग्र विकास र सशक्तिकरणका लागि प्रभावकारी नीति हो । यस अवधारणाले स्थानीय तहमा बाल अधिकारका सिद्धान्तहरूलाई व्यवहारमा उतार्ने अवसर प्रदान गर्दछ । यद्यपि, यसका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीचको स्पष्ट समन्वय, स्रोतसाधनको दिगो व्यवस्था, अभिमुखीकरण कार्यक्रमको निरन्तरता र बालमैत्री बजेटको सुनिश्चितता अनिवार्य छ । अबको प्राथमिकता भनेको यी सबै पक्षहरूलाई समेट्दै २०८७ सम्म नेपाललाई पूर्ण रूपमा बालमैत्री बनाउने राष्ट्रिय लक्ष्यतर्फ अग्रसर हुने हो ।

सङ्घीयता आउनु अघि बालमैत्री स्थानीय शासनको अभियान केन्द्रबाट तय गरिएका नीति र कार्यक्रमलाई स्थानीय निकायमार्फत कार्यान्वयन गर्नेमा सीमित थियो भने, सङ्घीयता पछि स्थानीय तहलाई अधिकारसहित प्रत्यक्ष जिम्मेवारी दिइएको छ । अब सङ्घीय सरकारले नीति र न्यूनतम मापदण्ड तय गर्ने, प्रदेशले परिष्कृत गर्ने र स्थानीय तहले व्यवहारमै लागू गर्ने व्यवस्था गर्नुपर्छ । यसरी त्रि-पक्षीय सहकार्यमार्फत बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागितामा गुणात्मक सुधार ल्याउन सकिन्छ ।

## ४.२ सुझावहरू

### १) सङ्घीय सरकारका लागि सुझावहरू

नेपाललाई सन् २०८७ सम्म बालमैत्री राष्ट्र बनाउने लक्ष्यसहित, बालमैत्री स्थानीय शासनलाई प्रभावकारी, समावेशी र दिगो बनाउने कार्यमा सङ्घीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । यसको लागि कानुनी, नीतिगत, संस्थागत, वित्तीय र प्राविधिक पक्षमा व्यापक सुधार आवश्यक छ । यसको लागि निम्नानुसारका कार्यहरू गर्नु आवश्यक छ ।

### क) नीतिगत र कानुनी सुधार

नेपालमा बाल अधिकार र बालमैत्री स्थानीय शासनसम्बन्धी हाल लागू भएका कानुन र निर्देशिकाहरू समयानुकूल परिमार्जन गर्न आवश्यक छ । विशेषगरी, स्थानीय तहलाई बाल अधिकार प्रवर्धन र संरक्षणका लागि आवश्यक अधिकार, दायित्व र उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गर्ने गरी “राष्ट्रिय बालबालिका नीति”, “बालमैत्री स्थानीय शासन निर्देशिका”, “बालबालिका सम्बन्धी ऐन” लगायतका कानुनी दस्तावेजहरू पुनरावलोकन गरिनुपर्छ । जसरी पन्ध्रौँ योजनामा बालमैत्रीको विषयलाई पहिलो उद्देश्यमा नै निर्धारण गरी बालमैत्री देशको परिकल्पना गरिएको थियो तर सोह्रौँ योजनामा बालमैत्रीको विषयलाई स्पष्ट व्याख्या गरिएको नभए तापनि बालविवाहका विषयले नै स्थान पाउन सकेको अवस्था छैन, जुन विषय बालमैत्री घोषणाका निम्ति मुख्य चुनौतीको रूपमा स्थानीय तहमा रहेको छ । सङ्घीय कानुनहरूले स्थानीय तहको कार्यक्षेत्रमा स्पष्टता नदिँदा कार्यान्वयनमा अन्योल र असमानता देखिएको छ । त्यसैले, स्थानीय शासन प्रणालीसँग पूर्णरूपमा मेल खाने ढंगमा कानुनहरूको समायोजन अनिवार्य छ ।

यसैगरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बनाएको नमुना कानुनमा बालमैत्रीसँग सम्बन्धित कानुन तथा कार्यविधिको नमुना कपि बनाएर स्थानीय तहलाई पठाउँदा प्रभावकारी हुन सक्दछ । यस्ता नमुना कानुन तथा  कार्यविधिले बाल सहभागिता, संरक्षण, बजेट विनियोजन र सेवा प्रवाहजस्ता पक्षमा स्पष्ट प्रक्रिया र न्यूनतम मापदण्ड निर्धारण गर्न सहयोग पुऱ्याउँछ ।

### ख) परिणाममुखी बजेट र सशर्त अनुदानको व्यवस्था

बालमैत्री शासनको प्रभावकारी कार्यान्वयनका लागि सशर्त अनुदान र कार्यसम्पादनमा आधारित बजेट प्रणाली लागू गर्नुपर्छ । यसका लागि सङ्घीय सरकारले बालमैत्री सूचकांक विकास गरी स्थानीय तहको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, विद्यालयमा विद्यार्थी अनुपस्थिति, पोषणस्तर, बालश्रम वा बालविवाहको संख्या जस्ता सूचकहरूलाई मापन गरी, त्यसकै आधारमा अनुदान रकम प्रदान गर्न सकिन्छ । यसले पालिकाहरूलाई परिणाममुखी सेवा प्रवाह गर्न प्रोत्साहित गर्नेछ । साथै, बजेट वितरण केवल जनसंख्या वा भौगोलिक आधारमा नभई सेवा प्रभावकारिताको मूल्याङ्कनमा आधारित हुनुपर्छ ।

### ग) बालमैत्री स्थानीय शासनसम्बन्धी रणनीति, २०६८ को परिमार्जन

हाल कार्यान्वयनमा रहेको बालमैत्री रणनीति पुनरावलोकन गरी वि. सं. २०८७ सम्म नेपाललाई पूर्ण बालमैत्री

राष्ट्र बनाउने स्पष्ट लक्ष्य, सूचक र कार्ययोजनासहित रणनीति तयार गर्नुपर्छ । यो रणनीतिमा सबै स्थानीय तहका लागि अनिवार्य न्यूनतम मापदण्डहरू (Minimum Standards) तोकिनु पर्छ, जसका आधारमा स्थानीय तहहरूको प्रगति मूल्याङ्कन हुनेछ । मुख्य रूपमा काम गर्नुपर्ने सूचकहरूलाई स्थानीय तहको योजना, बजेट र अनुगमन प्रक्रियामा एकीकृत गर्नुपर्ने आवश्यकता रहेको छ ।

बालमैत्री शासकीय सूचना व्यवस्थापन प्रणाली (Child Governance MIS) स्थापना बालमैत्री शासनको सफल कार्यान्वयनको लागि प्रमाणमा आधारित योजना र नीति निर्माण अत्यन्त आवश्यक छ । त्यसका लागि सङ्घीय सरकारले राष्ट्रियस्तरमा एकीकृत बालमैत्री शासकीय सूचना व्यवस्थापन प्रणाली (Child Governance Management Information System -MIS) स्थापना गर्नुपर्छ । यस प्रणालीमा स्थानीय तहको बालबालिकाको वस्तुगत विवरण (उमेर, जातीयता, पहुँच, सेवा लाभग्राहीता), जोखिमको अवस्था, सेवा वितरण, बजेट प्रयोग लगायतका विवरणहरू नियमित रूपमा अध्यावधिक गरिनुपर्ने व्यवस्था कानुनमार्फत गरिनुपर्छ । स्थानीय तहहरूले मासिक रूपमा अनिवार्य रिपोर्टिङ गर्ने दायित्व राख्नुपर्छ । यसले अनुगमन, मूल्याङ्कन र रणनीति निर्माणमा अत्यन्त सहायक हुनेछ ।

### घ) बालबालिका सम्बन्धी ऐन कार्यान्वयनको मार्गदर्शन

हाल कार्यान्वयनमा रहेको बालबालिका सम्बन्धी ऐन, २०७५ लाई स्थानीय तहहरूमा प्रभावकारी ढंगले कार्यान्वयन गर्न आवश्यक निर्देशन, तालिम र प्रविधिमैत्री कार्यपुस्तिकाहरू तयार पार्नुपर्छ । ऐनलाई सरल भाषामा स्थानीय तहको सन्दर्भअनुसार अनुकूल निर्देशिका बनाएर कार्यान्वयन प्रक्रिया सहज बनाउनु आवश्यक छ । जनप्रतिनिधि, शिक्षक, स्वास्थ्यकर्मी, वडास्तरीय कर्मचारी, बाल सञ्जाल र समुदायलाई लक्षित गरी तालिम तथा अभिमुखीकरण कार्यक्रम सङ्घीय सरकारको पहलमा सञ्चालन गरिनुपर्छ ।

### ङ) प्राविधिक सहयोग र सीप विकास

बालमैत्री शासन कार्यान्वयनमा स्थानीय तहलाई निरन्तर प्राविधिक सहायता, तालिम, अनुगमन क्षमता र प्रोत्साहन आवश्यक छ । सङ्घीय सरकारले प्रादेशिक केन्द्रमार्फत Resource Pool System स्थापना गरी स्थानीय तहलाई आवश्यक सघन सहायता उपलब्ध गराउनु जरुरी छ । साथै, स्थानीय तहका योजनाकार, बालबालिका सम्पर्क व्यक्ति, सामाजिक विकास शाखा प्रमुख, तथा अनुगमन गर्ने निकायलाई नियमित तालीम दिने संरचना निर्माण गर्नुपर्छ । एकीकृत Monitoring and Evaluation Framework निर्माण गरी सबै तहमा प्रयोग गर्न सक्ने बनाउनु पर्नेछ, जसले नीति र कार्यान्वयन बीचको दूरी घटाउनेछ ।

### च) सरोकारवालाबीच सहकार्य र समन्वय

सङ्घीय सरकारले सरकारका विभिन्न तह (प्रदेश, स्थानीय), नागरिक समाज, विकास साझेदार, बाल सञ्जाल र समुदाय बीच सहकार्य र संवादको वातावरण सिर्जना गर्नुपर्छ । बालमैत्री रणनीतिका अनुकूल सबैको भूमिका स्पष्ट गरी समन्वय संयन्त्र विकास गर्नुपर्छ । राष्ट्रिय स्तरमा "CFLG Technical Working Group" वा "बालमैत्री राष्ट्र निर्माण संयन्त्र" गठन गरी नियमित समीक्षा, निर्देशन र अनुगमन गर्न सकिने संयन्त्र विकास गर्न सकिन्छ । बाल बजेट संकेत (कोड)को व्यवस्था गर्ने । बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि बाल बजेट संकेत (कोड)को स्पष्ट व्यवस्था गरिनु आवश्यक छ । यसले बालबालिकालाई लक्षित गरी विनियोजित बजेटलाई

छुट्याउन, अनुगमन गर्न र ट्र्याक गर्न सहज बनाउनेछ । बाल बजेट कोडको प्रयोगले स्थानीय तहहरूले शिक्षा, स्वास्थ्य, पोषण र बालअधिकारका क्षेत्रमा बजेट विनियोजन सुनिश्चित गर्दै वृद्धि गर्न सक्ने सम्भावना बढाउँछ । साथै, यसले पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गरी बालमैत्री कार्यक्रमहरूको गुणस्तर सुधार्न सहयोग गर्नेछ । त्यसैले सबै तहमा बाल बजेट कोड लागू गरी नियमित अनुगमन र सार्वजनिक जानकारी उपलब्ध गराउनु आवश्यक छ ।

## २) प्रादेशिक सरकारलाई सुझावहरू

सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको भूमिका स्थानीय तह र सङ्घीय सरकारबीचको सेतुका रूपमा अझै महत्त्वपूर्ण बनेको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयनमा प्रदेश सरकारले नीति, बजेट, समन्वय, प्रविधि, अनुसन्धान र क्षमता अभिवृद्धिको सशक्त माध्यम बन्न सक्छ । यसै सन्दर्भमा, प्रदेश सरकारका लागि निम्न विस्तृत सुझावहरू प्रस्तुत गरिएका छन्:

### क) बालमैत्री स्थानीय शासन समन्वय केन्द्रको स्थापना

प्रत्येक प्रदेशमा एक बालमैत्री स्थानीय शासन समन्वय तथा सहायता केन्द्र स्थापना गर्न आवश्यक छ । यस केन्द्रले स्थानीय तह, प्रदेश मन्त्रालयहरू (सामाजिक विकास, आन्तरिक मामिला, योजना आयोग), सङ्घीय मन्त्रालय र विकास साझेदारहरूसँग सहकार्य र समन्वय गर्न सहजीकरण गर्नेछ । यस केन्द्रलाई स्थानीय तहका कार्य योजना, बजेट र नीति निर्माणमा प्राविधिक सहयोग प्रदान गर्ने, मासिक र त्रैमासिक रिपोर्ट संकलन र विश्लेषण गर्ने, बालमैत्री सूचकाङ्क पछ्याउन सकिने गरी गर्ने, तालिम, अनुगमन, मूल्याङ्कन र उत्कृष्ट अभ्यास अभिलेख राख्ने, आवश्यक निर्देशन, सुधार सिफारिस र नीति परामर्श दिने लगायतका जिम्मेवारी दिनु उपयुक्त हुन्छ ।

### ख) प्राविधिक टोलीको परिचालन

प्रदेश सरकारबाट प्रत्येक स्थानीय तहमा बाल विशेषज्ञ, सामाजिक विकास अधिकृत र तथ्याङ्क विश्लेषक जस्ता जनशक्ति परिचालन गर्न आवश्यक छ । यो टोलीले स्थानीय तहहरूलाई योजना तर्जुमा, सूचकाङ्क व्यवस्थापन, बजेट योजनाबद्धता, तथ्याङ्क अध्यावधिक र अनुगमनमा सघाउनेछ । त्यस्तै, प्रादेशिक मोबाइल टोलीको व्यवस्था गरेर स्थानीय तहहरूको कार्यसम्पादनमा नियमन र सहजीकरण गर्न सकिन्छ । यसले कमजोर स्थानीय तहहरूलाई हस्तक्षेपमार्फत सुधार सम्भव बनाउनेछ ।

### ग) प्रादेशिक बालमैत्री स्थानीय शासन सम्बन्धी अधिकार अनुसन्धान तथा स्रोत युनिटको स्थापना

प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय अन्तर्गत “प्रादेशिक बाल अधिकार अनुसन्धान तथा स्रोत युनिट” स्थापना गर्नु अत्यावश्यक छ । यस युनिटले बालअधिकारसम्बन्धी अनुसन्धान, थेसिस फेलोशिप, दस्तावेजीकरण, अभिमुखीकरण र संवाद कार्यक्रम सञ्चालन गर्नेछ । यस युनिटलाई नागरिक समाज संस्थाहरू, विश्वविद्यालय र अनुसन्धान संस्थासँग सहकार्य गरेर ‘बालमैत्री थेसिस फेलोशिप’ कार्यक्रम सञ्चालन गर्ने, प्रदेशका बालमैत्री अभ्यास, आँकडा र घटना अध्ययन सङ्कलन गर्ने, बाल संरक्षणसम्बन्धी विधेयक तथा कार्यक्रमको अनुसन्धान गर्नु, सामुदायिक सचेतना र व्यवहार परिवर्तनका लागि नीति सुझाव तयार गर्नु लगायतका जिम्मेवारी प्रदान गर्नुपर्दछ । यसले बालमैत्री अवधारणालाई प्रमाणमा आधारित र अनुसन्धानमा आधारित बनाउनेछ ।

### घ) प्रादेशिक उत्कृष्टता केन्द्र (Centre of Excellence) को घोषणा

प्रदेश सरकारले बालमैत्री स्थानीय शासनमा अग्रणी रहेका स्थानीय तहहरूलाई Model Child–Friendly Municipality घोषणा गरी उनीहरूलाई Centre या Excellence को रूपमा परिचय गराउनुपर्छ । यसले अन्य स्थानीय तहलाई सिक्ने अवसर प्रदान गर्छ । साथै, यस्ता स्थानीय तहमा अन्य स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको सिकाइ भ्रमणको व्यवस्था गरिनुपर्छ । यसले प्रदेशभित्र सकारात्मक प्रतिस्पर्धा बढाउँछ र सफल अभ्यासहरूको पुनरावृत्ति सम्भव बनाउँछ ।

### ङ) प्रादेशिक बालमैत्री बजेट कोषको स्थापना र स्थायित्व

प्रदेश सरकारले प्रत्येक वर्षको बजेटमा बालमैत्री कार्यक्रमका लागि 'बालमैत्री विशेष कोष' अलग्गै व्यवस्था गर्नुपर्छ । यसले स्थानीय तहहरूको कार्यसम्पादन (सूचकाङ्कमा सुधार, बालविवाह न्यूनीकरण, विद्यालयमा नामदर्ता वृद्धि आदि)को मूल्याङ्कनका आधारमा बजेट बाँडफाँड, सशर्त अनुदान दिइने व्यवस्था, कार्यक्रम कार्यान्वयनको प्रभावकारिता हेरेर प्रोत्साहन बजेटको व्यवस्था गर्नुपर्दछ । यसले स्थानीय तहलाई गुणस्तरीय सेवामा केन्द्रित हुन प्रेरणा दिनेछ ।

### च) उत्कृष्ट अभ्यासहरूको विस्तार

प्रदेश सरकारको मुख्य भूमिका भनेको सफल अभ्यासहरूलाई अन्य स्थानीय तहमा फैलाउने हो । उदाहरणका लागि, कुनै स्थानीय तहले बाल संरक्षणमा सशक्त संरचना निर्माण गरेको छ भने त्यो अभ्यासलाई अन्य स्थानीय तहहरूमा दोहोऱ्याउन बजेट र प्राविधिक सहयोग गर्नुपर्छ । त्यस्तै- सफल अभ्यासहरूलाई दस्तावेजीकरण, भिडियो निर्माण, प्रशिक्षण सामग्रीमा समावेश गरी व्यापक रूपमा प्रचार-प्रसार गर्नु प्रदेश सरकारको जिम्मेवारी हुनुपर्छ ।

### छ) जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास

प्रदेश सरकारले अन्तर स्थानीय तह सिकाइ भ्रमण, विषयगत अभिमुखीकरण तालिम, नेतृत्व विकास प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ । प्रशिक्षणका विषयहरूमा बालमैत्री अवधारणा र सूचकाङ्क, बाल अधिकार र कानुनी संरचना, बालमैत्री बजेट र अनुगमन, समुदाय-विद्यालय-स्थानीय तहबीच समन्वय, तथ्याङ्क सङ्कलन र प्रणालीलगायत समेट्नु पर्दछ । यसले कर्मचारी र जनप्रतिनिधिको क्षमता बढाएर नीति र कार्यान्वयन बीचको खाडल हटाउनेछ ।

## ३) स्थानीय सरकारलाई सुझावहरू

नेपालमा बालमैत्री स्थानीय शासन कार्यान्वयनको अग्रपङ्क्तिमा स्थानीय सरकारहरू रहनुपर्दछ । उनीहरूले प्रत्यक्ष रूपमा बालबालिकासँग सम्बन्धित सेवा, संरचना, सुरक्षा र सहभागिता सुनिश्चित गर्न सक्ने अवसर र जिम्मेवारी राख्छन् । बालमैत्री अवधारणालाई 'परियोजना' नभई 'स्थानीय नीति र विकास रणनीति' को रूपमा लिईनुपर्दछ । साथै बालमैत्री स्थानीय शासनलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नको लागि निम्नानुसारका सुझावहरू रहेका छन् :-

### क) स्थानीय स्वामित्व र नीति निर्माणमा सुधार

स्थानीय तहले बालमैत्री अवधारणालाई आफ्नो समग्र विकास योजना, नीति र बजेटको अनिवार्य अङ्ग बनाउनु

आवश्यक छ । यसका लागि प्रत्येक नगर/गाउँपालिकाले बालमैत्री नीति पारित गर्नुपर्दछ । बालमैत्रीलाई बाह्य परियोजनाको रूपमा नभई आफ्नै स्वामित्वको कार्यक्रमको रूपमा लिने दृष्टिकोण विकास गर्नु आवश्यक छ । यसैगरी स्थानीय विकास योजना, दिगो विकासका लक्ष्य सम्बन्धी कार्य योजना, शिक्षा/स्वास्थ्य/सामाजिक सुरक्षा योजनामा बालबालिका केन्द्रित कार्यक्रम अनिवार्य रूपमा समावेश गर्नु पर्दछ । यसैगरी वडास्तरमै योजना निर्माणमा बालबालिकाको अभिमत सङ्कलन गर्न सक्ने प्रणाली विकास गर्नु आवश्यक रहेको छ ।

### ख) वडास्तरीय बालमैत्री स्थानीय शासन समितिलाई एकीकृत गर्ने ।

वडास्तरमा बाल अधिकार र संरक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यमान बालमैत्री स्थानीय शासन समितिलाई एकीकृत गर्दै स्पष्ट समन्वय संरचना निर्माण गर्नु आवश्यक छ । प्रत्येक वडामा बाल अधिकार समन्वयकर्ता तोक्ने, सक्रिय बाल अधिकार वा बालमैत्री स्थानीय समिति गठन गर्ने, बाल क्लबहरूलाई बालमैत्री संरचनामार्फत सक्रिय बनाउने र वार्षिक कार्ययोजना तयार गरी नियमित निगरानी गर्ने कार्य कानुनी रूपमा सुनिश्चित गर्न शिक्षा तथा बाल अधिकार समितिको एकीकृत संरचना निर्माण गर्नु आवश्यक रहेको छ ।

### ग) नियमित अनुगमन, मूल्याङ्कन

स्थानीय तहले बालमैत्री स्थानीय शासनको मासिक मूल्याङ्कन समिति गठन गरी, स्थानीय सेवा प्रवाहको निगरानी, सामाजिक लेखापरीक्षण, नागरिक प्रतिवेदन लगायतका अभ्यास अनिवार्य गरिनुपर्छ । यस समीक्षामा नागरिक समाज, शिक्षक, बाल क्लब प्रतिनिधि, महिला समूह, अभिभावक र वडास्तरीय प्रतिनिधिको सहभागिता सुनिश्चित गर्नुपर्छ । साथै सार्वजनिक बुलेटिन बोर्ड र वेबसाइटमार्फत मासिक नतिजा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्छ ।

### घ) समावेशी सहभागिता सुनिश्चितता तथा बहुआयामिक विभेद (inter-sectionality) को सम्बोधन

बालमैत्री शासन भनेको सबै प्रकारका बालबालिकाको समान सहभागिता हुने शासन हो । गैर विभेदीकरणको सिद्धान्तबाट बालमैत्री शासन अगाडि बढेको हुन्छ । त्यसैले बालक, बालिका, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, सडक बालबालिका, आर्थिक तथा भौगोलिक रूपमा विपन्न र सिमान्तकृत अवस्थामा रहेका बालबालिकाको सहभागिता सुनिश्चित गर्ने संयन्त्र विकास गर्नुपर्छ । बालभेला, छलफल, बालबालिकाका विषयमा छलफल हुने समितिहरूमा, सुझाव पेटिका, अन्तरक्रिया कार्यक्रम लगायतका थुप्रै अवस्थामा बालबालिकाको सहभागिताको अनिवार्यता गरी प्रवर्धन गर्नुपर्ने हुन्छ । बालभेला समुदाय स्तरमा, वडा स्तरमा र स्थानीय तहस्तरमा गरी त्यहाँबाट आएका योजनालाई प्राथमिकताका आधारमा स्थानीय तहको नीति तथा कार्यक्रम र बजेट विनियोजनमा संस्थागत गरिनु पर्दछ । साथै स्थानीय तहमा बालमैत्री स्थानीय शासनलाई अझ प्रभावकारी बनाउन समावेशी सहभागिता सुनिश्चित गर्दै जाति, वर्ग, लिङ्ग, क्षमता, भौगोलिक क्षेत्रजस्ता आधारमा हुने बहुआयामिक विभेद (inter-sectionality)को सम्बोधन गर्नु आवश्यक छ । त्यसका लागि योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयनको सम्पूर्ण प्रक्रियामा महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका बालबालिका तथा अन्य सीमान्तकृत समूहको सार्थक सहभागिता सुनिश्चित गर्न स्पष्ट कार्यविधि र अनुगमन संयन्त्र विकास गर्नुपर्दछ ।

### ङ) समुदाय-विद्यालय साझेदारी बलियो बनाउने

बालबालिकाको हक, हित र अधिकारको सम्बोधन गर्न स्थानीय तह/वडा, विद्यालय, शिक्षक, अभिभावक, बाल अधिकार समिति, बालक्लब, सामाजिक संस्था बीच त्रिकोणात्मक समन्वय आवश्यक छ । विद्यालयमा बाल अधिकारसम्बन्धी गतिविधि, अभिमुखीकरण, मनोसामाजिक सहायता, पोषण कार्यक्रम आदि सञ्चालन गर्दा स्थानीय सरकार र विद्यालयबीच साझेदारी सम्झौता गर्नुपर्छ । साथै समुदाय-विद्यालय साझेदारीमा आधारित 'बालमैत्री पहल कार्यक्रम' सुरु गर्न सकिन्छ ।

### च) बालमैत्री योजना तथा बजेट प्रक्रिया विकास गर्ने

स्थानीय तहले 'बालमैत्री बजेट मार्गदर्शन' तयार गरी सबै वडाहरूले बालबालिकाको लागि न्यूनतम बजेट छुट्याउन अनिवार्य नीति बनाउनुपर्छ । वडास्तरमै बाल सहभागितासहित योजना तर्जुमा प्रक्रिया सुरु गर्नुपर्छ । बालमैत्री बजेटमा शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण, मनोरञ्जन, सहभागिता जस्ता विविध विषयमा रकम छुट्याउने अभ्यास गर्नुपर्छ ।

### छ) बालमैत्री सिकाइ स्रोत केन्द्रहरूको स्थापना

प्रत्येक वडामा वा विद्यालयमा बालमैत्री सिकाइ तथा स्रोत केन्द्र स्थापना गर्नुपर्छ जसले बालबालिकालाई सिकाइ, खेलकुद, अभिव्यक्ति र परामर्शको अवसर दिन्छ । यस केन्द्रमा बाल अधिकारसम्बन्धी पुस्तकहरू, खेलकुद सामग्री, मनोसामाजिक परामर्श सेवाको व्यवस्था (बाल मनोविज्ञ वा प्रशिक्षित परामर्शदाता), बाल संरक्षण र हिंसा विरुद्ध उजुरी दिन सक्ने गोप्य संयन्त्र, बाल सहभागिता अनिवार्य बनाउने नीति निर्माण, स्थानीय तहले नीति, योजना र बजेट निर्माण प्रक्रियामा बालप्रतिनिधिको सहभागिता अनिवार्य बनाउने कानुनी व्यवस्था गर्नुपर्छ ।

वडास्तरीय बालक्लब सञ्जालको बैठक वर्षमा कम्तिमा ३ वटा र कम्तिमा ३ वटा नै कार्यक्रम बालक्लब र सञ्जालहरूले अनिवार्य रूपमा सञ्चालन गर्नुपर्छ भने बाल भेला समुदाय, वडा र पालिका स्तरमा गर्नु पर्दछ । समुदाय र वडा स्तरका बालक्लब सञ्जाल तथा बालक्लबहरूको सम्पूर्ण जिम्मेवारी वडा कार्यालयले लिनु पर्दछ ।

### ज) बालमैत्री पूर्वाधार निर्माणका मापदण्ड तयार गर्ने ।

सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य चौकी, यातायात सेवा, सार्वजनिक शौचालय आदिमा बालमैत्री पूर्वाधारको न्यूनतम मापदण्ड अपनाइनुपर्छ । स्थानीय तहले 'बालमैत्री पूर्वाधार निर्माण मापदण्ड' तयार गरी नयाँ निर्माण वा मर्मतका सबै काममा त्यसको पालना सुनिश्चित गर्नुपर्छ । यसक्रममा अपाङ्गता भएका बालबालिकाको पहुँच, सुरक्षित खेलमैदान, बालमैत्री पार्क र पुस्तकालय, स्तनपान कक्ष, यौन तथा लैङ्गिक हिंसाविरुद्ध सुरक्षित ठाउँ लगायतका सवालमा ध्यान दिनु आवश्यक छ ।

## ४) नागरिक समाज र गैरसरकारी संस्थाहरूका लागि सुझावहरू

नेपालमा बाल अधिकार प्रवर्द्धन तथा बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा नागरिक समाज संस्थाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ । यी संस्थाहरूले राज्यको पूरकको रूपमा नीतिगत संवाददेखि व्यवहारिक कार्यान्वयनसम्ममा विविध भूमिका निर्वाह गर्न सक्छन् । नागरिक समाज तथा गैरसरकारी संस्थाहरूलाई निम्नानुसारको सुझाव रहेका छन्:

## क) स्थानीय सरकारसँग सहकार्य र समन्वय विस्तार गर्ने

नागरिक समाज संस्थाहरूले स्थानीय सरकारसँग सम्झौता गरी सोको आधारमा दीर्घकालीन संस्थागत साझेदारी विकास गर्नुपर्छ । यसमा नीति निर्माणमा सुझाव, स्थानीय योजना निर्माणमा सहजीकरण, बजेट अभिमुखीकरण, सेवा पहुँच सुधारमा सहायता र अनुगमनमा सहकार्य गर्नुपर्दछ । स्थानीय तह र वडास्तरमा रहेको बाल अधिकार समिति, योजना समिति, शिक्षा समिति, महिला तथा बालबालिका सशक्तीकरण समितिमा नागरिक समाजको प्रतिनिधित्व हुने गरी सहकार्य गर्न सक्दा प्रभावकारी हुन्छ ।

## ख) बालक्लबहरूको सशक्तीकरणमा योगदान पुऱ्याउने

बाल अधिकार प्रवर्द्धनमा बालक्लबहरू सबैभन्दा महत्त्वपूर्ण सामाजिक संस्था हुन् । यिनको संस्थागत सुदृढीकरणका लागि नागरिक समाज संस्थाहरूले योगदान गर्नुपर्दछ । यसक्रममा बालक्लब गठन, पुनःगठन, दर्ता तथा सञ्चालन प्रक्रियामा सहजीकरण गर्ने, अध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्यहरूका लागि नेतृत्व तालिम, अभिव्यक्ति, नीति पैरवी र लेखाजोखासम्बन्धी सीप विकास गर्ने तालिम प्रदान गर्ने, बालक्लबका गतिविधिका लागि साहित्य, खेल सामग्री, भित्ते पत्रिका, श्रव्यदृश्य सामग्री उपलब्ध गराउने, बालक्लब पूर्व सदस्यहरूको सञ्जाल स्थापना गरी बाल क्लबका पूर्व सदस्यहरूको ज्ञान र अनुभवको प्रयोग बालबालिकाको सशक्तिकरणमा नागरिक संघसङ्गठनहरूले महत्त्वपूर्ण योगदान गर्न सक्छन् ।

## ग) जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

सामाजिक सञ्जाल, एफ.एम. रेडियो, पोस्टर/ब्यानर, सडक नाटक, चित्रकला प्रतियोगिता, विद्यालय कार्यक्रमहरू प्रयोग गरी बाल अधिकार, बालमैत्री शासन र बाल संरक्षणबारे समुदायलाई सूचित र संवेदनशील बनाउने कार्यमा नागरिक संघसङ्गठनले योगदान गर्न सक्छन् । यसैगरी बालविवाह, बालश्रम, यौन हिंसा, छाउपडी, कमलरी, शारीरिक सजाय, विद्यालय बहिर्गमन जस्ता नकारात्मक अभ्यासविरुद्ध चेतनामूलक अभियान सञ्चालन गर्ने, गाउँसभा, महिला समूह, टोल विकास समिति, बालक्लब, शिक्षक अभिभावक समितिलाई लक्षित सामुदायिक संवाद कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यमा पनि नागरिक संघसङ्गठनले महत्त्वपूर्ण योगदान गर्नुपर्दछ ।

## घ) सञ्चार माध्यमको भूमिका

स्थानीय तहमा बालमैत्री स्थानीय शासनलाई अझ सशक्त बनाउन सञ्चारमाध्यमले प्रयोग गर्ने भाषा र सन्देशले बालमैत्री संस्कृति निर्माणमा सकारात्मक भूमिका खेल्ने भएकाले सञ्चार माध्यमले बालमैत्री शब्द चयन र प्रस्तुतीकरणमा विशेष ध्यान दिनुपर्छ । साथै, सञ्चारमाध्यमका लागि बालबालिका सम्बन्धी ऐनमा उल्लिखित प्रावधानहरू र मिडिया आचारसंहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नीति तथा अनुगमन संयन्त्र स्थानीय तहमै विकास गर्नु पर्दछ ।

## ङ) अनुगमन र मूल्याङ्कन प्रक्रियामा सहयोग गर्नु ।

नागरिक समाजले स्वतन्त्र तेस्रो पक्षको रूपमा कार्यक्रम अनुगमन र मूल्याङ्कनमा सक्रिय भूमिका खेल्न सक्छ । सार्वजनिक सामाजिक लेखापरीक्षण, सहभागी मूल्याङ्कन, नागरिक अंकपत्र, पारदर्शिता परीक्षण लगायतका संयन्त्रहरूको उपयोग गरी सेवा प्रवाहको गुणस्तर मापन गर्न सकिन्छ । न्यूनतम बालमैत्री सेवा मापदण्ड पूरा भए/नभएको अनुगमन गर्न अनुगमन टोली परिचालन गर्ने कार्यमा पनि नागरिक संघसङ्गठनले महत्त्वपूर्ण योगदान गर्न सक्छन् ।

### च) बाल अधिकार संरक्षणका लागि सामुदायिक निगरानी संयन्त्रको विकास

बालमैत्री स्थानीय शासनलाई स्थानीय तहमा प्रभावकारी र उत्तरदायी बनाउन नागरिक संघसङ्गठनले सक्रिय भूमिका खेल्न आवश्यक छ । त्यसका लागि विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, प्रहरी, बाल क्लबलगायत सरोकारवाला प्रतिनिधिहरू समेटिएको बाल अधिकार निगरानी टोली गठन गर्नुपर्दछ । उक्त टोलीले बालविवाह, बालश्रम, शारीरिक दण्डजस्ता बाल अधिकार उल्लङ्घनका घटनाको अनुगमन, दस्तावेजीकरण, प्रतिवेदन तयार गर्ने र उजुरी व्यवस्थापन संयन्त्र स्थापना गर्ने काम गर्नुपर्छ । साथै वडास्तरमै उजुरी पेटिका राख्ने, गोप्य सम्पर्क नम्बर सञ्चालन गर्ने र आवश्यक परेमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने प्रणाली विकास गरेर बालबालिकाको सुरक्षा, गोपनीयता र मनोसामाजिक सेवा प्रवाह गर्न सिफारिस गरिन्छ ।

### छ) अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नु

नागरिक संघसंस्थाहरूले समावेशी शिक्षा सुनिश्चित गर्न विशेष ध्यान दिनुपर्छ । यसक्रममा पहुँचयुक्त भवन निर्माणमा सघाउने, शिक्षण सामग्री र सहायक उपकरण वितरण गर्ने, व्यक्तिविशेष निगरानी संयन्त्र विकास गर्ने, अपाङ्गता भएका बालबालिकाका अभिभावक समूह गठन गरी सूचना साझेदारी र परामर्श सेवा सञ्चालन गर्ने लगायतका कार्यहरू सञ्चालन गर्दा बालमैत्री स्थानीय शासन प्रभावकारी ढंगले कार्यान्वयनमा अगाडि बढाउन सकिन्छ ।

### ज) अभिभावक सशक्तीकरणमार्फत बाल अधिकार प्रवर्द्धन

बालबालिकाको समग्र विकासमा अभिभावकको सोच, व्यवहार र संस्कारले प्रत्यक्ष प्रभाव पार्ने भएकाले नागरिक संघसंस्थाहरूले स्थानीय तहमा नियमित "बाबु-आमा संवाद कार्यक्रम" सञ्चालन गर्न सिफारिस गरिन्छ । मासिक रूपमा आयोजना गरिने यस्ता संवादहरूमा बाल अधिकार, सकारात्मक अनुशासन, विद्यालय छोड्ने दरमा न्यूनीकरण, लैङ्गिक विभेद, बालमैत्री पालनपोषण लगायतका विषयमा छलफल गरिनुपर्छ । साथै, बालविवाह, बालश्रम, शारीरिक दण्ड र यौन दुर्व्यवहार विरुद्ध सचेतना र अभिभावक नेतृत्वमा सामुदायिक अभियान सञ्चालन गरिनु बाल संरक्षणका दृष्टिले अत्यन्त प्रभावकारी हुनेछ । मानव स्रोत तथा विकास केन्द्रहरू, विद्यालय र स्थानीय सरकारको समन्वयमा अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सकिने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ ।

### झ) स्थानीय तहको क्षमता अभिवृद्धिमा योगदान गर्ने ।

नागरिक संघसंस्थाहरूले स्थानीय सरकार र वडास्तरका जनप्रतिनिधि, कर्मचारी, शिक्षक र बालक्लब प्रतिनिधिलाई बाल अधिकार विषयक तालिम दिने, बालमैत्री बजेट तथा नीति निर्माणमा अभिमुखीकरण प्रदान गर्ने, अनुगमन र सामाजिक लेखापरीक्षणका तालिमहरू प्रदान गर्ने लगायतका कार्य गरी सञ्चालन गरी सेवा प्रभावकारिता बढाउन सक्नेछन् ।

### ण) बालमैत्री पूर्वाधारमा सहकार्य गर्ने ।

नागरिक समाज संस्थाहरूले बालबालिकाको पहुँच, सुरक्षा र प्रयोगलाई सहज बनाउने पूर्वाधार निर्माणमा स्थानीय तहसँग सहकार्य गर्नुपर्दछ । बालमैत्री शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय, ICT कोठा निर्माणमा संस्थाहरूले सहयोग गर्न सक्दछन् । साथै विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक भवनहरूमा बालमैत्री पहुँच र संकेत चिन्हहरू राख्न विभिन्न संघसंस्थाहरूले सामग्री, डिजाइन र जनश्रम सहयोग गर्न सक्दछन् ।

## ट) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सामाजिक क्षेत्रमा लक्षित अनुदान प्रणालीको सुदृढीकरण

बालमैत्री स्थानीय शासनलाई प्रभावकारी बनाउन सशर्त अनुदान र म्याचिंग फण्डजस्ता वित्तीय संयन्त्रहरू केवल भौतिक पूर्वाधारमा सीमित नरही शिक्षा, स्वास्थ्य, बाल संरक्षण, लैङ्गिक समानता र सामाजिक समावेशिता जस्ता सामाजिक क्षेत्रमा पनि केन्द्रित गरिनु आवश्यक छ । त्यसका लागि सङ्घीय तथा प्रदेश सरकारहरूले अनुदान विनियोजनमा सामाजिक क्षेत्रका सूचकहरूलाई आधार मानेर प्राथमिकता निर्धारण गर्ने स्पष्ट मापदण्ड बनाउने र स्थानीय तहले बाल अधिकारमैत्री योजनाहरू तयार पार्न प्रोत्साहन गरिने नीति अवलम्बन गर्न सिफारिस गरिन्छ ।

अन्त्यमा, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च नेपालले आगामी दिनमा बालमैत्री स्थानीय शासनको एजेण्डालाई मुलधारमा ल्याउन र यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न तीनै तहका सरकारलाई नियमित रूपमा झक्झकाउने अभियान सञ्चालन गर्नेछ । यस अभियान अन्तर्गत मञ्चले नीति, योजना, बजेट र कार्यक्रमहरूमा बालमैत्री सम्बन्धी विषयहरू अनिवार्य रूपमा समावेश गराउन संघ, प्रदेश र स्थानीय तहका सरकारसँग निरन्तर संवाद, समन्वय र निगरानी गर्नेछ । साथै, मञ्चले बाल अधिकार र बालमैत्री शासनको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्न व्यापक राष्ट्रिय स्तरको अभियान चलाउने छ, जसले सरकारहरूको जवाफदेहिता र प्रतिबद्धता सुनिश्चित गर्ने विश्वास गर्न सकिन्छ । यस प्रकारको सक्रिय पहल र दवाबको माध्यमबाट मञ्चले बालमैत्री स्थानीय शासनलाई राष्ट्रिय विकास एजेण्डाको प्रमुख हिस्सा बनाउने र यसको गुणस्तरीय कार्यान्वयनलाई मजबुत बनाउने गरी विस्तृत कार्य योजना समेत तय गर्नेछ ।

# अनुसूची १
## अन्तर्वार्ता गरिएका व्यक्तिहरू :

| क्र.सं. | प्रदेश | स्थानीय तह | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सुदूर पश्चिम प्रदेश | गौरीगंगा नगर पालिका, कैलाली | भावना जोशी | शाखा प्रमुख, महिला तथा बालबालिका शाखा, गौरीगंगा नगरपालिका |
| | | | नरसिंह सार्की | वडा अध्यक्ष, वडा नं. १०, गौरीगंगा नगरपालिका |
| | | | दिपक चर्माकार | बालमैत्री सहजकर्ता, वडा नं. १० |
| २ | कर्णाली प्रदेश | गुराँस गाउँपालिका, दैलेख | टोप बहादुर विसी | गाउँपालिका अध्यक्ष, गुराँस गाउँपालिका |
| | | | कस्तुरा विसी | सोसेक नेपाल फिल्ड अफिसर, गुराँस गाउँपालिका |
| | | | अस्मिता खड्का | मालिका बालक्लब अध्यक्ष तथा महासचिव, कर्णाली प्रदेश बालक्लब सञ्जाल |
| ३ | मधेश प्रदेश | सुरुंगा नगर पालिका, सप्तरी | श्याम प्रसाद शाह | वडा अध्यक्ष, वडा नं. ८, सुरुंगा नगरपालिका |
| | | | रुद्रबहादुर कार्की | नगरपालिका उपप्रमुख |
| ४ | कोशी प्रदेश | उदयपुरगढी गाउँपालिका उदयपुर | दिलबहादुर राना मगर | वडा अध्यक्ष, वडा नं. १, उदयपुरगढी गाउँपालिका |
| | | रौतामाई गाउँपालिका, उदयपुर | कोपिला परियार | अध्यक्ष, वडा बाल क्लब सञ्जाल रौतामाई ७, मुर्कुची |
| | | | हेमन्ता लायमगर | कोषाध्यक्ष, वडा बाल क्लब सञ्जाल रौतामाई ७, मुर्कुची |
| ५ | बागमती प्रदेश | दुधौली नगर पालिका सिन्धुली | चन्द्रकिशोर थारु | उपप्रमुख, दुधौली नगरपालिका |
| | | धुलिखेल नगर पालिका, काभ्रे | अशोक व्यञ्जु | नगरप्रमुख, धुलिखेल नगरपालिका |
| | | | विदुर गौतम | बाल कल्याण अधिकारी, बालमैत्री फोकल पर्सन धुलिखेल नगरपालिका |
| | | | सुवोध धिमाल | बालमैत्री सहजकर्ता, धुलिखेल नगरपालिका काभ्रे |
| ६ | लुम्बिनी प्रदेश | तिलोत्तमा नगर पालिका, रूपन्देही | रवी सेञ्चुरी | नगरकार्यपालिका सदस्य, तिलोत्तमा नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| | | सुनवल नगरपालिका | रेशम शर्मा | बालमैत्री स्थानीय शासन फोकल पर्सन, सुनवल नगर पालिका |
| | | | विपना शर्मा | बालक्लबको पूर्व सदस्य, सह(संयोजक, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च |
| ७ | गण्डकी प्रदेश | कावासोती नगरपालिका | दिपक शर्मा | बालक्लब पूर्व सदस्य, बालमैत्री अभियन्ता |
| ८ | काठमाडौँ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | रेशमलाल कँडेल | उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ९ | काठमाडौँ | राष्ट्रिय बाल अधिकार परिषद् | बम बानियाँ | उपाध्यक्ष, राष्ट्रिय बाल अधिकार परिषद्, नेपाल |

# अनुसूची २
# समूह केन्द्रित छलफल गरिएका व्यक्तिहरूको विवरण

| क्र.सं. | प्रदेश | सहभागीको नाम | संस्था/संलग्नता | कैफियत |
|---|---|---|---|---|
| १. | सुदूर पश्चिम प्रदेश | गौरीगंगा नगरपालिका, कैलाली वडा नं. १० | चन्द्रा धामी | सचिव, मोहन्याल बाल क्लब |
| | | | दिपा भट्ट | अध्यक्ष, मोहन्याल बाल क्लब |
| | | | लक्ष्मी भट्ट | सचिव, लालिगुराँस बाल क्लब |
| | | | पुष्पा धामी | अध्यक्ष, लालिगुराँस बाल क्लब |
| | | | दिपेश भट्ट | उपाध्यक्ष, मोहन्याल बाल क्लब |
| | | | रोशनी धामी | सदस्य, मोहन्याल बाल क्लब |
| २. | मधेश प्रदेश | सुरुंगा नगरपालिका, सप्तरी | रामकुमार चौधरी | वडा अध्यक्ष वडा नं. ११, सुरुंगा नगरपालिका |
| | | | शिवदर्शन पासवान | नगरकार्यपालिका सदस्य |
| | | | भाग्य नयन यादव | स्थानीय अभिभावक, वडा नं. १० |
| | | | सानीदेवी मण्डल | कार्यपालिका सदस्य, सुरुंगा नगरपालिका |
| | | | निर्मला कुमारी चौधरी | कार्यपालिका सदस्य, सुरुंगा नगरपालिका |
| | | | राधाकुमारी राम | कार्यपालिका सदस्य, सुरुंगा नगरपालिका |
| | | | रिंकु यादव | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, सुरुंगा नगरपालिका |
| ३. | मधेश प्रदेश | सुरुंगा नगरपालिका सप्तरी | देवकुमार शाह | अध्यक्ष, नगर बाल सञ्जाल, सुरुंगा नगरपालिका |
| | | | विषमोहन यादव | कोषाध्यक्ष, नगर बाल सञ्जाल, सुरुंगा नगरपालिका |
| | | | प्रशंशा पाण्डे | उपाध्यक्ष, नगर बाल सञ्जाल, सुरुंगा नगरपालिका |
| | | | विश्वेन्द्र पासवान | बालमैत्री सुपरभाईजर, सुरुंगा नगरपालिका |

# अनुसूची ३
# अध्ययनको समयका तस्बिरहरू




















बाल संरक्षण नीति
सबल नेपाल


“ सरसफाई गरौं, रोगबाट बचौं ”
* खाना खानुअघि, शौचालय गएपछि, फोहोर कुरा छोएपछि, बच्चाको दिसा धोएपछि साबुन पानीले राम्ररी हात धोऔं। * शुद्ध पानी पिऔं, पानीबाट हुने रोगबाट बचौं।
बालमैत्री नगर निर्माणको लागि प्रतिबद्ध बनौं।
अनुरोधकर्ता- सु.न.पा. १० नं. वडा कार्यालय, पटेर्वा




गराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रानिमता दैलेख



सुरुङ्गा नगरपालिका वडा नं. १० सिस्वा थल्हामा अवस्थित श्री जनता आधारभूत विधालयमा बालबालिका बिरुद्ध कुनै पनि हिंसा, बेचबिखन, शोषण बेवास्ता र दुर्व्यवहार गर्ने, गराउने छैनौ। विधालय तथा वडालाई पूर्ण बालमैत्री बनाउनका लागि हामी सबै प्रतिवद्ध रहनेछौ।
हाम्रो प्रतिवद्धता
हस्ताक्षर :


सुरुङ्गा नगरपालिका
विद्यालयको नाम :
प्रधानाध्यापक र शिक्षकहरूले पालना गर्नुपर्ने नियमहरू
(आचार संहिता)
प्रधानाध्यापक र शिक्षकहरूले सँधै गर्नुपर्ने


बालबालिकाको सहभागिताको अधिकार
बालबालिकाको बाँच्न पाउने अधिकार
संस्थागत विकासका सूचकहरु
पाँचौं चरण : घोषणा र दिगोपना
दोस्रो चरण : तयारी


"बालमैत्री समाजको आधार: जिम्मेवार परिवार, उत्तरदायि सरकार"
गौरीगङ्गा नगरपालिका
बालमैत्री स्थानीय शासन उदासीपुर-१०
नर सिंह सार्की ९८६५६३१७३७
वडा अध्यक्ष
संयोजक
बाल अधिकार समिति
संयोजक
बालमैत्री स्थानीय शासन वडा समिति
तिलाराम चौधरी
९८६५६३०३१०
वडा सदस्य
एवम्
बालमैत्री सम्पर्क व्यक्ति
चन्द्रकिरण चौधरी ९८४८४७६९१८
वडा सचिव
एवम्
सदस्य सचिव
बालमैत्री स्थानीय शासन वडा समिति
दिपक चर्मकार
९८४४१४३०४९
बालमैत्री वडा सहजकर्ता




वडा नं.-१० को कार्यालय
सुरुङ्गा नगरपालिका, सप्तरी
मधेश प्रदेश, नेपाल
प्रशंसा-पत्र


"बालमैत्री स्थानीय शासन पद्धती र व्यवहार: समृद्ध सुरुङ्गाको आधार"
सुरुङ्गा नगरपालिका
१० नं. वडा कार्यालय
पटेर्वा, सप्तरी
मधेश प्रदेश, नेपाल
बालमैत्री वडा घोषणा कार्यक्रम-२०८२
सम्मान-पत्र
बालबालिकाको संरक्षण र सम्बर्द्धन गर्ने मुख्य उद्देश्यका साथ यस वडालाई बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा गर्नका लागि तपाईले खेल्नु भएको महत्वपूर्ण भुमिकालाई उच्च मुल्याङ्कन गर्दै स-धन्यवाद सहित यो सम्मान पत्र प्रदान गरिएको छ ।
साथै अगामी दिनमा तपाईको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
चन्द्र नारायण यादव
वडा अध्यक्ष
गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत
रुद्र बहादुर कार्की
नगर उप-प्रमुख
गीता चौधरी
नगर प्रमुख



# सन्दर्भ सामग्रीहरू


नेपालको संविधान, २०७२

बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९

बालबालिका सम्बन्धी ऐन, २०७५, नियमाली, २०७८

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९

बालश्रम (निषेध र नियमित) ऐन, २०५६

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

सोह्रौं योजना (२०८१/८२-२०८५/०८६)

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७)

दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०)

राष्ट्रिय बालबालिका नीति, २०८०

बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७९

राष्ट्रिय शिक्षा नीति, २०७६

शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७७

राष्ट्रिय स्वास्थ्य नीति, २०७६

बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२

नोट :-

नोट :-

N CFLG Forum

• For the Children •

**प्रकाशक:**

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च

World Vision

**प्रकाशन सहयोगी:**

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

9789937191586

ISBN